राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
१२६ वर्ष प्रवेश
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विवेचना | बैङ्किङ क्षेत्रका नयाँ आयाम | 'आफ्नै आम्दानीबाट देश बनाउने बजेट' १४

वर्ष १२६ | अङ्क १०० | २०८३ साल साउन २९ गते शुक्रबार | श्रावण शुक्ल द्वितीया | नेपाल संवत् ११४६ गुँलाथ्व २ | 2026 August 14 Friday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# सञ्चार क्षेत्रमा रूपान्तरणकारी वर्ष

मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयकको तयारी ।

सञ्चार र दूरसञ्चारलाई परिणाममुखी बनाउन नीतिगत सुधार गर्ने ।

फाइभजी सेवा विस्तार गर्ने तयारी ।

दूरसञ्चार प्राधिकरणलाई बलियो र नियमनकारी भूमिकामा प्रभावकारी बनाउने ।




चलचित्र विधेयक संसद्मा दर्ता गराई समितिमा छलफलमा ।

हुलाक सेवा अन्तर्गत सरकारी कुरियर सेवा प्रभावकारी र आधुनिक ।

वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न नियमन ।

सूचना प्रविधि, साइबर सुरक्षा र एआईसम्बन्धी विधेयकका मसौदा तयार ।

**अशोक अधिकारी**
*काठमाडौँ, साउन २८ गते*

सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार र दूरसञ्चारका सन्दर्भमा चालु आर्थिक वर्ष २०८३/८४ लाई 'रूपान्तरणकारी वर्ष' का रूपमा अगाडि बढाउने मार्गचित्रलाई कार्यान्वयनको दिशा प्रदान गरिरहेको छ । मन्त्रालयले नागरिकको जीवनसँग जोडिएका मुद्दा सम्बोधन गर्नकै लागि शासकीय सुधारका १०० मार्गचित्रको जगमा शासकीय सुधार, संस्थागत सुधार, सार्वजनिक सेवा प्रवाह सुधार, प्रशासनिक सरलीकरण, डिजिटल रूपान्तरणको नवीन अध्याय आरम्भ गरेको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाका अनुसार यस वर्षलाई सफल, सबल, सन्तुलन, जनमुखी, नागरिकप्रति उत्तरदायी र जवाफदेही सेवा प्रवाहको उद्देश्य कार्यान्वयन अगाडि बढाउने गृहकार्य भइरहेको छ। उहाँले आमसञ्चार र दूरसञ्चार क्षेत्रलाई सोही दिशामा अगाडि बढाउने, राष्ट्रिय स्वार्थ र जनस्वार्थबाट निर्देशित हुनका लागि सम्पूर्ण सुधारका कार्य अघि बढाइने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेसम्म भएका प्रारम्भिक कार्यको समीक्षा गर्दै नीति, ऐन, कानुनलाई समयसापेक्ष परिवर्तनका पक्षमा अघि बढाइने छ। समग्रमा सञ्चार र दूरसञ्चारको क्षेत्रका लागि यो वर्षलाई ट्रान्सफर्मेसनल इयर (रूपान्तरणकारी वर्ष) बनाउने गरी कार्यसम्पादन अगाडि बढाइएको छ।"

### सय दिनका सुधार कार्य

सूचना तथा सञ्चार मन्त्रालयले नीति, कानुन, कार्यविधि, मापदण्ड, निर्देशिका तथा आर्थिक, सामाजिक, पूर्वाधार, लगानी, रोजगारी सिर्जना, नवप्रवर्तन तथा विकास व्यवस्थापनका क्षेत्रमा सुधारका काम अगाडि बढाएको छ । सरकारले १०० दिनका लागि निर्धारण गरेको शासकीय सुधारका १०० बुँदे मार्गचित्रका आधारमा सूचना तथा सञ्चार मन्त्रालयले सम्बन्धित कार्यको कार्यान्वयनमा उत्साहजनक प्रगति हासिल गरेको छ। मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी रवीन्द्रप्रसाद पौड्यालका अनुसार नागरिक सेवा प्रवाहलाई सरल, छिटो र प्रविधिमैत्री बनाउन महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्। उहाँले हुलाक सेवामा सुधार गरी घरदैलोमै सेवा दिने, डिजिटल सुशासन र कानुनी सुधार गर्ने, स्मार्ट लाइसेन्सको छपाइमा तीव्रता, नेपाल टेलिकमको सेवा र प्रविधि विस्तार तथा प्रशासनिक सुधार र पारदर्शी बनाउने कार्य अगाडि बढेको बताउनुभयो।

### हुलाक सेवामा सुधार

मन्त्रालयको सुधार कार्ययोजना अनुसार हुलाक सेवा विभागले सञ्चालन गरिरहेको सरकारी कुरियर सेवालाई प्रभावकारी र आधुनिक बनाइएको छ । विभागले साउन २५ गतेसम्म देशभरका विभिन्न जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४४ हजार ६१९ थान राहदानी ढुवानी गरेको छ; जसमा आठ हजार ४५३ थान हुलाकमार्फत घर घरमै पुऱ्याइएको छ।

जिल्लास्थित यातायात कार्यालयमा १० लाख ३८ हजार ८०८ थान सवारीचालक अनुमतिपत्र ढुवानी गरिएकामध्ये एक हजार ९७ थान हुलाकमार्फत घर घरमा पुऱ्याइएको छ। शैक्षिक प्रमाणपत्र २६४, सम्झौता भएका १७ अस्पतालमा एक हजार ४७७ स्वास्थ्य प्रयोगशालाको नमुना ढुवानी, १३० बोरा स्वास्थ्य बिमा बोर्डको सामग्री ढुवानी र ४४ हजार १८४ थान राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका सामग्री ढुवानी गरिएको छ। मन्त्री डा. तिमिल्सिनाले आधुनिक कुरियर र ढुवानी सेवामा हुलाकको प्रवेशले नागरिकलाई सरकारी सेवा प्राप्त गर्न सहज हुने बताउनुभयो।

### विधेयक तर्जुमा र सहज सेवा प्रवाह

सूचना तथा सञ्चार मन्त्रालयले सूचना प्रविधि, साइबर सुरक्षा र आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बुद्धिमता) सम्बन्धी विधेयकका मसौदा तयार गरी अगाडि बढाएको छ । सेवा प्रवाहमा समयको बचत, प्रसारण इजाजत र चलचित्र जाँचपास जस्ता तीनदेखि सात दिन लाग्ने सेवालाई पुनर्संरचना गरी हाल एकदेखि तीन दिनभित्रै उपलब्ध गराउन थालिएको छ।

बाँकी पृष्ठ २ मा

## 'यसै वर्ष फाइभजी सेवा'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सञ्चार र दूरसञ्चारको क्षेत्रमा नीतिगत सुधार एवं प्रविधिको व्यापक विकास गरी नागरिकले प्रत्यक्ष अनुभूत गर्ने गरी काम अगाडि बढाइएको बताउनुभएको छ । गोरखापत्रसँगको विशेष संवादमा उहाँले प्रमाणमा आधारित र वैज्ञानिक हस्तक्षेपमार्फत मन्त्रालय अन्तर्गतका सञ्चार र दूरसञ्चार क्षेत्रका नवीनतम रूपान्तरणको उद्घोष गर्नुभएको हो।

उहाँले एक वर्षभित्रै सञ्चार र दूरसञ्चारका क्षेत्रमा परिणाममुखी काम हुने बताउँदै नीतिगत अड्चन हटाएर र सरोकारवालासँगको व्यापक विमर्शका आधारमा योजनाबद्ध रूपमा काम अगाडि बढाइने बताउनुभयो । उहाँले मन्त्रालयले राष्ट्रिय स्वार्थ र जनहितलाई केन्द्रमा राखेर काम गर्ने सङ्कल्प गर्नुभयो। उहाँका अनुसार प्रविधिको विस्तार, कानुनी सुधार र सार्वजनिक सेवाको सरलीकरणको लक्ष्य निर्धारण गरिएको छ। उहाँले दूरसञ्चार क्षेत्रमा आमूल परिवर्तन र 'फाइभजी' को तयारीमा सरकार रहेको बताउनुभयो।

बाँकी पृष्ठ २ मा


**डा. विक्रम तिमिल्सिना**
सूचना तथा सञ्चारमन्त्री

"नेपाल टेलिकमको क्षमता अभिवृद्धि गर्ने र फोरजी सेवामा देखिएका समस्या समाधान गर्दै नेपालमा पहिलो पटक फाइभजी सेवाको औपचारिक सुरुवात गर्ने तयारी भइरहेको छ ।"

## थवाङमा पहिरो
# दस जनाको मृत्यु


*तस्बिर : जिल्ला प्रहरी कार्यालय, रोल्पा*
**पहिरो प्रभावित क्षेत्रमा उद्धार गर्दै सुरक्षाकर्मी र स्थानीयवासी ।**

**लक्ष्मण पौडेल/सलिम मियाँ**
*भैरहवा, साउन २८ गते*

अविरल वर्षासँगै रोल्पाको थवाङ गाउँपालिका–५, कोटलबारामा गएको पहिरोमा परी १० जनाको मृत्यु, तीन जना बेपत्ता र दुई जना घाइते भएका छन्।

बुधबार साँझ लेदोसहितको पहिरो खसेर घर तथा गोठ पुरिँदा ठुलो मानवीय क्षति भएको हो । पहिरोमा परी स्थानीय १८ वर्षीय शान्ति पुनमगर, ६० वर्षीय कमलबहादुर पुनमगर, ८५ वर्षीय हस्तकला रोका मगर, ८० वर्षीय मनखना पुनमगर र ७५ वर्षीय दलबहादुर पुनमगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ।

पहिरोमा परी बेपत्ता भएका पाँच जनाको शव भने प्युठानस्थित माडी र लुङ्ग्री खोलाको किनारमा फेला परेको छ। जिल्ला प्रहरी कार्यालय प्युठानका प्रमुख तथा प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीका अनुसार फेला परेका शव सनाखत हुनेमा रोल्पाको थबाङ गाउँपालिका–५ कोटलबारा निवासी सात वर्षीय अशोक पुनमगर, ३४ वर्षीय महेन्द्र घर्ती, ६६ वर्षीया मनि पुनमगर, ३४ वर्षीय विष्णु पुन भन्ने जुनकुमारी मगर र ८० वर्षीय बलबहादुर पुनमगर रहेका छन्। प्रहरीका अनुसार अशोक पुनमगरको सनाखत उहाँका काका कृष्ण पुनमगरले, महेन्द्र घर्तीमगरको सनाखत भान्जा कृष्ण पुनमगरले, मनी पुनमगरको सनाखत छोरा गोबबहादुर पुन मगर, विष्णु पुनको सनाखत मामा गोबबहादुर पुनमगर र बलबहादुर पुनमगरको सनाखत भतिज गोबबहादुर पुनमगरले गर्नुभएको हो।

बिहीबार बिहान स्वर्गद्वारी नगरपालिका–९, जुडापाटा, स्वर्गद्वारी–३, किमिचौर र स्वर्गद्वारी–४, गोठीबाङस्थित माडी खोलाको किनारमा तीन जनाको शव फेला परेका थिए । त्यसै गरी स्वर्गद्वारी–५, सरोजास्थित लुङ्ग्री खोलाको किनार र माण्डवी गाउँपालिका–५, अर्दुसस्थित माडी खोलाको किनारमा थप एक एक जनाको शव फेला परेको थियो। शव फेला परेपछि इलाका प्रहरी कार्यालय भिङ्ग्री, प्रहरी चौकी लामाचौर, इलाका प्रहरी कार्यालय बिजुवार तथा चकचकेबाट प्रहरी टोली घटनास्थलमा परिचालन गरिएको थियो।

बाँकी पृष्ठ २ मा

### रास्वपाद्वारा दुःख व्यक्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रोल्पाको थवाङ गाउँपालिका–५, कोतलाबाङमा पहिरोमा परी १० जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गर्दै विपत्को समयमा नागरिकको अभिभावक बन्न सरकारलाई आग्रह गरेको छ । रास्वपाका महामन्त्री विपिन आचार्यले बिहीबार जारी गर्नुभएको विज्ञप्तिमा मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । बेपत्ताको खोजी कार्यलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षणसमेत गराइएको छ।

उद्धारमा खटिएका सुरक्षाकर्मी र स्थानीय नागरिकको प्रयासको प्रशंसा गर्दै रास्वपाले विपत् आएपछि मात्र राज्य संयन्त्र सक्रिय हुने पुरानो कार्यशैली अन्त्य गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ। रास्वपाले विपत् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन, जोखिमयुक्त बस्ती पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत र निःशुल्क उपचारको व्यवस्था मिलाउन सङ्घ, प्रदेश र स्थानीय सरकारलाई आग्रह गरेको छ।

## पूर्वप्रम देउवा स्वदेश फिर्ता


**शेरबहादुर देउवा**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा स्वदेश फर्किनुभएको छ। उहाँ साढे पाँच महिनाभन्दा लामो हङकङ र सिङ्गापुर बसाइपछि बिहीबार स्वदेश फर्किनुभएको हो।

नेता देउवा २०८२ फागुनमा स्वास्थ्योपचारका लागि सिङ्गापुर जानुभएको थियो। त्यसपछि उहाँले हङकङ गएर थप उपचार गराउनुभयो। २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा नेता देउवा र उहाँकी पत्नी एवं पूर्वमन्त्री डा. आरजु राणा देउवा घाइते हुनुभएको थियो।

काठमाडौँ फर्किएपछि अपिल जारी गर्दै उहाँले आफू सत्ता प्राप्तिका लागि नभई राष्ट्रिय एकतालाई सुदृढ गर्न र परिवर्तनलाई सही व्यवस्थापन गर्न सक्रिय रहने बताउनुभएको छ । उहाँले आफू पूर्ण स्वस्थ भएर फर्केको जानकारी दिनुभएको छ। उहाँले पार्टीभित्र मनोबल बढाउन, मेलमिलाप र एकताका पक्षमा उभिने बताउनुभएको छ।

बाँकी पृष्ठ २ मा

# सुरुमा नौलो, बानी परेपछि सहज

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, साउन २८ गते*




आन्तरिक परीक्षाको सट्टा विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने गरी वैकल्पिक मूल्याङ्कन प्रणालीको विकास गरिएको छ ।

सरकारले कक्षा पाँचसम्म अध्ययनरत विद्यार्थीलाई आन्तरिक परीक्षा लिन बन्द गरेपछि मूल्याङ्कनका लागि विद्यालयहरूले वैकल्पिक विधि अनुसरण गर्न थालेका छन्।

सुरुमा वैकल्पिक विधिबाट विद्यार्थीको मूल्याङ्कन गर्न असहज महसुस भए पनि अहिले भने बानी परेको यसमा संलग्न शिक्षकहरूले प्रतिक्रिया दिएका छन् तर एकै कक्षामा धेरै विद्यार्थी भएको विद्यालयमा भने झन्झटिलो भएको अनुभव पनि शिक्षकहरूको रहेको छ।

गत चैत १३ गते बसेको मन्त्रीपरिषद्को बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीले कक्षा पाँचसम्म आन्तरिक परीक्षा लिने कार्य पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको थियो । आन्तरिक परीक्षाको सट्टा विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने गरी वैकल्पिक मूल्याङ्कन प्रणालीको विकास गर्ने उक्त कार्यसूचीको बुँदा नम्बर ८९ मा उल्लेख छ।

सोही अनुसार विद्यार्थीको मूल्याङ्कन सुरु गरिएको विद्यालयहरूको भनाइ छ । झौँछेस्थित बालसेवा माध्यमिक विद्यालयका प्रधानाध्यापक मञ्जु पाठकले विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्न अप्ठ्यारो नभएको तर शिक्षकहरूलाई कार्यबोझ भने बढेको बताउनुभयो । हरेक विद्यार्थीको छुट्टै अभिलेख व्यवस्थापन गर्नुपर्ने भएका कारण यसमा संलग्न शिक्षकलाई बोझ बढेको उहाँको भनाइ छ। तर यसअघि पनि कक्षा १ देखि ३ सम्म निरन्तर मूल्याङ्कन प्रणाली (क्यास) मार्फत विद्यार्थीको मूल्याङ्कन गरिरहेको हुनाले नौलो काम नभएको पाठकले बताउनुभयो । सरकारले शासकीय सुधारसम्बन्धी कार्यसूची सार्वजनिक गरेपछि विद्यार्थीको मूल्याङ्कनलाई सहज बनाउन शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले विकास गरेको कक्षा ४ र ५ का विद्यार्थी मूल्याङ्कनसम्बन्धी मार्गदर्शन, २०८३ जारी गरेको थियो।

मार्गदर्शनमा विद्यार्थी मूल्याङ्कनका लागि कक्षा सहभागिता, लिखित तथा मौखिक कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यवहार अवलोकन, विद्यार्थी कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, स्व र सहपाठी मूल्याङ्कन तथा अभिभावकको प्रतिक्रियालगायत उपाय सुझाइएको छ।

त्रिपुरेश्वरस्थित विश्वनिकेतन माध्यमिक विद्यालयका प्रधानाध्यापक हेरम्बराज कडेलले सोही मार्गदर्शन अनुसार शिक्षकलाई तालिम दिएर विद्यार्थीको मूल्याङ्कन गरिएको बताउनुभयो । आन्तरिक मूल्याङ्कन प्रणाली अवलम्बन गरिए पनि हरेक विद्यार्थीको त्रैमासिक रूपमा परीक्षाको नतिजा जसरी नै 'रिपोर्ट कार्ड' बनाएर अभिभावकलाई दिन लागिएको उहाँले बताउनुभयो।

परीक्षाको जस्तो रिपोर्ट कार्ड नबनाउँदा विद्यार्थीले नपत्याउने र उनीहरूको सिकाइ स्तरमै असर पर्ने हो कि भन्ने चिन्ता बढेको कडेलको भनाइ छ। यसअघिको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा १ देखि ३ सम्म एक प्रकारको र कक्षा ४ र ५ मा एक प्रकारको मूल्याङ्कनको प्रारूप तयार पारेको थियो। कक्षा १ देखि ३ सम्म शतप्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीलाई नै मानिएको थियो भने कक्षा ४ र ५ मा आन्तरिक र बाह्य मूल्याङ्कन ५०/५० प्रतिशतलाई मानिएको थियो । कक्षा ५ सम्मै शतप्रतिशत आन्तरिक मूल्याङ्कन गर्नु परेपछि हरेक विद्यार्थीको छुट्टै अभिलेख फाइल तयार गर्नुपर्ने हुन्छ। थोरै विद्यार्थी भएका कक्षामा यो कार्य सजिलो भए पनि धेरै विद्यार्थी भएको कक्षामा भने कठिन हुने गरेको बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णु घिमिरेले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो जस्तो ठुलो विद्यालयमा एकै कक्षामा ५० जनासम्म विद्यार्थी छन्।

बाँकी पृष्ठ २ मा

अन्तर्राष्ट्रिय

## मृत्युदण्ड रोक्न इरानलाई बत्तिस देशको चेतावनी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

इरानमा प्रदर्शनकारीलाई मृत्युदण्ड दिने क्रम बढेको छ। फ्रान्स, बेलायत र क्यानडासहित ३२ देशले त्यसको कडा निन्दा गर्दै तेहरानलाई मृत्युदण्डको प्रयोग तत्काल रोक्न र कानुनी आधारबिना हिरासतमा राखिएका सबैलाई रिहा गर्न चेतावनी दिएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

युरोपेली सङ्घ (इयु) का विदेश नीति प्रमुख काजा कालाससहित ती देशले बजारी गरेको संयुक्त वक्तव्यमा इरान सरकारले मृत्युदण्डलाई असहमति दबाउने, समुदायमा भय सिर्जना गर्ने तथा मानव अधिकार प्रयोग गर्ने व्यक्तिलाई सजाय दिने माध्यम बनाएको आरोप लगाइएको छ।

बाँकी पृष्ठ २ मा

### अग्रलेख

**उदाउँदो लगानी गन्तव्य**

नेपालमा रहेको पर्याप्त सम्भावनालाई उत्पादनशील लगानी, रोजगारी र आर्थिक समृद्धिमा कसरी रूपान्तरण गर्ने भन्ने हो । अर्थशास्त्रीय दृष्टिले लगानी कुनै पनि अर्थतन्त्रको उत्पादन क्षमता विस्तार गर्ने प्रमुख माध्यम हो।

● **डा. शोभाकर पराजुली**

विचार पृष्ठ ४

# सांस्कृतिक कूटनीति

गोरखापत्र समाचारदाता
*काठमाडौँ, साउन २८ गते*

प्रधानमन्त्री वालेन्द्र शाहलाई केही दिनअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मधुवनी चित्रकला उपहार पठाउनुभयो। जुन शिष्टाचार भेटका क्रममा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले प्रधानमन्त्री शाहलाई हस्तान्तरण गर्नुभएको छ।

त्यो चित्रकला मात्र उपहार थिएन। दुई देशबिच सताब्दिऔँदेखि कायम सामाजिक–सांस्कृतिक समानताको प्रतीक हो। नेपालको सिमाना छोएको मधुवनी र नेपालको मिथिला क्षेत्रको सामाजिक, सांस्कृतिक अन्तरघुलनको उदाहरण उक्त चित्रकला रहेको अध्येता सगुनीसिंह शाक्य औँल्याउनुहुन्छ। उहाँले नेपालको सौम्य कूटनीति प्रवर्धन गर्ने महत्त्वपूर्ण अभ्यास तथा तिनको प्रवर्धनको अवस्थाका बारेमा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानमार्फत अध्ययन पनि गर्नुभएको छ।

उहाँले भन्नुभयो, "भारतका प्रधानमन्त्री मोदीले पठाउनुभएको मधुवनी चित्र नेपालमा मिथिला चित्रकलाका नाममा प्रख्यात छ, उहाँको भारत भ्रमण हुँदा नेपालको मिथिला कला त्यसरी नै उपहार दिएर छिमेकीबिच अपनत्व जगाउन सकिन्छ।" मिथिला कलाका अभ्यस्थकर्ता कलाकार एससी सुमनका अनुसार मिथिला कला र मधुवनी कला उही स्थानीय भाव बोक्ने कला हो। उहाँले थप्नुभयो, "मधुवनी कला जिल्लाबाट उद्भव भए जसरी नेपालको जनकपुर अर्थात् मिथिला क्षेत्रबाट मिथिला कला उद्भव भएको हो।" दुवै कलाको कारिगरीमा खासै फरक छैन्। दुवैले स्थानीय पर्व, चलन र अभ्यासको झझल्को दिलाउँछ। पशुपतिनाथमा हिन्दु धर्म संस्कृति अवलम्बन गर्ने छिमेकी भारतसहित विश्वभरका हिन्दु समुदायको आस्था र विश्वास अगाध रूपले अडिएको धर्मसंस्कृतिविद् डा. गोविन्द टन्डन बताउनुहुन्छ। छिमेकी चीन, जापान, थाइल्यान्डलगायत बुद्ध अनुयायी मुलुकका नागरिक लुम्बिनीलाई स्वर्ग मान्ने गरेको लुम्बिनी क्षेत्र विकास कोषका सूचना अधिकारी चुडामणि भट्टराईको कथन छ।



*तस्बिर : नेपालका लागि भारतका राजदूतको सामाजिक सञ्जालबाट।*

**प्रधानमन्त्री वालेन्द्र शाहलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पठाउनुभएको मधुवनी चित्रकला हस्तान्तरण गर्नुहुँदै नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव।**

# अतिरिक्त पैसा बुझाउनुपर्ने अवस्थाको अन्त्य

गोरखापत्र समाचारदाता
*काठमाडौँ, साउन २८ गते*

सरकारी कार्यालय वरिपरि अनधिकृत रूपमा शुल्क लिएर वा नलिई निवेदन तयार गरिदिने, फाराम भरिदिने, तोकिएका आवश्यक कागजात मिलाइदिने वा सेवा प्राप्त गराइदिने कार्यमा संलग्न व्यक्ति वा संस्थालाई पूर्ण रूपमा बन्देज।

सरकारी कार्यालयहरूमा अबदेखि निवेदन दिन वा फाराम भर्नकै लागि सेवाग्राहीले अनधिकृत व्यक्तिको भर पर्नु नपर्ने र अतिरिक्त पैसा पनि बुझाउनु नपर्ने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी सेवालाई सहज र प्रविधिमैत्री बनाउँदै नागरिकको समय, श्रम र लागत न्यूनीकरण गर्न ल्याएको 'सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३' मा यस्तो व्यवस्था गरिएको हो।

मार्गदर्शन अनुसार कुनै पनि सरकारी कार्यालय वरिपरि अनधिकृत रूपमा शुल्क लिएर वा नलिई निवेदन तयार गरिदिने, फाराम भरिदिने, तोकिएका आवश्यक कागजात मिलाइदिने वा सेवा प्राप्त गराइदिने कार्यमा संलग्न व्यक्ति वा संस्थालाई पूर्ण रूपमा बन्देज लगाइएको छ। मार्गदर्शन सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायमा कार्यान्वयनका लागि निर्देशनसमेत भइसकेको प्रधानमन्त्री कार्यालयले जनाएको छ। सेवाग्राही आफैँले फाराम भर्न नसकेमा वा आवश्यक कागजात बुझ्न नसकेको अवस्थामा निःशुल्क सहयोग गर्नका लागि प्रत्येक सरकारी कार्यालयमा अनिवार्य रूपमा 'सेवाग्राही सहायता कक्ष' स्थापना गर्नुपर्ने पनि मार्गदर्शनमा उल्लेख छ।

यस्तै कार्यालयका कुनै पनि कर्मचारीले कानुनबमोजिम बाहेक सेवाग्राहीलाई कुनै निश्चित व्यक्ति, संस्था वा सेवाप्रदायकसँग सम्पर्क गर्न वा सेवा लिनका लागि सिफारिस, निर्देशन वा बाध्य पार्न पाउने छैनन्। कार्यालय परिसरभित्र वा वरिपरि अनधिकृत रूपमा मध्यस्थता गर्ने कार्यलाई निरुत्साहित गर्न सम्बन्धित कार्यालयले आवश्यक व्यवस्थापकीय तथा सुरक्षा उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था पनि यसमा गरिएको छ। यस्तै सरकारी कार्यालयबाट सेवा लिन आवश्यक पर्ने निवेदनका ढाँचाका लागि सेवाग्राहीले कुनै शुल्क तिर्नुपर्ने छैन। सरकारी कार्यालयले निश्चित सङ्ख्यामा निवेदनको निर्धारित ढाँचा सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराउनुपर्ने तथा धेरै सङ्ख्यामा माग भएको खण्डमा भने दुरुपयोग रोक्नका लागि तोकिएको दस्तुर लाग्न सक्ने व्यवस्था गरिएको छ।

यसका साथै कार्यालयमा राखिएका कम्प्युटर वा डिजिटल किओस्कको प्रयोग गर्दै सेवाग्राही आफैँले फाराम डाउनलोड गर्न, भर्न, प्रिन्ट गर्न वा अनलाइन आवेदन दिन सक्ने गरी 'स्वसहायता सेवा' को पनि व्यवस्था गरिने छ। कागजरहित सेवाप्रवाहलाई मूर्त रूप दिन सबै कार्यालयले आफ्ना निवेदनका ढाँचा वेबसाइट, क्युआर कोड र विद्युतीय फारामका रूपमा डाउनलोड गर्न तथा अनलाइनमार्फत नै आवेदन पेस गर्न मिल्ने गरी राख्नुपर्नेमा जोड दिइएको छ।

सरकारको यो कदमले सरकारी कार्यालयबाहिर बसौँदेखि प्रभाव जमाइरहेका अनधिकृत व्यक्तिलाई निरुत्साहित गर्नुका साथै नागरिकले बिनाकुनै झन्झट र अतिरिक्त खर्च निवेदन दिने तथा फाराम भर्न सक्ने विश्वास गरिएको छ।

# पत्रकार श्रेष्ठलाई तीन दिन म्याद थप

गोरखापत्र समाचारदाता
*काठमाडौँ, साउन २८ गते*

आस्था मिडियाका अध्यक्ष तथा जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौँले प्रहरीलाई अनुमति दिएको छ।

यस्तै प्रेस काउन्सिल नेपालले सञ्चार माध्यमको कार्यालयमा हातहतियारसहित प्रवेश गरी कम्प्युटरलगायत सामग्री जफत गरिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। काउन्सिलका प्रवक्ता दीपक खनालले बिहीबार जारी गर्नुभएको विज्ञप्तिमा पत्रकार तथा सञ्चार माध्यमले व्यावसायिक आचारसंहिता उल्लङ्घन गरेमा काउन्सिलमा उजुरी गर्न सकिने कानुनी व्यवस्था रहेको स्मरण गराइएको छ।

वैयक्तिक गोपनीयतासम्बन्धी कसुर गरेको आरोपमा श्रेष्ठलाई प्रहरीले बुधबार राति उहाँकै निवास ललितपुरको नक्खुबाट पक्राउ गरेको थियो। श्रेष्ठ पक्राउको विरोधमा नेपाल पत्रकार महासङ्घलगायतका पत्रकार सङ्घ संस्थाले बिहीबार प्रहरीपरिसर घेराउ गर्दै धर्ना दिएका छन्।

# सातको दुई दिन बिदा 'पुनरवलोकनको गृहकार्य भएको छैन'

गोरखापत्र समाचारदाता
*काठमाडौँ, साउन २८ गते*



**कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम**

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सरकारले साताको दुई दिन बिदा दिने निर्णयमा पुनरवलोकन सम्बन्धमा कुनै गृहकार्य नगरेको प्रस्ट्याउनुभएको छ। उहाँले साताको दुई दिनको बिदाले विद्यार्थीको विद्यालय जाने समय तथा पाठ्यक्रम समयमै सम्पन्न नहुने र सरकारी सेवामा मितव्ययीलगायतका विषयमा सरकारको ध्यानाकर्षण भए पनि सो विषय पुनरवलोकन सम्बन्धमा कुनै गृहकार्य नभएको प्रस्ट्याउनुभयो।

राष्ट्रिय सभामा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गौतमले सभाका सदस्यले राखेको जिज्ञासाको जवाफ दिनुभएको थियो। जवाफमा मन्त्री गौतमले विद्यार्थी विद्यालयमा मात्रै पढ्छ भन्ने अवधारणाबाट बाहिर निस्किनुपर्नेमा जोड दिनुभयो। उहाँले विद्यार्थीको सिर्जनशीलता बढ्ने स्थान विद्यालय मात्रै नभई समाजसमेत रहेकाले विद्यालय बिदाको दिन समाजमा घुलमिल हुँदा आफ्नै प्रकारको वृत्तिविकास भइरहेको बताउनुभयो।

इन्धन आपूर्तिमा असहजताले निम्तिएको परिस्थितिमा समस्या समाधानका लागि साताको दुई दिन बिदा दिने सरकारले निर्णय गरेको थियो। मन्त्री गौतमले भन्नुभयो, "तत्काललाई दुई दिनको बिदा पुनरवलोकन गर्ने कुनै गृहकार्य भएको छैन्। सरकारले निर्णय गर्ने समयमा यस विषयमा सभाका सदस्यले गराएको ध्यानाकर्षणलाई ध्यान दिइने छ।"

सभाका सदस्य भुवनबहादुर सुनारले दलित समुदायको हक अधिकार तथा विकास सम्बन्धमा सदनबाट पारित सङ्कल्प प्रस्तावको कार्यान्वयन सम्बन्धमा मन्त्रीको जवाफ माग्नुभयो। मन्त्री गौतमले मन्त्रीपरिषद्को चैत १३ गतेको बैठकले शासकीय सुधारसम्बन्धी एक सयबुँदे कार्यसूचीमा दलित समुदायसँग औपचारिक क्षमायाचना गर्नेसहित सुधारका कार्यक्रम ल्याउने विषय समावेश गरिएको जानकारी गराउनुभयो।

मन्त्री गौतमले भन्नुभयो, "यसलाई प्राथमिकता दिँदै संवैधानिक, नीतिगत, कानुनी र कार्यक्रमिक व्यवस्थासहित स्थितिपत्र तयार गरिएको छ। कानुन आयोगबाट दलितको हक अधिकारसम्बन्धी विधेयक तर्जुमा भई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा प्राप्त भएको छ। विधेयकको मसौदालाई विधायन ऐन अनुसार तयार गर्न विज्ञसहितको समिति गठन भएको छ।"

मन्त्री गौतमले विधेयकले दलितको हक तथा अधिकारका विषयवस्तु समेट्ने जानकारी गराउँदै आव २०८३/८४ को बजेटमा दलितलाई प्राथमिकतामा राखेर सञ्चालन गरिने कार्यक्रमबारे जानकारी गराउनुभयो। सभाको बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले 'आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयक, २०८३ माथि विचार गरियोस्' प्रस्ताव प्रस्तुत गरेपछि सो प्रस्तावमाथि छलफल गरेको छ। राष्ट्रिय सभाको अर्को बैठक भदौ १ गते सोमबार बस्ने गरी स्थगित भएको छ।

**संसदीय उपसमितिको सुझाव**

# १२० दिनमा मुद्दा नटुङ्गिए धरौटी सुविधा

गोरखापत्र समाचारदाता
*काठमाडौँ, साउन २८ गते*

बालबालिकासम्बन्धी कसुरका मुद्दा १२० दिनभित्र अदालतले फैसला गर्न नसके गम्भीर अभियोगबाहेक अन्यमा धरौटी वा तारिखमा राख्ने व्यवस्था गर्न संसदीय उपसमितिले सुझाव दिएको छ। प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समिति अन्तर्गतको उपसमितिले तोकिएको अवधिमा मुद्दाको अन्तिम टुङ्गो नलागे अभिभावक, संरक्षक वा उपयुक्त व्यक्तिको जिम्मामा धरौटी वा तारिखमा राख्ने बाध्यात्मक व्यवस्था गर्न सुझाएको हो। उपसमितिको प्रतिवेदन समितिमा पेस भई छलफलका क्रममा छ।

नेपाली कांग्रेसका सांसद निनुकुमारी कर्णको संयोजकत्वमा गठित उपसमितिले बाल सुधारगृह सञ्चालनसम्बन्धी छुट्टै ऐन तथा नियमावली निर्माण गरी अधिकार, दायित्व, सेवा सुविधा र व्यवस्थापन गर्न पनि सुझाव दिएको छ। बाल सुधारगृह सञ्चालन, व्यवस्थापन र त्यहाँ रहने बालबालिकाको मानव अधिकार सुरक्षित गर्न मौजुदा कारागारसम्बन्धी कानुन तथा नियमभन्दा फरक कानुन निर्माणका लागि उपसमितिले सुझाव दिएको हो।

उपसमितिको प्रतिवेदनमा भनिएको छ, "बालबालिकासम्बन्धी मुद्दाको अन्तिम किनारा मुद्दा दर्ता भएको मितिले १२० दिनभित्र अनिवार्य रूपमा टुङ्गो लगाउनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्दछ।

सो अवधिभित्र मुद्दाको अन्तिम किनारा हुन नसकेको अवस्थामा, जघन्य कसुरको अभियोग लागेकोबाहेक अन्य कसुरका बालबालिकाको हकमा अदालतले आवश्यक सर्त तोकी निजलाई अभिभावक, संरक्षक वा अन्य उपयुक्त व्यक्तिको जिम्मा लगाई धरौटी वा साधारण तारिखमा तत्काल रिहा गर्नुपर्ने बाध्यात्मक व्यवस्था थप गर्नुपर्दछ।"

उपसमितिले विभिन्न कानुनमा गर्न सकिने सुधारमा समेत सुझाव दिएको छ। कानुनबिचमा रहेका आपसी एकरूपता र संशोधन गर्न सकिने व्यवस्था पनि प्रतिवेदनमा सुझाएको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रयोग भएका कैद तथा बालबालिकासम्बन्धी नियमावली, २०७८ मा प्रयोग भएका बाल सुधारगृहमा भर्नालगायतका शब्दावलीबिच सामञ्जस्य कायम हुनुपर्ने समितिको सुझाव छ। ऐनमा रहेका कैदलगायतका शब्द बालमनोविज्ञानविपरीत भएकाले सुधार हुनुपर्ने पनि सुझावमा उल्लेख छ।

ऐनको दफा २६(२) मा रहेको छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधारगृहमा बस्न सक्ने भन्ने शब्दको सट्टा छ महिनासम्म बाल सुधारगृहमा भन्ने शब्द राख्न पनि सुझाएको छ।

बालबालिका जोडिएका मुद्दामा फैसला हुन ढिलाइ हुँदा लामो समय सुधारगृहमा बस्नुपर्ने बाध्यता अन्त्य गर्न बाल अदालत वा बाल इजलासबाट छिटो मुद्दाको किनारा लगाउनुपर्ने कानुनी व्यवस्था गर्न पनि प्रतिवेदनमा सुझाइएको छ।

बाल इजलास वा बाल अदालतबाट भएको फैसला वा आदेशउपर नेपाल सरकारका तर्फबाट सामान्यतया पुनरावेदन नलाग्ने व्यवस्था गनुपर्ने पनि प्रतिवेदनमा सुझाइएको छ। प्रचलित कानुनमा रहेको पटके कसुरमा सजाय नगरिने व्यवस्था भएबमोजिम नै एकीकृत कसुरको हकमा समेत बालबालिकालाई थप सजाय नगर्ने गरी कानुनी व्यवस्था गर्न उपसमितिले सुझावका रूपमा पेस गरेको छ।

प्रेमसम्बन्ध वा आपसी सहमतिमा भएका घटनामा कानुनले तोकेको उमेर नपुग्दै विवाह वा सम्बन्ध कायम हुँदा सिर्जना हुने जबरजस्ती करणीसम्बन्धी मुद्दाको छानबिन गर्न एवं निर्दोष व्यक्तिलाई सजाय नहुने सुनिश्चित गर्न बाल न्यायसम्बन्धी कानुनलाई व्यावहारिक रूपमा संशोधन गर्न पनि उपसमितिले सुझाव दिएको छ। प्रतिवेदनमा नियमित रूपमा कम्तीमा महिनाको एक पटक सम्बन्धित जिल्ला न्यायाधीशले हिरासत वा बाल सुधारगृहको अनिवार्य रूपमा स्थलगत निरीक्षण गर्ने कानुनी व्यवस्था गर्न पनि सुझाव दिइएको छ।

## सुरुमा...

आन्तरिक मूल्याङ्कन गर्नुपर्दा हरेक विद्यार्थीको व्यक्तिगत फाइल तयार पार्नु पर्छ; जुन अलि झन्झटिलो जस्तो भएको छ।"

शिक्षा तथा खेलकुद मन्त्रालयले भने विद्यार्थी मूल्याङ्कनलाई समय अनुसार परिमार्जन गरेर वैज्ञानिक र व्यावहारिक बनाउँदै लगिने बताएको छ। मन्त्रालयका सहसचिव श्रीप्रसाद भट्टराईले आन्तरिक परीक्षा प्रणाली बन्द गरेपछि मूल्याङ्कन प्रणालीमा देखिएका समस्यालाई अध्ययन गरेर थप प्रभावकारी बनाइने बताउनुभयो। आन्तरिक परीक्षा प्रणालीको विकल्पमा निरन्तर मूल्याङ्कन प्रणालीलाई अझ व्यावहारिक र व्यवस्थित बनाउँदै लैजाने उहाँको भनाइ छ।

## दस...

सशस्त्र प्रहरीको टोलीसमेत घटनास्थलमा खटिएको प्रहरीले जनाएको छ।

पहिरोमा परी थवाङ–५ का ९ वर्षीय असिम पुनमगर, ८० वर्षीय अजम्बर पुनमगर र ७२ वर्षीय लीलबहादुर पुनमगर बेपत्ता हुनुहुन्छ। यस्तै २२ वर्षीय हिमाल पुनमगर र २५ वर्षीय सञ्जय घर्तीमगर घाइते हुनुभएको छ। दुवै जनाको स्थानीय स्वास्थ्य चौकी थवाङमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बुटवल ल्याइएको छ। पहिरोमा स्थानीय कमलबहादुर पुनमगरको घरसहित अन्य घर तथा गोठसमेत पुरिएका छन्। घरगोठसँगै पशुचौपाया पनि पुरिएको तथा केही बेपत्ता भएको स्थानीय प्रशासनले जनाएको छ।

पहिरो प्रभावित क्षेत्रमा उद्धार टोलीले जोखिम मोलेर खोजी कार्य गरिरहेको छ। पहिरोले सडक तथा स्थानीय आवागमनमा समेत प्रभाव पारेका कारण घटनास्थलसम्म आवश्यक सामग्री तथा उपकरण पुर्‍याउन समस्या भएको जनाइएको छ। घटनास्थलको भौगोलिक अवस्था, निरन्तर वर्षा र जमिन भासिने जोखिमका कारण उद्धारमा थप सावधानी अपनाउनुपर्ने अवस्था रहेको सुरक्षाकर्मीले बताएका छन्।

लगातारको वर्षाका कारण रोल्पा र प्युठानका खोला तथा नदीमा पानीको बहाव बढेको छ।

स्थानीय प्रशासनले घटनास्थल तथा आसपासका जोखिमयुक्त क्षेत्रमा सर्वसाधारणलाई सावधानी अपनाउन आग्रह गरेको छ। पहिरो प्रभावित परिवारको उद्धार, बेपत्ताको खोजी तथा क्षतिको विवरण सङ्कलनलाई प्राथमिकतामा राखेर सुरक्षा निकाय परिचालन गरिएको जनाएको छ।

रोल्पाका प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले अहिले पहिरो रोकिएको र बस्ती पनि सुरक्षित रहेको जानकारी दिनुभयो। उहाँका अनुसार घटनास्थल रोल्पा र बागलुङको सीमानजिक जिल्ला सदरमुकामबाट करिब २१ कोसको दुरीमा पर्छ।

## पूर्वप्रम...

उहाँले युवा पुस्ताले माग गरेको परिवर्तनलाई आत्मसात् गरेको बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "विश्व बदलिएको छ, हामी पनि समयको गतिसँगै अघि बढ्नु पर्छ। भविष्य ती हातहरूको हो; जसले राष्ट्र निर्माण गर्ने छन्।"

### अभिभावकीय भूमिका

नेपाली कांग्रेसले पूर्वसभापति देउवालाई स्वागत गर्दै पूर्ण स्वास्थ्य लाभको कामना गरेको छ। साउन २४ गतेदेखि जारी केन्द्रीय कार्यसमिति बैठकमा बिहीबार विशेष महाधिवेशनमार्फत पार्टीमा आएको वैधानिक परिवर्तनलाई संस्थागत गर्दै समयसापेक्ष र गतिशील कांग्रेस निर्माणका लागि निवर्तमान सभापतिका रूपमा उहाँले अभिभावकीय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको हो।

## मृत्युदण्ड...

वक्तव्यमा भनिएको छ, "असहमतिलाई चुप गराउन, समुदायलाई डराउन र आफ्नो मानव अधिकार प्रयोग गर्ने व्यक्तिलाई सजाय दिन मृत्युदण्डको प्रयोग कहिल्यै उचित हुन सक्दैन।" इरानी जनतालाई अभिव्यक्ति स्वतन्त्रता तथा शान्तिपूर्ण भेला हुने अधिकार प्रयोग गर्न स्वतन्त्रता दिन पनि ती देशले आग्रह गरेका छन्।

फ्रान्सेली विदेश मन्त्रालयका अनुसार सुरुमा २६ देश र इयुका विदेश नीति हेर्ने प्रमुखले वक्तव्यमा हस्ताक्षर गर्नुभएको थियो। त्यसपछि अन्य देशसमेत सहभागी भएपछि हस्ताक्षरकर्ता राष्ट्रको सङ्ख्या ३२ पुगेको हो। अस्ट्रेलिया, न्युजिल्यान्ड, आयरल्यान्ड, इटाली, जर्मनीलगायत युरोपेली राष्ट्रहरूले इरानलाई मृत्युदण्डको प्रयोग तत्काल अन्त्य गर्न र कानुनी आधारबिना पक्राउ गरिएका व्यक्तिलाई रिहा गर्न आग्रह गरेका छन्।

तर इरानका विदेशमन्त्री अब्बास अराघचीले अन्तर्राष्ट्रिय आलोचनाको खण्डन गर्नुभएको छ। उहाँले फ्रान्सलगायत देशले मानव अधिकार र अन्तर्राष्ट्रिय कानुनका विषयमा अरूलाई उपदेश दिन बन्द गर्नुपर्ने बताउनुभयो। गाजामा इजरायलको कारबाहीप्रति पश्चिमी देशको समर्थन तथा इरानविरुद्धको सैन्य कारबाहीलाई औँल्याउँदै उहाँले ती देशले मानव अधिकारका विषयमा नैतिक उच्च आधार प्रस्तुत गर्ने अधिकार गुमाइसकेको दाबी गर्नुभयो।

इरानमा पछिल्ला महिनामा मृत्युदण्डको सङ्ख्या बढेको भन्दै संयुक्त राष्ट्रसङ्घ र मानव अधिकार संस्थाले निरन्तर चिन्ता व्यक्त गर्दै आएका छन्। यसै वर्षको सुरुमा भएको राष्ट्रव्यापी सरकारविरोधी प्रदर्शन र फेब्रुअरीमा सुरु भएको मध्यपूर्व युद्धपछि मृत्युदण्ड तथा गिरफ्तारी बढेको उनीहरूको भनाइ छ।

राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले यसअघि अगस्तमै इरान सरकारले मृत्युदण्डलाई 'डर जगाउने' माध्यमका रूपमा प्रयोग गरिरहेको बताउनुभएको थियो। राष्ट्रसङ्घका अनुसार गत मार्च १९ यता राष्ट्रिय सुरक्षासम्बन्धी अभियोगमा कम्तीमा ५६ जनालाई मृत्युदण्ड दिइएको छ। तीमध्ये २७ जना विरोध प्रदर्शनसँग सम्बन्धित रहेको जनाइएको छ। टर्कका अनुसार यस्तै अभियोगमा थप एक सयभन्दा बढी मानिसलाई मृत्युदण्ड दिइने जोखिम छ।

अमेरिका र इजरायलले गत फेब्रुअरी २८ मा इरानमाथि संयुक्त आक्रमण गरेपछि पश्चिम एसियामा युद्ध सुरु भएको हो। त्यसयता युद्ध र सरकारविरोधी प्रदर्शन दुवैसँग सम्बन्धित आरोपमा इरानमा गिरफ्तारी तथा मृत्युदण्डको सङ्ख्या बढेको अधिकार संस्थाहरूको भनाइ छ। एम्नेस्टी इन्टरनेसनलका अनुसार इरानले गत वर्ष दुई हजार १५० भन्दा बढी व्यक्तिलाई मृत्युदण्ड दिएको थियो।

## सञ्चार...

कर्मचारी आचारसंहिता, डाँकरेखा पुनरवलोकन, स्वास्थ्य नमुना ढुवानी, शैक्षिक प्रमाणपत्र ढुवानी, स्मार्ट हुलाकको अवधारणा कार्यान्वयनसहित कार्य मन्त्रालयले अगाडि बढाएको छ। उपसचिव पौड्यालका अनुसार मन्त्रालयले डाटा खपत नोटिफिकेसन अन्तर्गत डाटा प्याकेज ९० प्रतिशत खपत भएपछि ग्राहकलाई जानकारी दिने र ग्राहकले चाहेको बेला बन्द गर्न सक्ने व्यवस्था मिलाइएको छ। साथै मन्त्रालयले फोरजी सेवाको गुणस्तर विस्तार गरी ८०० मेगाहर्ज ब्यान्डमा थप पाँच मेगाहर्ज फ्रिक्वेन्सी उपलब्ध गराएपछि टेलिकमको फोरजी इन्टरनेट गति ५९.७ प्रतिशतले वृद्धि भएको छ। मन्त्रालयले नेपाल टेलिकमका सेवा लिँदा ग्राहकले पटक पटक विवरण बुझाउनु नपर्ने गरी सिआरएम सिस्टममा विवरण सुरक्षित राख्ने व्यवस्था मिलाइएको छ। अनलाइन गुनासो र ट्र्याकिङ, इसिम र अनलाइन आवेदन तथा एकद्वार सेवा विस्तार गरी जनमैत्री सेवा प्रदान गरिएको छ।

### राहदानी र लाइसेन्स

असार मसान्तसम्ममा २७ लाखभन्दा बढी सवारीचालक अनुमतिपत्र छपाइ गरिएको छ। यातायात व्यवस्था विभागसँग भएको सम्झौता अनुसार लक्ष्य अनुसारै लाइसेन्स छपाइ गरिएको हो। त्यसै गरी सोही अवधिमा मन्त्रालयले दुई लाख ४८ हजार ६७६ बेटिङ एप्स, डोमेन लिङ्क तथा साइट बन्द गराएको छ। सबै सरकारी पोर्टललाई अपाङ्गता भएका व्यक्तिले सहजै चलाउन सक्ने गरी २०८३ वैशाख २ गतेदेखि एकीकृत वेबसाइट सञ्चालनमा ल्याइएको छ। नागरिक एपमा सेवा आबद्ध गराई प्रहरी प्रतिवेदन, राहदानी र सवारीचालक अनुमतिपत्रका लागि नागरिक एपमार्फत आवेदन दिन मिल्ने गरी प्रणाली विकास गरिएको छ।

### सुधारका अन्य कार्य

सूचना तथा सञ्चार मन्त्रालयले सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न विज्ञापन बोर्ड, दूरसञ्चार प्राधिकरण र वैदेशिक रोजगार विभागबिच समन्वय गरी नियमन आरम्भ गरेको छ। यो अवधिमा डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका–६ स्थित ल्हान तथा ठुलीभेरी नगरपालिका–१, दुनै क्षेत्र र ताप्लेजुङको ओलाङचुङगोला क्षेत्रमा फोरजी सेवा सञ्चालनमा ल्याइएको छ।

मन्त्रालयले सोही अवधिमा प्रसारण नियमावलीको अनुसूचीमा संशोधन गरी सूचना तथा प्रसारण विभागबाट ओटिटी लाइसेन्सको इजाजत वितरण कार्य सुरु गरी हालसम्म दुई वटा कम्पनीलाई इजाजत प्रदान गरेको छ। मन्त्रालयले सार्वजनिक सेवा प्रसारण संस्था नेपाल टेलिभिजनले सन् २००२ पछि ब्यान्डविथ भाडा र सञ्चार सेवासँग सम्बद्ध उपकरण तथा प्रविधिहरू खरिद गरेको विषयमा सरकार गठन हुनुभन्दा अघि र पछि प्राप्त उजुरी र गुनासोको सम्बन्धमा सत्यतथ्यबाहिर ल्याउन दुई वटा छानबिन समिति बनाएर कारबाही प्रक्रिया अगाडि बढाएको छ।

## 'यसै...

उहाँले मन्त्रालयका हरेक निर्णय र नीति निर्माण अनुसन्धान र वैज्ञानिक तथ्यमा आधारित हुने बताउनुभयो। उहाँले नेपालको दूरसञ्चार क्षेत्र चुनौतीपूर्ण मोडमा रहेको बताउँदै यसलाई अवसरमा बदल्ने अठोट व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "दूरसञ्चार क्षेत्र एकदमै कठिन मोडबाट गुज्रिरहेको छ। यसमा नीतिगत तहका समस्या छन्, लिगल फ्रेममा समस्या छन्। धेरै बेथितिको भण्डारण क्षेत्र जस्तो भएको छ दूरसञ्चार। हाम्रो नीतिगत र कानुनी संरचना धेरै पुराना भइसकेका छन्, जसलाई समयसापेक्ष बनाउनु अनिवार्य छ। दूरसञ्चार क्षेत्रमा व्याप्त बेथिति हटाउन र प्रविधिमा द्रुत विकास गर्न मन्त्रालयले दूरसञ्चार विधेयकमा काम गरिरहेको छ।"

सञ्चारमन्त्री डा. तिमिल्सिनाले यस वर्षलाई 'रूपान्तरणकारी वर्ष' बनाउने लक्ष्यका साथ नेपाल टेलिकमको क्षमता अभिवृद्धि गर्ने र फोरजी सेवामा देखिएका समस्या समाधान गर्दै नेपालमा पहिलो पटक फाइभजी सेवाको औपचारिक सुरुवात गर्ने तयारी भइरहेको बताउनुभयो। उहाँले दूरसञ्चार प्राधिकरणलाई अझै बलियो र नियमनकारी भूमिकामा प्रभावकारी बनाउने स्पष्ट पार्नुभयो।

### विधेयकको तयारी

सञ्चारमन्त्री डा. तिमिल्सिनाका अनुसार पछिल्लो एक दशकमा सञ्चार क्षेत्रमा आएको ठुलो परिवर्तनलाई सम्बोधन गर्न मन्त्रालयले मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयकमार्फत कानुनी आधार तयार पारिरहेको छ।

उहाँले सञ्चारमाध्यमको सङ्ख्यात्मक वृद्धिसँगै यसका नकारात्मक पक्षलाई न्यूनीकरण गरी सञ्चार क्षेत्रलाई मर्यादित र उत्तरदायी बनाउन नीतिगत सुधारको गृहकार्य भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "दूरसञ्चार विधेयकसँगै आमसञ्चार विधेयक र मिडिया काउन्सिल विधेयकमा पनि काम भइरहेको छ। यी विधेयकका माध्यमबाट नीतिगत समस्या समाधानको पहल हुन्छ। हाम्रो उद्देश्य जनताप्रति जवाफदेही, सन्तुलित र जनमुखी सञ्चार क्षेत्रको स्थापना गर्नु हो।"

### चलचित्र र हुलाक

सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालयले चलचित्र क्षेत्रलाई उद्योगका रूपमा विकास गर्न नयाँ चलचित्र विधेयक संसद्मा दर्ता गराइसकेको र अहिले समितिमा छलफल भइरहेको जानकारी दिनुभयो। उहाँले यसले चलचित्रकर्मीका माग र अपेक्षालाई सम्बोधन गर्ने र नेपाली चलचित्रको व्यावसायिक विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। मन्त्रालयले हुलाक सेवालाई घरमै सेवा पुर्‍याउने (होम बेस्ड डेलिभरी) अवधारणा अनुरूप आधुनिकीकरणको योजना कार्यान्वयनको प्रक्रिया अगाडि बढाएको छ। उहाँका अनुसार परम्परागत हुलाक सेवालाई प्रविधिमैत्री बनाएर नागरिकले प्रभावकारी सेवा पाएको महसुस गराउने लक्ष्य राखिएको छ।

### लाइसेन्स छपाइबारे

सञ्चारमन्त्री डा. तिमिल्सिनाले लाइसेन्स छपाइमा ढिलाइ भएको सन्दर्भमा मन्त्रालयप्रति उठ्ने गरेको प्रश्नको पनि जवाफ दिनुभयो। उहाँले लाइसेन्सको तथ्याङ्क सङ्कलन र व्यवस्थापन तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र हाल प्रदेश सरकारको जिम्मेवारी भएको स्पष्ट पार्नुभयो। उहाँले यस प्रक्रियामा प्रदेश सरकारसँग समन्वय भइरहेको र छपाइमा कुनै प्राविधिक समस्या नरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सञ्चार मन्त्रालय अन्तर्गतको सुरक्षण मुद्रण केन्द्र (सेक्युरिटी प्रिन्टिङ सेन्टर) ले लाइसेन्स छाप्ने मात्र काम गर्छ। यदि प्रदेशका यातायात मन्त्रालयले सम्झौता अनुसार तथ्याङ्क उपलब्ध गराएमा २४ घण्टाभित्रै लाइसेन्स छापेर दिन प्रतिबद्ध छौँ।"

# काठदाउरा बिक्रीमा नयाँ रेकर्ड

**भरतपुर समाचारदाता**
*चितवन, साउन २८ गते*

डिभिजन वन कार्यालय चितवनले गत आर्थिक वर्ष २०८२/८३ मा काठदाउरा बिक्रीमा नयाँ रेकर्ड कायम गरेको जनाएको छ । कार्यालयले बिहीबार आयोजना गरेको गत आव २०८२/८३ को कार्यप्रगति एवं समीक्षा कार्यक्रममा सो जानकारी दिएको हो । डिभिजन प्रमुख विष्णुप्रसाद आचार्यले गत आवमा कार्यालयले इतिहासमै सबैभन्दा बढी काठदाउरा बिक्री गर्न सफल भएको बताउनुभयो।

कार्यालयले आव २०८२/८३ मा दुई लाख ७८ हजार ९८७.८३ क्युफिट काठ बिक्री गर्न सफल भएको छ । कार्यालयले उक्त आवमा दुई लाख ७३ हजार ६३५.५२ क्युफिट काठ उत्पादन गरेको थियो। आव २०८१/८२ को दुई लाख ५१ हजार २०६.०२ क्युफिट मौज्दात थियो। यस वर्ष गत वर्षको एक लाख ७४ हजार २८२.१५ क्युफिट काठ मौज्दात रहेको छ। त्यस्तै कार्यालयमा आव २०८२/८३ मा ४१६ चट्टा दाउरा बिक्री गर्न सफल भएको छ। कार्यालयले उक्त आवमा ४३० चट्टा दाउरा उत्पादन गर्न सफल भएको थियो। गत आव २०८१/८२ को मौज्दात ३७० चट्टासहित ३८४ चट्टा दाउरा मौज्दात रहेको छ । कार्यालय प्रमुख आचार्यका अनुसार काठदाउरा बिक्रीलगायत वनक्षेत्रको रोयल्टीबाट २६ करोड ५६ लाख ९२ हजार ३९९ रुपियाँ आम्दानी गर्न सफल भएको छ।

त्यसबाहेक कार्यालयले काठदाउरा बिक्रीसँगै राजस्व सङ्कलन बेरुजुबाट, सम्पत्ति बिक्री, प्रशासनिक सेवा शुल्क, व्यवसाय रजिस्ट्रेसन, सदस्यता धरौटी, वनक्षेत्रको अन्य आय, दण्डजरिबाना र जफतसहित मूल्य अभिवृद्धि करसहित ३१ करोड ५५ लाख ९१ हजार ९३ रुपियाँ आम्दानी गर्न सफल भएको छ।



तस्बिर : शान्ता अधिकारी

**प्रगति विवरण प्रस्तुत गर्नुहुँदै डिभिजन वन कार्यालय चितवनका प्रमुख विष्णु आचार्य ।**

प्रमुख आचार्यका अनुसार यो इतिहासमै अहिलेसम्मको सबैभन्दा बढी हो । कार्यालयले विगतका वर्षमा नसकिएको जोखिमयुक्त क्षेत्रमा रुख कटान गर्नसमेत गत वर्ष सफल भएको जनाएको छ। जिल्लाका विभिन्न सडक, मठ मन्दिर र सार्वजनिक आवतजावत क्षेत्रमा समस्या बनेका १५५ वटा रुख कटान गरेको जनाएको छ। ती रुखबाट ११ हजार ८१० क्युफिट काठ र १६.४५ चट्टा दाउरा उत्पादन भएको थियो। चितवनमा ९३ वटा सामुदायिक वन रहेका छन् भने ४३१ कबुलियती वन रहेका छन्।

## चतुर्मुखी उत्कृष्ट

डिभिजन वन कार्यालय चितवनले जिल्लाका छ वटा वन उपभोक्ता समूहलाई पुरस्कृत एवं सम्मान गरेको छ । सामुदायिकतर्फ तीन र कबुलियतीतर्फ तीन गरी छ वटा वन समूहलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो।

सम्मानित एवं पुरस्कृत हुनेमा राप्ती नगरपालिकामा रहेको दुधकोशी सामुदायिक वन उपभोक्ता समूह, भरतपुर–२९ को इन्द्रेणी सामुदायिक वन उपभोक्ता समूह र भरतपुर–१२ को रामवेल सामुदायिक वन उपभोक्ता समूह रहेका छन्। पहिलो, दोस्रो र तेस्रो हुने यी समूहलाई क्रमशः १२ हजार, नौ हजार र सात हजार रुपियाँ नगदसहित सम्मान गरिएको थियो।

त्यसै गरी कबुलियती वनतर्फ कालिका–८ को चुहारटाँडी कबुलियती वन समूह, इच्छाकामना–७ को जलजले र राप्ती–१० को दैत्यटार कबुलियती वन समूह रहेका छन् । उनीहरूलाई पनि त्यसरी नै नगदसहित सम्मान गरिएको थियो। सोही कार्यक्रममा बागमती प्रदेशबाट उत्कृष्ट भई २०८२/८३ को गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार प्राप्त गरेको कालिका–१ को चतुर्मुखी सामुदायिक वन उपभोक्ता समूहलाई पनि सम्मान गरिएको थियो।

# गाभिएका कार्यालय आउन सकेनन् सञ्चालनमा

**दोलखा समाचारदाता**
*दोलखा, साउन २८ गते*

मन्त्रालयहरू गाभिए पनि त्यस अन्तर्गत रहेका दोलखाका कार्यालय अझै सञ्चालनमा आएका छैनन् । जिल्ला पशुसेवा कार्यालय प्रमुख डा. टेकराज पौडेललाई नयाँ बनेको कार्यालयको निर्देशक बनाइएको छ । कृषिका कर्मचारीको व्यवस्था नभएकाले कामकाज अलमल परेको हो। साबिकको पशुसेवाका काम भने सुचारु रहेको निर्देशक पौडेलले जानकारी दिनुभयो।

दरबन्दी यकिन नभइसकेकाले अर्को व्यवस्था नभएसम्म यथावत् रूपमा काम गर्न मन्त्रालयले निर्देशन दिएको उहाँले बताउनुभयो । साबिकको उद्योग तथा वाणिज्य कार्यालयमा पर्यटन र यातायात कार्यालय गाभिएपछि सञ्चालनमा असजिलो हुँदा हाललाई साबिकको कार्यालयका काम सञ्चालन रहेका कार्यालयले जनाएको छ । बागमती प्रदेशले साउन १ गतेदेखि लागु हुने गरी साबिकको उद्योग तथा वाणिज्य कार्यालयलाई स्तरोन्नति गरेर उद्योग, पर्यटन तथा यातायात कार्यालय बनाएको छ।

साबिकको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय र खानेपानी सबडिभिजन कार्यालय गाभिएर जलस्रोत तथा खानेपानी विकास डिभिजन कार्यालय बनेको छ । कर्मचारी तथा कामकाजको व्यवस्था नहुँदा नयाँ कार्यालय सञ्चालनमा आउन सकेको छैन । मन्त्रालयले हाललाई यथावत् रूपमा रहिरहन परिपत्र गरेको साबिकको सिँचाइ डिभिजन कार्यालय प्रमुख दिवाकरप्रसाद मण्डलले बताउनुभयो। कर्मचारी तथा कार्यालय व्यवस्था छिट्टै मिलाई सेवाग्राहीलाई सेवा प्रदान गर्ने व्यवस्था मिलाइदिन सम्बन्धित मन्त्रालयलाई आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिनुभयो।

# पार्टी एकतालाई प्राथमिकतामा राख्न आग्रह



**बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ ।**

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, साउन २८ गते*

बागमती प्रदेशका मुख्यमन्त्री तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले पार्टीभित्र देखिएको अतिवादी प्रवृत्ति अन्त्य गरी आन्तरिक एकता बलियो बनाउन आह्वान गर्नुभएको छ । काठमाडौँस्थित कांग्रेस केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्यसमिति बैठकमा उहाँले बागमती प्रदेश सरकारको वर्तमान राजनीतिक अवस्थाबारे जानकारी गराउँदै पार्टी एकतालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको हो।

मुख्यमन्त्री बानियाँले कांग्रेस नेतृत्वको बागमती सरकार अहिले जटिल राजनीतिक अङ्कगणितमा रहेको बताउनुभयो। सत्ता साझेदार नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको उल्लेख गर्दै उहाँले प्रदेश सभामा कुनै पनि दल वा गठबन्धनले तत्काल बहुमत पुऱ्याउने अवस्था नरहेको बताउनुभयो। उहाँले एमाले–नेकपा गठबन्धन बने पनि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान पार्टीले समर्थन नगरेको तथा हाम्रो नेपाली पार्टी कांग्रेस नेतृत्वको सरकारमा सहभागी भइसकेकाले वैकल्पिक सरकार गठन सहज नरहेको जानकारी बैठकमा गराउनुभएको थियो।

"प्रदेशमा देखिएको अन्योल अन्त्य गर्न सबै दललाई कांग्रेस नेतृत्वको सरकारमा सहभागी हुन लिखित आग्रह गरिएको थियो । त्यसैका आधारमा हाम्रो नेपाली पार्टी सरकारमा आएको हो," उहाँले भन्नुभयो । २००७ सालदेखि लोकतान्त्रिक आन्दोलनसम्म कांग्रेसले विभिन्न राजनीतिक शक्तिसँग सहकार्य गर्दै आएको स्मरण गराउँदै मुख्यमन्त्री बानियाँले अहिले पार्टीका लागि सबैभन्दा आवश्यक कुरा आन्तरिक एकता भएको बताउनुभयो।

**नेपाल सरकार**
## नेपाल ट्रष्टको कार्यालय
**कमलादी, काठमाडौँ**

**नेपाल ट्रष्टको सम्पत्ति खोजबिन सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३।०४।२९**

**राजा वीरेन्द्र, रानी ऐश्वर्य तथा निजहरूको परिवारको नाममा रहेको वा निजहरूको हक, स्वामित्व वा भोगाधिकार कायम हुन सक्ने चल तथा अचल सम्पत्ति सम्बन्धी तथ्ययुक्त सूचना, प्रमाण, कागजात वा जानकारी भएमा नेपाल ट्रष्टको कार्यालयमा उपलब्ध गराउनुहुन अनुरोध गरिन्छ । विस्तृत सूचनाका लागि www.nepaltrust.gov.np मा हेर्नुहुन अनुरोध छ ।**

**सम्पर्क नं. : ०१– ५३२५४६५; इमेल : admin@nepaltrust.gov.np**

# नेपाली सेना
## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा
**अधिकृत क्याडेट पदका लागि दरखास्त आह्वान**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२९ गते)**

१. नेपाली सेनामा रिक्त अधिकृत क्याडेट पद (सहायक सेनानी/उपसेनानी) खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नका लागि दरखास्त आह्वान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** बाट अनलाइन दरखास्त फाराम भरी सोको प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना छनौट केन्द्रमा दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

२. **आवश्यक सङ्ख्याः** २८० जना ।

| विज्ञापन नं. | सेवा समूह | पदको नाम | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रूपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशीतर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पि.क्षे. | |
| ०८३/८४/०१ | सैनिक साधारण सेवा | अधिकृत क्याडेट | १४ | १४६ | २४ | ३९ | ३३ | १८ | ६ | २८० |

३. **दरखास्त पेश गर्ने मिति, समय र स्थान :**
(क) **दरखास्त मितिः** मिति २०८३/०४/२९ गतेदेखि मिति २०८३/०५/१८ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८३/०५/१९ गतेदेखि मिति २०८३/०५/२५ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनुपर्नेछ ।
(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा उक्त मिति भन्दा पछाडिको कार्यालय खुल्ने दिनमा दरखास्त दस्तुर (राजस्व) बुझाई दरखास्त फाराम दर्ता गर्न सकिनेछ ।
(ग) **स्थानः** आफूलाई पायक पर्ने तोकिएको भर्ना छनौट केन्द्र ।

| क्र.सं. | भर्ना छनौट केन्द्रहरू | सम्पर्क टेलिफोन नम्बर | कैफियत |
|---|---|---|---|
| १ | स्वयम्भू, काठमाडौँ (केन्द्रीय भर्ना छनौट केन्द्र, श्री भर्ना छनौट निर्देशनालय) | ०१–५९७९४७८ | केन्द्रीय भर्ना छनौट केन्द्र |
| २ | इटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) | ०२५–५८४९३३, ९८५२०८१७०४ | प्रारम्भिक भर्ना छनौट केन्द्रहरू |
| ३ | बर्दिबास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) | ०४४–५९००८१, ९८५४०२०७७२ | |
| ४ | हेटौँडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) | ०५७–४१९०००, ०५७–४१९०१५, ९८६३०२८८८४ | |
| ५ | विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) | ०६१–४११६७५, ९८५६०११४३९ | |
| ६ | बुटबल, रूपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) | ०७१–४१९२०९, ९८६३०२९१३७ | |
| ७ | निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) | ०८३–४१४०४५ | |
| ८ | तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.) | ०९१–५५०७४२, ९७६२३०६५६१ | |

४. **दरखास्त दस्तुरः** सबै उम्मेदवारहरूले खुलातर्फ अनिवार्य रूपले फाराम भर्नुपर्नेछ र सो बापत दस्तुर रु. १,०००।– (एक हजार) बुझाउनुपर्नेछ । तर सोही विज्ञापनमा समावेशी तर्फको समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ । उल्लिखित दस्तुर आफूले आवेदन दिने भर्ना छनौट केन्द्रको नाम (कार्यालयको नाम, कार्यालय कोड, बैंक खाता नम्बर र राजस्व शीर्षक नम्बर भरी) मा जम्मा गर्नुभई सोको सक्कलै भौचर र प्रतिलिपि प्रति १/१ (एक/ एक) दरखास्त फाराम साथ उम्मेदवार स्वयम्ले पेश गर्नुपर्नेछ ।

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैंक/खाता नं. | राजस्व शीर्षक नं. |
|---|---|---|---|---|
| १ | श्री भर्ना छनौट निर्देशनालय | ३४५०१३५१३ | श्री नेपाल बैंक लिमिटेड, खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ |
| २ | श्री पूर्वी पृतना हे.क्वा. | ३४५०११४०६ | श्री राष्ट्रिय वाणिज्य बैंक, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ३ | श्री मध्य पूर्वी पृतना हे.क्वा. | ३४५०११८०८ | श्री राष्ट्रिय वाणिज्य बैंक, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ४ | श्री मध्य पृतना हे.क्वा. | ३४५०१३२११ | श्री नेपाल बैंक लिमिटेड, खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ |
| ५ | श्री पश्चिम पृतना हे.क्वा. | ३४५०१३९०६ | श्री राष्ट्रिय वाणिज्य बैंक, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ६ | श्री मध्य पश्चिम पृतना हे.क्वा. | ३४५०१४८१० | श्री कृषि विकास बैंक लिमिटेड, खाता नम्बर ०१००२०१२७७००९०१६ | १४२२४ |
| ७ | श्री उत्तर पश्चिम पृतना हे.क्वा. | ३४५०१६८०३ | श्री राष्ट्रिय वाणिज्य बैंक, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ८ | श्री सुदूर पश्चिम पृतना हे.क्वा. | ३४५०१७७०९ | श्री राष्ट्रिय वाणिज्य बैंक, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |

५. **आवश्यक योग्यताः**
(क) **शैक्षिक योग्यताः**

| विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ०८३/८४/०१ | अधिकृत क्याडेट | (क) प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरह उत्तीर्ण (अधिकृत क्याडेटका लागि)<br>(ख) स्नातक तह वा सो सरह उत्तीर्ण (स्नातक अधिकृत क्याडेटका लागि)<br>(अधिकृत क्याडेट तथा स्नातक अधिकृत क्याडेट दुवैको लागि SEE परीक्षामा अनिवार्य गणित विषय लिएको हुनुपर्ने) | (क) लेटर ग्रेडिङ निर्देशिका, २०७८ लागू हुनुपूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-२/CGPA-१.६ वा सोभन्दा माथि हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ख) लेटर ग्रेडिङ निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाण पत्रको हकमा एस.एल.सी. (कक्षा १२) को शैक्षिक योग्यतामा GPA-१.६ वा सोभन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने। यस ग्रेडिङ प्रणाली निम्न अनुसार लागू हुने,<br>(१) प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरह उत्तीर्ण गरी अधिकृत क्याडेट पदमा निवेदन दिनेको हकमा प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरहको शैक्षिक योग्यतामा मात्र ।<br>(२) स्नातक अधिकृत क्याडेटको हकमा स्नातक तह वा सो सरहको शैक्षिक योग्यतामा मात्र ।<br>**(ग) स्नातक अधिकृत क्याडेटको सैनिक आधारभूत तालिम अवधि १२ (बाह्र) महिनाको हुने ।** |

(ख) **शारीरिक योग्यताः**

| क्र.सं. | विवरण | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | उचाइ | न्यूनतम ५ फिट ३ इन्च | न्यूनतम ५ फिट | |
| २ | छाती | नफुलाउँदा न्यूनतम ३२ इन्च र फुलाउँदा न्यूनतम ३४ इन्च | – | |
| ३ | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| ४ | आँखा | चस्मा प्रयोग गर्ने भएमा आँखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |

(ग) **अन्य योग्यताः** उम्मेदवारहरू स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनीतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ । साथै अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हदः**
(क) प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन १८ वर्ष पूरा भई २१ वर्ष ननाघेको (जन्म मिति २०६२।०५।१८ गतेदेखि मिति २०६५।०५।१८ गतेसम्म) हुनुपर्नेछ ।
(ख) स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको (जन्म मिति २०५९।०५।१८ गतेदेखि मिति २०६५।०५।१८ गतेसम्म) हुनुपर्नेछ ।
(ग) बहालवाला सैनिक उम्मेदवारहरूको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन २६ वर्ष ननाघेको (जन्म मिति २०५७।०५।१८ गते र सोपछि जन्म भएको) हुनुपर्नेछ ।

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरूका लागिः**
(क) बहालवाला उम्मेदवारहरूबाट दरखास्त दिनेहरूको हकमा सैन्य आधार तालिम गरेको हुनुपर्नेछ । साथै, दरखास्त पेश गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन न्यूनतम सेवा अवधि २ (दुई) वर्ष पूरा भएको हुनुपर्नेछ ।
(ख) युनिटपतिको सिफारिस पेश गर्नुपर्नेछ ।

८. **पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरूः** देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फाइलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरू मान्य हुनेछैन । दरखास्त साथ पेश गरिने सबै कागजातहरूको सक्कल प्रति साथमा ल्याउनुपर्नेछ ।
(क) नेपाली नागरिकताको प्रमाणपत्र ।
(ख) एस.ई.ई.को ग्रेड सिट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।
(ग) प्रमाणपत्र तह/एस.एल.सी. (कक्षा १२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।
(घ) स्नातक तह उत्तीर्ण गर्नेको हकमा ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।
(ङ) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधि हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र वा त्रिभुवन विश्वविद्यालय वा विश्वविद्यालय अनुदान आयोगबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।
(च) शैक्षिक योग्यता वाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरू (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाणपत्रहरू भएमा ।
(छ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोटपटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्नेछ :**
(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगति/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनी उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति–१ (एक) ।
(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति–१ (एक) ।
(३) सम्बन्धित उम्मेदवार सँगको नाता प्रमाणितको प्रतिलिपि प्रति–१ (एक) ।

९. **फोटोग्राफः** उम्मेदवारले हालसालै खिचेको पूरै मुखाकृति (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेश गर्नुपर्नेछ ।
(क) पासपोर्ट साइजको फोटो प्रति–४ (चार) ।
(ख) २X२ साइजको फोटो प्रति–१ (एक)

१०. **सम्पर्क मितिः** २०८३।०५।३१ गतेको ११:०० बजे दरखास्त पेश गरेको सम्बन्धित भर्ना छनौट केन्द्रमा ।

११. **छनौट प्रक्रियाः**
(क) उम्मेदवारहरूको छनौट परीक्षा अन्तर्गत बियरिङ तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, आई.क्यू. परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट सञ्चालन हुनेछ), गुणमापक परीक्षा (टि.ओ., जि.टि.ओ., आई.ओ. र बोर्ड कन्फरेन्स), विस्तृत स्वास्थ्य परीक्षण र बोर्ड अन्तर्वार्ता हुनेछ ।
(ख) भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने बियरिङ परीक्षाको विस्तृत मापदण्ड वेबसाइटको विज्ञापनमा हेर्न सकिनेछ ।
(ग) प्रारम्भिक भर्ना छनौट केन्द्रमा दरखास्त पेश गर्ने उम्मेदवारहरूको छनौट परीक्षा अन्तर्गत बियरिङदेखि लिखित परीक्षासम्म दरखास्त पेश गरेको सम्बन्धित प्रारम्भिक भर्ना छनौट केन्द्रमा हुनेछ र बाँकी रहेका अन्य परीक्षाहरू श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डाले तोकेको स्थानमा सञ्चालन हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरूः** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरूः**
(क) **नेपाल सरकार वा अन्य अर्धसरकारी सङ्घ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिँदा विभागीय स्वीकृति अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।**
(ख) समावेशी तर्फका पुरुष उम्मेदवारहरूको हकमा आदिवासी/जनजाति, मधेशी र दलितमध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागू हुनेछैन । साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरूले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।
(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाइँको समयमा अग्रभागमा गई प्रत्यक्ष रूपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरू बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाइँमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरूमा समावेश गराइनेछ ।
(घ) उम्मेदवारहरू (बहालवाला बाहेक) अविवाहित हुनुपर्नेछ र तालिम अवधिभर विवाह गर्न पाइनेछैन ।
(ङ) आवेदकले एक मात्र भर्ना छनौट केन्द्रबाट आवेदन दिन पाइनेछ ।
(च) अन्य शर्तहरू नेपाली सेनाको आधिकारिक वेबसाइट **www.nepalarmy.mil.np** मा गएर **Career** भित्र वा श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारीः**
(क) मोबाइल/कम्प्युटरको ब्राउजर खोली नेपाली सेना भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा रहेको **RECENT VACANCY** (नेपाली सेनामा पदपूर्ति सम्बन्धी सूचना) सेक्सनमा गई अधिकृत क्याडेट पदको विज्ञापनमा रहेको **"APPLY"** मा **Click** गर्ने ।
(ख) आवेदकले अनलाइन फाराममा रहेको योग्यता फाराममा आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक योग्यताको विवरण, भर्ना केन्द्रको विवरण र नागरिकताको विवरण भरेपश्चात् आउने अनलाइन पेमेन्ट गेटवेको माध्यमबाट अनलाइन भुक्तानी गरी प्राप्त हुने भौचर र व्यक्तिगत विवरण फाराम सेभ गरी प्रिन्ट गर्ने ।
(ग) उक्त प्रिन्ट गरेको भौचर तथा व्यक्तिगत विवरण फाराम, अन्य आवश्यक कागजात र फोटो सहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मितिभित्र उपस्थित हुनुपर्नेछ ।
(घ) यदि कुनै उम्मेदवारले अनलाइनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो **अनलाइनबाट मात्र Submit गरेको फारामलाई मान्यता दिइने छैन** ।
(ङ) अनलाइन फाराम भर्न केही प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केही जानकारी लिनुपरेको अवस्थामा सम्बन्धित भर्ना छनौट केन्द्रको सम्पर्क नम्बर वा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

१५. **विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाडौँ समेत विपक्षी रहेको रिट नम्बर ०७८–WO–०३८२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरूमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. ०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र अधिकृत क्याडेट पदको पाठ्यक्रम **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप जानकारी लिनुपरेको खण्डमा आफूलाई पायक पर्ने प्रारम्भिक भर्ना छनौट केन्द्र वा श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१–५९७९४७८ मा कार्यालय समयभित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।



"सफलता भनेको उत्साह नगुमाइकन एक असफलताबाट अर्को सफलतातर्फ अघि बढ्नु हो ।"
– विन्स्टन चर्चिल

## सम्पादकीय

# अङ्ग प्रत्यारोपण

मानव जीवन सृष्टिकै उत्कृष्ट सिर्जना हो। संसारमा मानिसभन्दा उन्नत प्राणी अर्को छैन। प्रकृति र समयको नियम अनुसार मानिसको जीवन एक दिन समाप्त हुन्छ। मानिसको जन्मपछि मृत्यु अकाट्य सत्य हो। दुर्घटनामा परेर, रोग लागेर वा समय पुगेर मानिसको मृत्यु हुन्छ। मृत्युपछि पार्थिव शरीरलाई परम्परा अनुसार जलाएर खरानी बनाइन्छ वा गाडिन्छ। चिकित्सा विज्ञानले मरणोपरान्त पनि शरीरका केही अङ्ग प्रत्यारोपण गर्न सकिन्छ भन्ने पुष्टि गरेसँगै अङ्गदान गर्न थालिएको हो। यसरी अङ्गदान गरेर कसैलाई नयाँ जीवन दिनु अर्को पुण्य कमाउनु हो। नेपालमा पछिल्लो समय मस्तिष्क मृत्यु (ब्रेन डेथ) पछि अङ्गदान गर्न थालिएको छ। नेपाल सरकारले कानुनी रूपमा 'मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन' लाई संशोधन गरी मस्तिष्क मृत्यु भएका व्यक्तिको अङ्ग लिन सकिने व्यवस्था गरेको एक दशक पुग्न लागेको छ। सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलगायतका संस्थाले यस दिशामा प्रशंसनीय कार्य गरेका छन्। एउटा मस्तिष्क मृत्यु भएको व्यक्तिबाट दुई वटा मिर्गौला, दुई वटा आँखा, कलेजो, मुटु, फोक्सो र प्यान्क्रियाज जस्ता महत्त्वपूर्ण अङ्ग प्राप्त गरी कम्तीमा आठ जनासम्मलाई नयाँ जीवन दिन सकिन्छ। यसका लागि कानुनी बाटो खुला छ। प्राविधिक रूपमा दक्ष चिकित्सक उपलब्ध छन्। तैपनि अङ्गदाताको सङ्ख्या अपेक्षित बढ्न भने सकेको छैन। यसको मुख्य कारण समाजमा रहेको धार्मिक अन्धविश्वास, चेतनाको कमी र अस्पतालमा प्रभावकारी समन्वय संयन्त्र नहुनु हो।

मृत्युपछि शरीरका अङ्ग नष्ट भएर जान्छन्। ती अङ्गले कसैको गुमेको दृष्टि फर्काउन सक्छन् वा कसैलाई मृत्युको मुखबाट बचाउन सक्छन् भन्ने धेरैलाई बुझाउन सकिएको छैन। अङ्गदानबारे परिवारमा खुलेर कुरा गर्ने संस्कार अझै बसिसकेको छैन, जसका कारण कतिपय व्यक्तिले जीवित छँदा अङ्गदानको इच्छा राखे पनि मृत्युपश्चात् परिवार वा आफन्तजनको असहमतिले त्यो इच्छा पूरा हुन सकेको छैन। यो विषयमा सकारात्मक बहस र सोच बनाउन आवश्यक छ। यसका लागि सर्वप्रथम विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा अङ्गदानको महत्त्वबारे पाठ समावेश गरिनु पर्छ। सञ्चार माध्यम, सामाजिक सङ्घ संस्था र धार्मिक गुरुहरूलाई परिचालन गरी 'अङ्गदान पुण्यको काम हो, पापकर्म होइन' भन्ने सन्देश गाउँ गाउँ, टोल टोलसम्म पुऱ्याउनु पर्छ। देशका प्रमुख अस्पतालमा मस्तिष्क मृत्यु पहिचान गर्ने र तत्कालै अङ्ग प्रत्यारोपण केन्द्रसँग समन्वय गर्ने एक सक्षम संयन्त्र सञ्जाल बनाउनु पर्छ। अङ्गदान कुनै एउटा व्यक्ति वा अस्पतालको मात्र सरोकारको विषय होइन, यो समग्र समाज र राज्यको दायित्व पनि हो। मृत्यु त निश्चित छ तर मृत्युलाई पनि सार्थक बनाउने माध्यम अङ्गदान नै हो। मरणोपरान्तको अङ्गदानले अङ्गको अभावमा अल्पायुमै ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न सकिन्छ। नेपालमा मृत्युपछि हुने अङ्गदान न्यून सङ्ख्यामा मात्र प्रत्यारोपण हुने गरेको छ।

मस्तिष्क मृत्यु भएका व्यक्तिबाट अङ्गदान गर्न सकिने कानुनी व्यवस्था भए पनि हालसम्म नौ जना मृतदाताबाट मात्र २३ वटा अङ्ग प्रत्यारोपण सम्भव भएको छ। तीमध्ये १७ वटा मिर्गौला, पाँच वटा कलेजो र एउटा संयुक्त कलेजो–मिर्गौला प्रत्यारोपण गरिएको छ। नेपालमा मस्तिष्क मृत्यु भएका व्यक्तिबाट हुने अङ्ग प्रत्यारोपण सुरुवात सन् २०१७ मा मिर्गौला प्रत्यारोपणबाट भएको हो। त्यसयता सीमित सङ्ख्यामा मस्तिष्क मृत्यु भएका दाताबाट अङ्ग प्रत्यारोपण भइरहेको छ। यसलाई नियमित र व्यापक कार्यक्रमका रूपमा विस्तार गर्न भने चुनौती देखिएको छ। कलेजो तथा मिर्गौला प्रत्यारोपणविज्ञ डा. पुकारचन्द्र श्रेष्ठका अनुसार एक जना मृत अङ्गदाताबाट आठभन्दा बढी बिरामीको जीवन बचाउन सकिन्छ। उहाँले मृत्युपछि अङ्गदान गर्न र प्रत्यारोपण गर्न सके धेरै बिरामीलाई राहत हुने भन्दै नेपालमा जीवित दाताबाट हुने मिर्गौला तथा कलेजो प्रत्यारोपण सेवा विस्तार हुँदै आएको जानकारी दिनुभएको छ। अङ्ग प्रत्यारोपण सेवा विस्तार भइरहे पनि मृत्युपछि हुने अङ्गदानलाई अझै प्रभावकारी रूपमा अगाडि बढाउन सकिएको छैन। मृत्युपछि हुने अङ्गदानका लागि जनचेतना मात्र पर्याप्त हुँदैन। यसका लागि सम्भावित दाता पहिचान गर्ने अस्पतालस्तरीय संयन्त्र बनाउनु पर्छ। सघन उपचार सेवा, दक्ष स्वास्थ्यकर्मी, प्रत्यारोपण समन्वयकर्ता, अङ्ग निकाल्ने तथा सुरक्षित राख्ने प्रविधि, छिटो स्थानान्तरण गर्ने व्यवस्था र राष्ट्रियस्तरको पारदर्शी अङ्ग वितरण प्रणाली विकास गर्न जरुरी छ। अङ्गदान नै मानव जातिका लागि महादान हो। यस्तो पवित्र कार्यप्रति समाजको सोच बदलिने हो भने हजारौँ मानिसले नयाँ जीवन पाउन सक्छन्।

## १२५ वर्ष अघिको गोर्खापत्र

१९५८ साल वैशाख २४ गते सोमबार


विज्ञापन

कसैले मैले यो काम जाने को छ. जागिर पाँउ भन्येर एस ठाँउमा मैले धाउपात्रा भनी भन्न आया. दामलिइ छापि दिन्छौं. सर्कार कोर. दुनिञाको. फाइदा हुन्या कुरा छपाउन ल्याया छापि दिन्छौं.

### विज्ञापन

कसैले मैले यो काम जाने को छ.
जागिर पाँउ भन्येर एस ठाउँमा मैले
धाउपात्रा भनी भन्न आया. दामलिइ छापि दिन्छौं.
सर्कार कोर. दुनिञाको. फाइदा हुन्या
कुरा छपाउन ल्याया छापि दिन्छौं.

### चिन्तन

एकं हन्यात्र या हन्यादिषुर्मुक्तो धनुष्मता ।
बुद्धिर्बुद्धिमतोत्सृष्टा हन्याद् राष्ट्र सराजकम् ॥

**कुनै धनुर्धर वीर व्यक्तिद्वारा छाडिएको वाणले सम्भवतः एकलाई मात्रै नमार्ला तर बुद्धिमानद्वारा प्रयुक्त बुद्धिले राजाका साथसाथै सम्पूर्ण राष्ट्रको विनाश गर्न सक्छ ।**

– विदुर नीति

### लेखक तथा साहित्यकारहरूमा अनुरोध

गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौँ :

**विचार तथा पाठक पत्रका लागि**
gopafeature@gmail.com

**शनिबार परिशिष्टाङ्कका लागि**
gopashanibar@gmail.com

# उदाउँदो लगानी गन्तव्य





डा. शोभाकर पराजुली

नेपालको अर्थतन्त्र यतिबेला निर्णायक मोडमा उभिएको छ। लामो राजनीतिक सङ्क्रमण, कमजोर औद्योगिक आधार, सीमित आन्तरिक उत्पादन, न्यून उत्पादकत्व र पर्याप्त रोजगारी सिर्जना गर्न नसक्ने अवस्थाका कारण अर्थतन्त्रले लामो समयदेखि संरचनात्मक चुनौती सामना गर्दै आएको छ। यस अवधिमा केही महत्त्वपूर्ण आधार तयार भएकाले नेपालको आर्थिक भविष्यलाई नयाँ दिशातर्फ लैजान सक्छन्। जलविद्युत् उत्पादनको विस्तार, सडक तथा डिजिटल पूर्वाधारमा भइरहेको लगानी, पर्यटनको पुनरुत्थान, सूचना प्रविधिमा नेपाली युवाको बढ्दो क्षमता, प्रवासी नेपालीको आर्थिक योगदान तथा भारत र चीन जस्ता विशाल अर्थतन्त्रको बिचमा रहेको नेपालको भौगोलिक अवस्थिति आजका प्रमुख अवसर हुन्।

नेपालमा रहेको पर्याप्त सम्भावनालाई उत्पादनशील लगानी, रोजगारी र आर्थिक समृद्धिमा कसरी रूपान्तरण गर्ने भन्ने हो। अर्थशास्त्रीय दृष्टिले लगानी कुनै पनि अर्थतन्त्रको उत्पादन क्षमता विस्तार गर्ने प्रमुख माध्यम हो। पुँजी निर्माण बढेपछि उत्पादनका साधन विस्तार हुन्छन्, प्रविधिको प्रयोग बढ्छ, श्रम उत्पादकत्व सुधार हुन्छ र रोजगारी सिर्जना हुन्छ। दिगो आर्थिक वृद्धिका लागि लगानीको मात्रा मात्र होइन, त्यसको उत्पादकत्व र गुणस्तर पनि महत्त्वपूर्ण हुन्छ।

नेपालमा लगानीको सम्भावना विदेशी लगानीमा मात्र सीमित छैन। घरेलु निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्था, पुँजी बजार, संस्थागत लगानीकर्ता, प्रवासी नेपाली, सार्वजनिक–निजी साझेदारी र विदेशी प्रत्यक्ष लगानी सबैलाई राष्ट्रिय पुँजी निर्माणको प्रक्रियामा जोड्न आवश्यक छ। विशेष गरी विदेशी प्रत्यक्ष लगानीले पुँजीसँगै प्रविधि, व्यवस्थापन क्षमता, अन्तर्राष्ट्रिय बजार र उत्पादनसम्बन्धी नयाँ ज्ञान भित्र्याउन सक्छ। विदेशी लगानीलाई केवल विदेशी मुद्रा भित्र्याउने माध्यमका रूपमा हेर्नु पर्याप्त हुँदैन। यसले देशको उत्पादन क्षमता, निर्यात क्षमता, प्रविधि हस्तान्तरण र रोजगारीमा कस्तो प्रभाव पार्छ भन्ने आधारमा लगानीको मूल्याङ्कन गर्नु पर्छ।

नेपालले अब 'कति विदेशी लगानी आयो ?' भन्ने प्रश्नसँगै 'कस्तो लगानी आयो र त्यसले अर्थतन्त्रमा कति मूल्य अभिवृद्धि गऱ्यो ?' भन्ने प्रश्नलाई पनि प्राथमिकता दिनु पर्छ। नेपालको सबैभन्दा महत्त्वपूर्ण तुलनात्मक लाभ जलविद्युत् हो। जलविद्युत् नेपालको ऊर्जा आवश्यकता पूरा गर्ने माध्यम मात्र होइन, औद्योगिक रूपान्तरणको आधार बन्न सक्ने क्षेत्र हो। विद्युत् उत्पादनमा भइरहेको विस्तारले नेपाललाई ऊर्जा सुरक्षाको नयाँ चरणमा प्रवेश गराइरहेको छ। यसको आर्थिक लाभ विद्युत् उत्पादनमा मात्र सीमित हुनु हुँदैन। देशभित्रै पर्याप्त र भरपर्दो विद्युत् उपलब्ध गराएर उद्योग, कृषि प्रशोधन, विद्युतीय यातायात, सिँचाइ, चिस्यान केन्द्र, डिजिटल पूर्वाधार र ऊर्जामा आधारित उद्योग विस्तार गर्न सकिन्छ। विद्युत् निर्यातबाट विदेशी मुद्रा आर्जन गर्नु महत्त्वपूर्ण छ तर विद्युत्‌को घरेलु उत्पादनशील खपत बढाएर वस्तु तथा सेवा उत्पादन विस्तार गर्न सके त्यसको आर्थिक गुणक प्रभाव अझ ठुलो हुन सक्छ।

यस अर्थमा जलविद्युत् नेपालको ऊर्जा नीतिको मात्र विषय होइन, यो औद्योगिक नीति, व्यापार नीति, लगानी नीति र रोजगारी नीतिसँग प्रत्यक्ष जोडिएको विषय हो। नेपालले 'विद्युत् उत्पादन–विद्युत् खपत–उद्योग–रोजगारी–निर्यात' बिचको आर्थिक सम्बन्धलाई एउटै रणनीतिमा जोड्न आवश्यक छ। पर्याप्त विद्युत् उपलब्ध भएको अवस्थामा नेपालले ऊर्जामा आधारित उद्योग, विद्युतीय यातायात र डिजिटल पूर्वाधारमा प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्न सक्छ। यसबाट जलविद्युत् स्वयम् एउटा निर्यातयोग्य वस्तु मात्र नभई अन्य वस्तु तथा सेवाको उत्पादन लागत घटाउने आधार पनि बन्न सक्छ।

पर्यटन नेपालको अर्को महत्त्वपूर्ण तुलनात्मक लाभ हो। हिमाल, प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पदा र धार्मिक तथा ऐतिहासिक सम्पदाले नेपाललाई विश्व पर्यटन बजारमा विशिष्ट बनाएका छन्। पर्यटनको आर्थिक प्रभाव बढाउन पर्यटकको सङ्ख्या मात्र बढाउनु पर्याप्त हुँदैन। पर्यटकले नेपालमा कति खर्च गर्छ, कति समय बस्छ र उसको खर्चको कति हिस्सा स्थानीय अर्थतन्त्रमा रहन्छ भन्ने महत्त्वपूर्ण हुन्छ। अब पर्यटन रणनीतिले उच्च मूल्य अभिवृद्धि गर्ने पर्यटनलाई प्राथमिकता दिनु पर्छ। साहसिक पर्यटन, सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य तथा आरोग्य पर्यटन, प्रकृति पर्यटन, सम्मेलन पर्यटन र उच्चस्तरीय आतिथ्य सेवामा लगानी बढाउन सके पर्यटकको सङ्ख्या मात्र होइन, प्रतिपर्यटक आर्थिक योगदान पनि बढाउन सकिन्छ।

शिक्षा प्रणाली र श्रम बजारबिचको सम्बन्ध सुधार गर्नु पर्छ। विश्वविद्यालय र प्राविधिक संस्थाबाट उत्पादन हुने जनशक्तिको सिप बजारको आवश्यकतासँग मेल खानु पर्छ। सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, तथ्याङ्क विज्ञान, विद्युतीय इन्जिनियरिङ, स्वचालन र अन्य नयाँ प्रविधिमा दक्ष जनशक्ति विकास गर्न अनुसन्धान तथा उद्योगबिच सहकार्य आवश्यक छ। नेपालको दीर्घकालीन प्रतिस्पर्धात्मकता प्राकृतिक स्रोतबाट मात्र होइन, मानव पुँजीबाट निर्धारण हुने छ। शिक्षा र सिप विकासलाई खर्चभन्दा उत्पादनशील लगानीका रूपमा हेर्नु पर्छ। डिजिटल अर्थतन्त्रको विस्तारसँगै तथ्याङ्क भण्डारण तथा प्रशोधन केन्द्रको आवश्यकता पनि बढ्दै जाने छ। नेपालमा जलविद्युत्‌को सम्भावना र डिजिटल सम्पर्कको विस्तारलाई उपयोग गर्दै ऊर्जा–दक्ष तथा सुरक्षित तथ्याङ्क केन्द्र विकास गर्न सकिन्छ। यस क्षेत्रमा लगानी आकर्षित गर्न भरपर्दो विद्युत्, अन्तर्राष्ट्रिय सञ्चार सम्पर्क, साइबर सुरक्षा, तथ्याङ्क संरक्षण, प्राकृतिक विपत् व्यवस्थापन र स्पष्ट कानुनी संरचना आवश्यक हुन्छ। नेपालले यी आधार तयार गर्न सक्यो भने सूचना प्रविधि सेवा निर्यातसँगै क्षेत्रीय डिजिटल पूर्वाधारको केन्द्र बन्ने सम्भावना पनि विकास गर्न सक्छ।

> नयाँ आर्थिक लगानीको आधार तयार
>
> गुणस्तरीय वैदेशिक लगानी प्राथमिकतामा
>
> जलविद्युत्‌को निर्यात र घरेलु खपत वृद्धि
>
> नीतिगत स्थिरतासँगै प्रशासनिक सुधार

### रोजगारी सिर्जना

नेपालको सबैभन्दा गम्भीर आर्थिक चुनौती रोजगारी सिर्जना हो। पर्याप्त उत्पादनशील रोजगारीको अभावले ठुलो सङ्ख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा जान बाध्य भएका छन्। यसले विप्रेषणमार्फत अर्थतन्त्रलाई महत्त्वपूर्ण सहयोग गरे पनि देशको उत्पादनशील श्रमशक्ति बाहिरिने अवस्थाले दीर्घकालीन आर्थिक विकासमा चुनौती सिर्जना गर्छ। युवालाई विदेश जानबाट रोक्ने प्रशासनिक उपायभन्दा देशभित्रै आकर्षक रोजगारी र उद्यमका अवसर सिर्जना गर्नु प्रभावकारी समाधान हो। उद्योग, ऊर्जा, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधि र सेवा क्षेत्रमा निजी लगानी विस्तार गर्न सके रोजगारीको आधार फराकिलो बनाउन सकिन्छ। विदेशमा रहेका नेपालीसँग पुँजी मात्र होइन, सिप, अनुभव, व्यवस्थापन क्षमता र अन्तर्राष्ट्रिय व्यावसायिक सञ्जाल पनि छ। प्रवासी नेपालीलाई नेपालको आर्थिक रूपान्तरणको साझेदार बनाउने नीति आवश्यक छ। विप्रेषणलाई उपभोगमा मात्र प्रयोग हुने स्रोतबाट बचत, उद्यम र उत्पादनशील लगानीमा रूपान्तरण गर्न सकियो भने यसको आर्थिक प्रभाव धेरै गुणा बढ्न सक्छ। प्रवासी नेपालीले स्थापना गर्ने व्यवसाय, उद्योग तथा लगानीलाई सहज कानुनी संरचना, लगानी सुरक्षा र पारदर्शी प्रक्रियाले प्रोत्साहित गर्नु पर्छ।

लगानी आकर्षित गर्न पूर्वाधारको गुणस्तर निर्णायक हुन्छ। सडक, विद्युत्, प्रसारण लाइन, इन्टरनेट, औद्योगिक क्षेत्र, विमानस्थल, सुक्खा बन्दरगाह, भण्डारण तथा सहरी पूर्वाधारको अवस्था उत्पादन लागतसँग प्रत्यक्ष जोडिएको हुन्छ। नेपालमा पूर्वाधार विकासको समस्या बजेटको अभाव मात्र होइन। आयोजना तयारीको कमजोरी, जग्गा प्राप्तिमा ढिलाइ, वातावरणीय तथा वनसम्बन्धी प्रक्रिया, सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन र अन्तरनिकाय समन्वयमा हुने ढिलाइले परियोजनाको समय र लागत बढाउँछ। लागत बढेपछि लगानीको प्रतिफल घट्छ र निजी लगानीको जोखिम बढ्छ। पूर्वाधार विकासमा बजेट विनियोजनभन्दा परियोजना कार्यान्वयन क्षमता सुधारलाई पनि समान प्राथमिकता दिनु पर्छ।

प्रशासनिक सुधार लगानी वातावरणको अर्को महत्त्वपूर्ण आधार हो। उद्योग दर्ता, विदेशी लगानी स्वीकृति, कर, वातावरणीय अनुमति, जग्गा, विद्युत् र निर्माण अनुमतिका लागि लगानीकर्ताले धेरै निकाय धाउनुपर्ने अवस्था रहिरह्यो भने समय र लागत बढ्छ। एकद्वार प्रणालीलाई वास्तविक अर्थमा प्रभावकारी बनाउन आवश्यक छ। अधिकांश प्रक्रिया डिजिटल बनाउन, निर्णयका लागि निश्चित समयसीमा तोक्न र लगानीकर्ताले आफ्नो परियोजनाको अवस्था अनलाइनबाटै हेर्न सक्ने व्यवस्था गर्न सकिन्छ। यसबाट प्रशासनिक लागत र अनिश्चितता घट्छ तथा लगानीकर्ताको विश्वास बढ्छ।

### आर्थिक पूर्वाधार

लगानीको निर्णयमा प्रतिफलसँगै जोखिम पनि महत्त्वपूर्ण हुन्छ। नेपालको सन्दर्भमा नीतिगत अस्थिरता, कानुनी प्रक्रियाको अनिश्चितता, प्रशासनिक ढिलाइ र सम्झौता कार्यान्वयनसम्बन्धी जोखिमले लगानीको लागत बढाउन सक्छ। लगानीकर्ताले आज गरेको लगानीबाट प्रतिफल प्राप्त गर्न धेरै वर्ष लाग्न सक्छ। उसले वर्तमान सरकारको नीति मात्र होइन, आगामी दशकको नीतिगत वातावरणसमेत मूल्याङ्कन गर्छ। कर, श्रम, विदेशी लगानी, उद्योग, वातावरण तथा विदेशी मुद्रा व्यवस्थामा बारम्बार हुने परिवर्तनले जोखिम बढाउँछ। जोखिम बढेपछि पुँजीको लागत बढ्छ र लगानीको आकर्षण घट्छ। नीतिगत स्थिरता आफैँमा एउटा महत्त्वपूर्ण आर्थिक पूर्वाधार हो।

नेपालको लगानी समस्या केवल विदेशी पुँजीको कमी होइन। यो कमजोर उत्पादन क्षमता, सीमित औद्योगिकीकरण, न्यून उत्पादकत्व, प्रशासनिक जटिलता, नीतिगत अनिश्चितता र पर्याप्त लगानीयोग्य परियोजनाको अभावसँग पनि जोडिएको छ। समाधान पनि बहुआयामिक हुनु पर्छ। जलविद्युत्‌लाई उद्योगसँग, पर्यटनलाई स्थानीय उत्पादनसँग, युवालाई उद्यमशीलतासँग, सूचना प्रविधिलाई विश्व बजारसँग र प्रवासी नेपालीको पुँजीलाई घरेलु उत्पादनसँग जोड्न सकियो भने नेपालको आर्थिक संरचनामा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ। नेपाल अब केवल 'सम्भावनाको देश' भनेर चिनिन पर्याप्त छैन। सम्भावनालाई लगानीयोग्य परियोजनामा, लगानीलाई उत्पादनमा, उत्पादनलाई रोजगारीमा, रोजगारीलाई आयमा र आयलाई समावेशी समृद्धिमा रूपान्तरण गर्ने संस्थागत क्षमता निर्माण गर्नु पर्छ। त्यसका लागि स्थिर नीति, सक्षम प्रशासन, गुणस्तरीय पूर्वाधार, प्रतिस्पर्धी वित्तीय प्रणाली, दक्ष जनशक्ति र निजी क्षेत्रप्रतिको विश्वास आवश्यक छ। नेपाल सम्भावनाको देश मात्र होइन, सही नीति, पुँजी, प्रविधि र कार्यान्वयनका आधारमा नेपाल उदाउँदो लगानी गन्तव्य बन्न सक्छ। अब सम्भावनालाई परिणाममा बदल्ने समय आएको छ।

# युवाशक्ति परिचालन



निशा चौधरी

युवाशक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो। युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्ति हुन्। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण युवा वर्ग राष्ट्रको प्रमुख धरोहरका रूपमा रहेको हुन्छ, जसलाई राष्ट्रनिर्माणको प्रमुख स्रोतसमेत मानिन्छ।

युवा प्रगति, परिवर्तन एवं क्रान्तिका दूत हुन्। विश्वभरका युवालाई सही दिशा र एउटा सुन्दर भविष्यको प्रेरणा प्रदान गर्न सकियो भने त्यसले अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुको सार्थकता रहन्छ। युवा दिवस मनाउनुको प्रमुख उद्देश्य विश्वभरिका युवालाई जागृत गर्नु पनि हो। युवाशक्तिको सदुपयोग गरेर विश्वको सुन्दर भविष्यको सङ्कल्प साकार गर्नु हो।

आजको युवामा उत्कृष्ट विचार र रचनात्मक ऊर्जा छ। युवाशक्ति देशको ठुलो धन हो। युवाको अनुहार नै वर्तमान र भविष्यको अनुहार हो। तिनै देशको भविष्यको अनुहार मानिने र परिवर्तनको संवाहक मानिने नेपाली युवाको अवस्था र सहभागिता भने उत्साहजनक छैन। राष्ट्रिय विकासमा युवाको सहभागिता न्यून छ। युवावस्था जीवनको त्यो अवधि हो, जुन शक्ति र क्षमतासँगै अगाडि बढ्छ। विडम्बना नेपाली युवाको शक्ति र क्षमता अवसरबाट वञ्चित हुँदा क्षीण भएका छन्। युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्न नसक्दा कैयौँ युवाका सपना गर्भमै तुहिएका छन्। युवाले अधिकारसहित राज्यको सेवा सुविधा नपाउँदा गैरसामाजिक तथा दुर्व्यसनीमा फसेका छन्।

सरकार तथा युवासम्बन्धी काम गर्ने सम्बन्धित सङ्घ संस्थाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण अझै पनि सिर्जना गर्न सकेका छैनन्। युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने नीति तथा निर्देशन गरिएको छैन। शिक्षा आर्जनका क्रममा तथा रोजगारी तथा वृत्तिविकासको अवस्थामा रहेका युवाका मुद्दा तथा प्राथमिकतालाई ध्यान दिइएको छैन। वैदेशिक रोजगारी र अध्ययनका लागि दैनिक सैयौँको सङ्ख्यामा पलायन हुने युवालाई रोक्न सकिएको छैन। युवालाई देशभित्र बाँधेर राख्न प्रशस्त मात्रामा युवा आकर्षिक कार्यक्रम तयार गर्न सकिएको छैन। यस सम्बन्धमा न राज्य गम्भीर भएर लागेको छ, न त यस सम्बन्धमा सरकारलाई सुनाउन सक्ने गरी कसैले आवाज बुलन्द नै गरेको छ।

बिदेसिएका सिर्जनशील, प्रतिभावान्, क्षमतावान् युवालाई स्वदेशमै फर्काउन यथेष्ठ प्रयास पनि गर्न सकिएको छैन। गुणस्तरीय, समयसापेक्ष, रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सिप र प्रविधिमा न्यून पहुँच, बेरोजगारी र अर्धबेरोजगारी, युवा पलायन, कमजोर स्वास्थ्य पोषण र मनोबल, युवामैत्री लगाानी र उद्यमशील वातावरणको अभाव, लैङ्गिक, क्षेत्रीय, जातीय असमानता तथा विश्वव्यापीकरण र उदारीकरणले ल्याएका नकारात्मक प्रभाव नेपाली युवाका समस्या एवं चुनौतीका रूपमा रहेका छन्। नेपालको समृद्ध भविष्य निर्माण गर्ने सबैभन्दा ठुलो शक्ति युवा हो। उनीहरूको ऊर्जा, सिर्जनशीलता र क्षमताको सही उपयोग गर्न सके देशले द्रुत आर्थिक, सामाजिक र प्राविधिक विकास गर्न सक्छ। सरकारले युवालाई केन्द्रमा राखेर साहसी, दूरदर्शी र परिणाममुखी निर्णय लिन आवश्यक छ।

> युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक भएकाले राष्ट्रिय नीतिबाट विशेष रूपमा सम्बोधन गरी राष्ट्रनिर्माणमा अग्रसर गराउनु अहिलेको प्रमुख आवश्यकता हो ।

युवा राष्ट्रका महत्त्वपूर्ण स्रोत भएकाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत जनजीवनका हरेक क्षेत्रमा उनीहरूमा निहित क्षमताको विकास गरी राष्ट्रनिर्माणमा अग्रसर गराउन जरुरी छ। सिर्जनशीलता, वैज्ञानिकता, जिम्मेवारीपूर्ण व्यवहार, उद्यमशीलता, नागरिक सोच र जवाफदेहिताको विकास गरी न्याय र नैतिकतामा आधारित स्वच्छ सामाजिक जीवनको विकास गर्न युवाको अन्तर्निहित क्षमताको विकास गर्न आवश्यक छ।

युवा प्रतिभा पलायन रोक्न उपयुक्त व्यवस्थापन तथा विश्वव्यापी रूपमै सिर्जना हुने अवसरमा नेपाली युवाको पहुँच सुनिश्चित गर्नु पर्छ। युवाको आधारभूत अधिकारको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गर्न सक्नु पर्छ। सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूल धारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्य लिनु पर्छ। बढ्दो वैदेशिक पलायन रोक्न सरकारले स्वदेशमै सम्मानजनक रोजगारी सिर्जना गर्ने उद्योग, कृषि, पर्यटन र सूचना प्रविधि क्षेत्रमा लगानी बढाउनु पर्छ। आधुनिक कृषि अपनाउने युवालाई अनुदान, कर छुट, बजारको पहुँच र प्रविधिको सुविधा उपलब्ध गराइनु पर्छ। खेलकुद, अनुसन्धान, नवप्रवर्तन र सिर्जनशील क्षेत्रमा लागेका युवालाई विशेष प्रोत्साहन दिँदा उनीहरूको क्षमता राष्ट्रनिर्माणमा उपयोग गर्न सकिन्छ।

युवाको आवाज सुन्ने, उनीहरूको सुझावलाई सम्मान गर्ने र नेतृत्व विकासका अवसर सिर्जना गर्ने सरकार नै भविष्यप्रति उत्तरदायी सरकार हुन्छ। श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त नैतिक, सुसंस्कृत, सिर्जनशील र व्यावसायिक रूपमा दक्ष युवा तयार पार्ने लक्ष्य लिनु पर्छ। युवालाई परिवर्तनको संवाहक र उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य मान्यता बोध गराउनु पर्छ।

युवालाई अवसर, सिप, रोजगारी, न्याय र विश्वास दिने साहसी निर्णय आजैबाट लागु गर्न सके नेपाललाई समृद्ध, आत्मनिर्भर र विकसित राष्ट्र बनाउने लक्ष्य नजिक पुग्न सकिन्छ। युवाको संवेदनशीलतालाई दृष्टिगत गरी जीवनयापनका विविध पक्षबारे मार्गदर्शन गर्नु राज्यको प्रमुख दायित्व हो। युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक भएकाले राष्ट्रिय नीतिबाट विशेष रूपमा सम्बोधन गरी राष्ट्रनिर्माणमा अग्रसर गराउनु अहिलेको प्रमुख आवश्यकता हो। युवाशक्ति कुनै पनि देशको त्यो तागत हो; जसले देशको भविष्यलाई बदल्न सक्छ। युवाको हक हितको संरक्षण र संवर्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न जरुरी छ।

# बैङ्किङ क्षेत्रका नयाँ आयाम



विष्णुप्रसाद पौडेल




- अर्थतन्त्रमा बैङ्किङ क्षेत्रको महत्त्वपूर्ण योगदान
- पर्याप्त तरलता भए पनि कर्जा माग सुस्त
- डिजिटल बैङ्किङको तीव्र विस्तार र समावेशीकरण
- निष्क्रिय कर्जा वृद्धि मुख्य चुनौती बन्दै
- आधुनिक प्रविधि र दक्ष जनशक्ति आवश्यक

बैङ्किङ क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्ड मानिन्छ। बचत सङ्कलन, लगानी प्रवाह, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा आर्थिक गतिविधिलाई गति दिने प्रमुख माध्यम बैङ्क तथा वित्तीय संस्था नै हुन् । विगत दुई दशकमा नेपालमा बैङ्किङ क्षेत्रले उल्लेखनीय विस्तार गरेको छ। गाउँदेखि सहरसम्म बैङ्किङ पहुँच बढेको छ। डिजिटल बैङ्किङ सेवाको विस्तार भएको छ, वित्तीय समावेशीकरणमा सुधार आएको छ तथा नियामकीय व्यवस्था पनि क्रमशः सुदृढ बनेका छन् । यद्यपि पछिल्ला केही वर्षमा आर्थिक मन्दी, निजी क्षेत्रको कमजोर लगानी, कर्जा विस्तारमा सुस्तता, निष्क्रिय कर्जाको वृद्धि, रियल स्टेट क्षेत्रको मन्दी तथा उद्योग–व्यवसायमा आएको सुस्तताले बैङ्किङ क्षेत्रलाई नयाँ चुनौती पनि सिर्जना गरेको छ । एकातर्फ बैङ्कमा पर्याप्त तरलता रहेको छ भने अर्कोतर्फ गुणस्तरीय कर्जाको माग अपेक्षाकृत कम देखिएको छ। यस अवस्थाले बैङ्किङ प्रणालीको दक्षता, जोखिम व्यवस्थापन र दीर्घकालीन स्थायित्वबारे नयाँ बहस सुरु गरेको छ । नेपालको बैङ्किङ क्षेत्रको संरचना नेपाल राष्ट्र बैङ्कको नियमन अन्तर्गत वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी तथा लघुवित्त वित्तीय संस्था सञ्चालनमा रहेका छन् । पछिल्ला वर्षमा मर्जर तथा एक्विजिसन नीतिका कारण संस्थाको सङ्ख्या घट्दै गएको भए पनि पुँजी, प्रविधि तथा प्रतिस्पर्धात्मक क्षमता बढेको छ।

नेपाल राष्ट्र बैङ्कका पछिल्ला तथ्याङ्क अनुसार देशभर बैङ्क तथा वित्तीय संस्थाका ११ हजारभन्दा बढी शाखा सञ्चालनमा छन्। कुल इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या सयभन्दा बढी रहेको छ, जसले देशका अधिकांश स्थानीय तहमा बैङ्किङ सेवा पुऱ्याएका छन् । आर्थिक परिवेश र बैङ्किङ अवस्थामा हाल नेपालको बैङ्किङ प्रणालीमा पर्याप्त तरलता छ। कुल निक्षेप आठ खर्ब रुपियाँभन्दा धेरै पुगेको छ भने कुल कर्जा करिब छ खर्ब रुपियाँको हाराहारीमा छ। कर्जा–निक्षेप अनुपात नियामकीय सीमाभित्र छ, जसले प्रणालीमा लगानीयोग्य स्रोत उपलब्ध रहेको सङ्केत गर्छ। तरलता पर्याप्त हुँदाहुँदै पनि निजी क्षेत्रबाट कर्जाको माग अपेक्षाकृत कमजोर छ । उद्योग, निर्माण, आवास तथा रियल स्टेट क्षेत्रमा सुस्त गतिविधिका कारण बैङ्कले अपेक्षित रूपमा नयाँ कर्जा विस्तार गर्न सकेका छैनन् । निजी क्षेत्रतर्फ कर्जा वृद्धिदर पनि एकल अङ्कमै सीमित देखिएको छ। डिजिटल बैङ्किङमा तीव्र परिवर्तन नेपालको बैङ्किङ क्षेत्रको सबैभन्दा सकारात्मक परिवर्तन डिजिटल प्रविधिको तीव्र विस्तार हो । मोबाइल बैङ्किङ, इन्टरनेट बैङ्किङ, क्युआर कोडमार्फत भुक्तानी, डिजिटल वालेट, अन्तरबैङ्क विद्युतीय कारोबार तथा रियल टाइम भुक्तानी प्रणालीको प्रयोग उल्लेखनीय रूपमा बढेको छ। ग्राहक बैङ्क शाखामा नगई घरबाटै खाता सञ्चालन, रकम स्थानान्तरण, विद्युत्, खानेपानी, इन्टरनेट, विद्यालय शुल्क तथा सरकारी राजस्वसमेत तिर्न सक्ने अवस्थामा पुगेका छन्। यसले कारोबारको लागत घटाउनुका साथै पारदर्शिता र सेवाको गुणस्तर बढाएको छ।

नेपाल राष्ट्र बैङ्कले डिजिटल वित्तीय सेवा, साइबर सुरक्षा तथा विद्युतीय भुक्तानी प्रणालीलाई थप सुरक्षित र प्रभावकारी बनाउन निरन्तर नीति तथा निर्देशन जारी गर्दै आएको छ । वित्तीय समावेशीकरणमा उल्लेखनीय प्रगति विगतको तुलनामा ग्रामीण क्षेत्रमा बैङ्किङ पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ । स्थानीय तहमा शाखा विस्तार, शाखारहित बैङ्किङ सेवा, मोबाइल बैङ्किङ तथा डिजिटल वित्तीय सेवाका कारण बैङ्किङ सेवा सर्वसाधारणसम्म पुगेको छ। सरकारद्वारा सामाजिक सुरक्षा भत्ता, कर्मचारी तलब, विभिन्न अनुदान तथा अन्य भुक्तानी बैङ्क खातामार्फत वितरण गरिन थालेपछि बैङ्किङ संस्कृतिको विकासमा थप सहयोग पुगेको छ । यसले औपचारिक वित्तीय प्रणालीप्रतिको विश्वाससमेत बढाएको छ।

> दक्ष मानव संसाधन र आधुनिक प्रविधिको समुचित संयोजनले बैङ्किङ सेवाको गुणस्तर, कार्यकुशलता, सुरक्षा र ग्राहक सन्तुष्टि वृद्धि गर्नुका साथै बैङ्किङ क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने छ।

### बैङ्किङ क्षेत्र थप सुदृढ

यद्यपि बैङ्किङ क्षेत्रले उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि विभिन्न चुनौती अझै कायम छन्। पहिलो चुनौती निष्क्रिय कर्जाको वृद्धि हो। नेपालको बैङ्किङ क्षेत्रका प्रमुख चुनौतीमध्ये निष्क्रिय कर्जाको वृद्धि एक महत्त्वपूर्ण समस्या बनेको छ। नेपाल राष्ट्र बैङ्कका अनुसार २०८३ जेठ मसान्तसम्म क, ख र ग वर्गका बैङ्क तथा वित्तीय संस्थाको औसत निष्क्रिय कर्जा ६.०२ प्रतिशत पुगेको छ। आर्थिक गतिविधिमा आएको सुस्तता, उद्योग–व्यवसायको कमजोर वित्तीय अवस्था, निर्माण तथा रियल स्टेट क्षेत्रमा देखिएको मन्दी र ऋणीको भुक्तानी क्षमतामा आएको गिरावटका कारण निष्क्रिय कर्जा बढेको हो । निष्क्रिय कर्जा वृद्धि हुँदा बैङ्कको नाफा, कर्जा प्रवाह क्षमता तथा समग्र वित्तीय स्थायित्वमा दबाब पर्ने भएकाले यसको प्रभावकारी व्यवस्थापन अहिले बैङ्किङ क्षेत्रको प्रमुख चुनौती बनेको छ। यसले नाफा, पुँजी पर्याप्तता तथा लगानी क्षमतामा प्रत्यक्ष प्रभाव पार्न सक्छ। दोस्रो चुनौती गुणस्तरीय कर्जाको अभाव हो। हाल बैङ्क तथा वित्तीय संस्थामा पर्याप्त निक्षेप र लगानीयोग्य तरलता भए पनि उत्पादनमूलक तथा आर्थिक रूपमा व्यवहार्य परियोजनाको कमी, निजी क्षेत्रको लगानीमा सुस्तता, उद्योग–व्यवसायको कमजोर विस्तार, निर्माण तथा रियल स्टेट क्षेत्रमा आएको मन्दी र समग्र आर्थिक गतिविधि अपेक्षाकृत कमजोर रहँदा गुणस्तरीय कर्जाको माग पर्याप्त रूपमा बढ्न सकेको छैन।

बैङ्कले उपलब्ध स्रोतलाई सुरक्षित र लाभदायक क्षेत्रमा परिचालन गर्न कठिनाइ भोगिरहेका छन्। यसले कर्जा विस्तार, नाफा आर्जन तथा समग्र आर्थिक वृद्धिमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। भविष्यमा उत्पादनमूलक उद्योग, कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि तथा साना–मझौला उद्यममा लगानी बढाउन सके गुणस्तरीय कर्जाको माग विस्तार भई बैङ्किङ क्षेत्र थप सुदृढ बन्न सक्ने अपेक्षा गरिएको छ। बैङ्कसँग लगानीयोग्य रकम भए पनि उत्पादनमूलक तथा जोखिम न्यून भएका परियोजनाको अभावले कर्जा विस्तार सीमित बनेको छ । तेस्रो चुनौती साइबर सुरक्षा हो। डिजिटल बैङ्किङ, मोबाइल बैङ्किङ, इन्टरनेट बैङ्किङ, क्युआर भुक्तानी, कार्ड कारोबार तथा विद्युतीय भुक्तानी प्रणालीको तीव्र विस्तारसँगै साइबर जोखिम पनि बढ्दै गएको छ। फिसिङ, अनधिकृत पहुँच, मालवेयर आक्रमण, डाटा चोरी, अनलाइन ठगी तथा डिजिटल पहिचान दुरुपयोग जस्ता घटनाले बैङ्किङ प्रणालीको सुरक्षा र ग्राहकको विश्वासमा चुनौती सिर्जना गर्न सक्छन्। यसलाई न्यूनीकरण गर्न बैङ्क तथा वित्तीय संस्थाले आधुनिक सूचना सुरक्षा प्रणाली, बहुतह प्रमाणीकरण, नियमित सुरक्षा परीक्षण, कर्मचारी तथा ग्राहकमा साइबर सचेतना अभिवृद्धि र अन्तर्राष्ट्रिय सूचना सुरक्षा मापदण्ड पालना गर्न आवश्यक छ।

### सुरक्षा प्रणालीमा थप लगानी

नेपाल राष्ट्र बैङ्कले जारी गरेका साइबर सुरक्षासम्बन्धी निर्देशनको प्रभावकारी कार्यान्वयन पनि बैङ्किङ प्रणालीलाई सुरक्षित र विश्वसनीय बनाउन अपरिहार्य छ । डिजिटल बैङ्किङको विस्तारसँगै साइबर आक्रमण, अनलाइन ठगी, डेटा सुरक्षालगायतका जोखिम पनि बढिरहेका छन् । यसका लागि बैङ्कले सूचना सुरक्षा प्रणालीमा थप लगानी गर्नुपर्ने आवश्यकता छ। चौथो चुनौती दक्ष मानव संसाधन र प्रविधिको निरन्तर विकास हो। नेपालको बैङ्किङ क्षेत्रको दिगो विकासका लागि आवश्यक पक्ष हो । बैङ्किङ सेवा दिनप्रतिदिन डिजिटल, प्रविधिमैत्री र ग्राहककेन्द्रित बन्दै गइरहेको अवस्थामा कर्मचारीको ज्ञान, सिप र व्यावसायिक दक्षतालाई निरन्तर अभिवृद्धि गर्नुपर्ने आवश्यकता बढेको छ। कृत्रिम बुद्धिमत्ता, बिग डेटा, क्लाउड कम्प्युटिङ, डेटा विश्लेषण, डिजिटल भुक्तानी प्रणाली तथा साइबर सुरक्षा जस्ता नयाँ प्रविधिको प्रभावकारी प्रयोग गर्न सक्षम जनशक्ति उत्पादन गर्नु समयको आवश्यकता हो । बैङ्कले कर्मचारीलाई नियमित तालिम, क्षमता अभिवृद्धि कार्यक्रम, प्रविधिमैत्री, कार्यसंस्कृति तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्नु पर्छ । दक्ष मानव संसाधन र आधुनिक प्रविधिको समुचित संयोजनले बैङ्किङ सेवाको गुणस्तर, कार्यकुशलता, सुरक्षा र ग्राहक सन्तुष्टि वृद्धि गर्नुका साथै बैङ्किङ क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने छ। आधुनिक बैङ्किङ प्रविधिसँगै कर्मचारीको सिप अभिवृद्धि अपरिहार्य बन्दै गएको छ।

नेपाल राष्ट्र बैङ्कले पछिल्ला वर्षमा आर्थिक गतिविधि बढाउन विभिन्न मौद्रिक उपाय अवलम्बन गर्दै आएको छ । ब्याजदरमा सहजता, तरलता व्यवस्थापन, पुनर्कर्जा सुविधा, कर्जा नीतिमा लचकता तथा विभिन्न नियामकीय व्यवस्थामार्फत निजी क्षेत्रलाई प्रोत्साहन गर्ने प्रयास गरिएको छ। यद्यपि मौद्रिक नीति मात्र पर्याप्त हुँदैन । आर्थिक गतिविधि बढाउन वित्तीय नीति, पूर्वाधार विकास, निजी क्षेत्रको विश्वास तथा लगानीमैत्री वातावरण पनि समान रूपमा आवश्यक हुन्छ। विप्रेषण र बैङ्किङ क्षेत्र नेपालको बैङ्किङ प्रणालीलाई स्थिर राख्न विप्रेषणको ठुलो योगदान छ । बैङ्किङ क्षेत्र तथा समग्र अर्थतन्त्रको प्रमुख आधारमध्ये एक हो। वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाएको रकम बैङ्क तथा औपचारिक विप्रेषण प्रणालीमार्फत देशमा भित्रिने भएकाले बैङ्कको निक्षेप आधार सुदृढ भएको छ। यसले तरलता व्यवस्थापन, विदेशी मुद्रा सञ्चिति वृद्धि, भुक्तानी सन्तुलन कायम राख्न तथा वित्तीय प्रणालीको स्थायित्वमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

नेपाल राष्ट्र बैङ्कका अनुसार आर्थिक वर्ष २०८२/८३ को ११ महिना (२०८३ जेठ मसान्त) सम्म विप्रेषण आप्रवाह करिब १६ खर्ब ९५ अर्ब पुगेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा उल्लेखनीय वृद्धि हो। विप्रेषणको ठुलो हिस्सा बैङ्किङ प्रणालीमार्फत आउने भएकाले बैङ्कको निक्षेप सङ्कलन क्षमता बढेको छ । यद्यपि विप्रेषणलाई मुख्यतः उपभोगमा मात्र सीमित नराखी उत्पादनमूलक क्षेत्र, उद्योग, कृषि, पर्यटन तथा पूर्वाधार विकासमा परिचालन गर्न सके यसले दीर्घकालीन आर्थिक विकास र बैङ्किङ क्षेत्रको दिगोपनामा अझ ठुलो योगदान पुऱ्याउन सक्छ। विदेशमा कार्यरत नेपालीले पठाएको रकम बैङ्किङ प्रणालीमार्फत भित्रिने भएकाले निक्षेप वृद्धि, विदेशी मुद्रा सञ्चिति तथा तरलता व्यवस्थापनमा सकारात्मक प्रभाव परेको छ। नेपाल राष्ट्र बैङ्कका तथ्याङ्क अनुसार विप्रेषण आप्रवाह निरन्तर वृद्धि भइरहेको छ, जसले बैङ्किङ प्रणालीमा पर्याप्त निक्षेप उपलब्ध गराउन सहयोग पुऱ्याएको छ।

### हरित तथा दिगो वित्त

बैङ्किङ क्षेत्र सुधारका आवश्यक पक्ष आगामी दिनमा नेपालको बैङ्किङ क्षेत्रलाई अझ प्रभावकारी बनाउन केही महत्त्वपूर्ण सुधार आवश्यक छ । उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाउने, साना तथा मझौला उद्यमलाई सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराउने, निष्क्रिय कर्जा व्यवस्थापनलाई प्रभावकारी बनाउने, डिजिटल बैङ्किङको सुरक्षा सुदृढ गर्ने, कृत्रिम बुद्धिमत्ता, बिग डेटा तथा डिजिटल विश्लेषणलाई बैङ्किङ सेवामा समावेश गर्नु पर्छ । हरित तथा दिगो वित्तलाई प्राथमिकता दिने, ग्राहक संरक्षण तथा वित्तीय साक्षरतामा जोड दिने, नियामकीय पारदर्शिता र सुशासनलाई थप सुदृढ बनाउने।

बैङ्कले हरित कर्जा विस्तार, वातावरणीय जोखिम मूल्याङ्कन, दिगो लगानी नीति र ऊर्जा दक्ष प्रविधिको प्रयोगलाई प्राथमिकता दिन सकेमा नेपालको वित्तीय प्रणाली थप जिम्मेवार, सुरक्षित र अन्तर्राष्ट्रिय अभ्यास अनुकूल बन्न सक्छ। नेपालको बैङ्किङ क्षेत्र आगामी दशकमा अझ आधुनिक, प्रविधिमैत्री तथा प्रतिस्पर्धी बन्ने सम्भावना प्रबल छ। डिजिटल बैङ्किङ, फिनटेक, कृत्रिम बुद्धिमत्ता, क्लाउड कम्प्युटिङ तथा डेटा विश्लेषण जस्ता नवीन प्रविधिको प्रयोगले बैङ्किङ सेवामा आमूल परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रिय अभ्यास अनुसार वातावरणमैत्री लगानी, दिगो विकास वित्त, हरित परियोजना तथा नवप्रवर्तनमुखी उद्यममा बैङ्कको भूमिका अझ बढ्ने छ। आर्थिक गतिविधि पुनः तीव्र गतिमा अघि बढ्यो, निजी क्षेत्रको लगानी विस्तार भयो, उद्योग तथा उत्पादन क्षेत्र सक्रिय बने र नियामकीय सुधार प्रभावकारी रूपमा कार्यान्वयन भए भने बैङ्किङ क्षेत्र दक्षिण एसियामै प्रतिस्पर्धी र सुदृढ वित्तीय प्रणालीका रूपमा विकास हुने छ।

# दलित आन्दोलनमा पुस्तान्तरण



गोपाल बराइली

- दलित आन्दोलन सम्मान, समानता र अधिकारको सङ्घर्ष
- आन्दोलनले समाजमा धेरै कानुनी उपलब्धि दिलाएका छन्
- युवापुस्ता नयाँ शैली र डिजिटल माध्यमबाट आवाज उठाउँदै
- पुरानो र नयाँ पुस्ताबिच कार्यशैलीमा केही दुरी देखियो
- सफलताका लागि पुस्तागत समन्वय र एकता अपरिहार्य

नेपालको दलित आन्दोलन दसकौँ लामो इतिहास बोकेको सामाजिक न्यायको आन्दोलन हो । यो आन्दोलन कुनै एक व्यक्तिको नेतृत्व वा कुनै एक राजनीतिक दलको अभियान होइन, बरु सम्मान, समानता र मानव अधिकारका लागि पुस्तौँदेखि चल्दै आएको सङ्घर्षको निरन्तरता हो। पानीको धारा छुन नपाउने अवस्थादेखि सार्वजनिक धारामा पानी भर्ने अधिकारसम्म, मन्दिर प्रवेश निषेधदेखि धार्मिक समानताको अधिकारसम्म, मृत जनावरको सिनो उठाउन बाध्य बनाइने परम्परादेखि त्यसको बहिष्कारसम्म आइपुग्दा आन्दोलनले धेरै उपलब्धि हासिल गरेको छ तर आज त्यही आन्दोलन सुस्ताएको अनुभूति भइरहेको छ। यति लामो इतिहास बोकेको आन्दोलन कमजोर भएको हो कि आन्दोलनको शृङ्खला नै टुट्न थालेको हो ? अझ गम्भीर प्रश्न खडा भएको छ।

दीपा नेपालीले लामो समयदेखि माइतीघर मण्डलामा दलित आन्दोलनमा एउटा उचाइ थप्ने गरी 'सरकार कोठा खाली छ ?' भनेर गरिरहेको पछिल्लो नेपालको दलित आन्दोलनदेखि विसं १९९७ तिरको छुवाछुतविरोधी अभियानसम्म अध्ययन गर्न जरुरी छ । विसं २०११ मा सहर्षनाथ कपाली, सिद्धिबहादुर खड्गीलगायतको सक्रियतामा पशुपतिनाथ मन्दिर प्रवेशलगायतका आन्दोलनले धार्मिक स्थलमा दलितको प्रवेश अधिकारलाई राष्ट्रिय बहसको विषय बनायो। विसं २०२१ मा भोजपुरको सिद्धकाली मन्दिर प्रवेश आन्दोलन र अन्य स्थानीय अभियानले दलित आन्दोलनलाई गाउँ गाउँसम्म विस्तार गऱ्यो।

२०४६ सालको राजनीतिक परिवर्तनपछि दलित आन्दोलनले नयाँ गति लियो। यस अवधिमा पानी भराउ आन्दोलन, मन्दिर प्रवेश आन्दोलन, होटेल प्रवेश आन्दोलन र सार्वजनिक सेवामा समान पहुँचका लागि देशभर अभियान सञ्चालन भए । सिन्धुपाल्चोक, काभ्रेलगायतका जिल्लामा पानी भराउ आन्दोलनले दलित समुदायलाई सार्वजनिक धाराबाट पानी भर्ने अधिकार दिलाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो । त्यस्तै गोरखा, नवलपरासी, धनकुटा, चितवन, डोटीलगायतका जिल्लामा भएका मन्दिर प्रवेश आन्दोलनले धार्मिक विभेदलाई चुनौती दिए भने अन्य सांस्कृतिक आन्दोलनले सामाजिक चेतनामा ठुलो परिवर्तन ल्याए । विसं २०५६/५७ मा सिराहा–सप्तरीमा भएको 'सिनो बहिष्कार आन्दोलन' दलित आन्दोलनको अर्को ऐतिहासिक अध्याय बन्यो । पुस्तौँदेखि चमार समुदायमाथि जबरजस्ती थोपरिएको मृत जनावर उठाउने प्रथाविरुद्ध समुदाय एकजुट भएर उभियो । यो आन्दोलनले केवल एउटा परम्पराको अन्त्यको माग गरेन, बरु दलित समुदायको आत्मसम्मानको घोषणा गऱ्यो।

> पुरानो पुस्ताको अनुभव र युवाको ऊर्जा एकै ठाउँमा जोड्न सकिए मात्र आन्दोलन प्रभावकारी बन्न सक्छ। नेतृत्व हस्तान्तरण, साझा कार्ययोजना, प्रविधिको उपयोग, आर्थिक एजेन्डा र वैचारिक एकताले आन्दोलनलाई नयाँ उचाइ दिन सक्छ।

यी आन्दोलनको उपलब्धि सानो थिएन। नेपालको संविधानमा समानता, समानुपातिक समावेशी सिद्धान्त, दलित अधिकारको संवैधानिक व्यवस्था, विसं २०६८ मा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनको कार्यान्वयन र राज्यका विभिन्न निकायमा समावेशी प्रतिनिधित्वको व्यवस्था आन्दोलनकै प्रतिफल हुन्। दलित समुदायले विद्यालय, मन्दिर, सार्वजनिक धारा, होटेल तथा सरकारी सेवामा प्रवेशका धेरै अवरोध कानुनी रूपमा हटाउन सफल भयो तर यति धेरै उपलब्धिपछि पनि किन दलित समुदाय अझै राज्यको निर्णायक तहमा पुग्न सकेको छैन ? किन दलित आन्दोलनले एकीकृत रूप लिन सकिरहेको छैन ? जस्ता प्रश्न अझै अनुत्तरित छ।

### पुस्तान्तरणको अभाव

पछिल्ला वर्षमा नयाँ पुस्ताले आन्दोलनको नयाँ शैली अपनाएको छ। सामाजिक सञ्जाल, स्वतन्त्र नागरिक अभियान, सडक प्रदर्शन, कानुनी दबाब र सार्वजनिक बहसमार्फत उनीहरूले जातीय विभेदका घटनामा निरन्तर आवाज उठाइरहेका छन्। खगेन्द्र सुनार, दीपा नेपाली, जीवन घतानीलगायतले उठाएका आवाजलाई यही नयाँ पुस्ताको प्रतिनिधिका रूपमा हेर्न सकिन्छ। युवापुस्ताको आन्दोलन पुस्तान्तरण र रूपान्तरणसँग जोडिन्छ तर यस्ता अभियानलाई मूलधारका दलित सङ्गठन, राजनीतिक दलसँग आबद्ध दलित सङ्गठन र पुराना नेतृत्वले पूर्ण रूपमा साझा आन्दोलनका रूपमा आत्मसात् गर्न हिचकिचाइरहेका छन्।

आजको युवापुस्ताले केवल छुवाछुतको अन्त्य मात्र मागेको छैन, उनीहरूले न्यायप्रणालीको प्रभावकारिता, राज्यको जवाफदेहिता, शिक्षा, रोजगारी, निजी क्षेत्रमा प्रतिनिधित्व, दलित महिलामाथिको दोहोरो विभेद, बजेटमा समान पहुँच र सम्मानजनक जीवनको अधिकारलाई पनि आन्दोलनको केन्द्रमा ल्याइरहेका छन् । यी मुद्दा विगतका आन्दोलनको निरन्तरता नै हुन्, प्रतिस्पर्धी होइनन् । त्यसैले पुरानो नेतृत्व र नयाँ पुस्ताबिच संवाद र सहकार्य अपरिहार्य बनेको छ।

यसबिच दलित आन्दोलनभित्र अर्को समस्या पनि देखियो । आन्दोलन साझा अभियानभन्दा राजनीतिक दल अनुसार विभाजित हुन थाल्यो । एउटै घटनामा सबै दलित सङ्गठन एक ठाउँमा उभिने परम्परा कमजोर बन्दै गयो । राजनीतिक आबद्धताले साझा आन्दोलनलाई प्रभावित गर्न थाल्यो । परिणामतः आन्दोलनको निरन्तरता कमजोर भयो। आजको पुस्ता परम्पराभन्दा बढी यथार्थपरक बनिरहेको छ। आजको पुस्ता हिजोको मन्दिर प्रवेश आन्दोलनभन्दा आधुनिकता र विभेदरहित आन्दोलनको उठान चाहन्छ।

पुरानो पुस्ताले प्रत्यक्ष छुवाछुत, सामाजिक बहिष्कार र संरचनागत विभेद भोगेको थियो । त्यसैले उनीहरूको आन्दोलन अधिकार प्राप्तिमा केन्द्रित थियो । नयाँ पुस्ताले शिक्षा, सूचना–प्रविधि र सहरीकरणको प्रभावमा फरक प्रकारका चुनौती भोगिरहेको छ । उनीहरू समान अवसर, प्रतिनिधित्व, सम्मान र पहिचानका नयाँ प्रश्न उठाइरहेका छन्। पुरानो पुस्ताको जोड कानुनी अधिकार, छुवाछुत अन्त्य र सामाजिक स्वीकृतिमा थियो। युवापुस्ताले आर्थिक सशक्तीकरण, उद्यमशीलता, डिजिटल पहुँच, नेतृत्व, मानसिक स्वास्थ्य र विश्वव्यापी सञ्जाललाई पनि आन्दोलनको हिस्सा बनाउन खोजिरहेको छ।

धेरै दलित संस्थामा नेतृत्व लामो समयदेखि एउटै पुस्तामा केन्द्रित रहेको आरोप लाग्ने गरेको छ । युवाले आफ्नो क्षमता अनुसार अवसर नपाएको महसुस गर्दा दुरी बढेको देखिन्छ। आन्दोलनका धेरै नेतृत्व राजनीतिक दलसँग निकट हुँदा आन्दोलनको स्वतन्त्रता कमजोर भएको भन्ने युवाको धारणा छ। यसले आन्दोलनप्रति विश्वास घटाउने अवस्था पनि सिर्जना गरेको हुन सक्छ। पुरानो पुस्ताले सङ्गठन, सभा, आन्दोलन र प्रत्यक्ष भेटवार्तालाई प्राथमिकता दिन्छ। यी दुई शैलीबिच समन्वय कमजोर देखिन्छ । धेरै युवा रोजगारी, वैदेशिक रोजगार वा व्यवसायमा केन्द्रित छन् । विभिन्न संस्था, विचारधारा, राजनीतिक आबद्धता र व्यक्तिगत प्रतिस्पर्धाले साझा एजेन्डा कमजोर बनाएको छ । यसले नयाँ पुस्तामा निराशा पैदा गर्न सक्छ । अर्को कुरा पुरानो पुस्ताले युवालाई पर्याप्त जिम्मेवारी नदिएको र युवाले पुरानो पुस्ताको अनुभवलाई पर्याप्त सम्मान नगरेको गुनासो दुवैतर्फ सुनिन्छ । अघिल्लो पुस्ता र अहिलेको पुस्ताबिच नियमित संवाद र सहकार्यको कमीले दुरी बढाएको छ। संविधान, कानुन र केही क्षेत्रमा प्रतिनिधित्व बढेपछि दलित आन्दोलनको गति केही सुस्त भएको पक्कै हो तर व्यवहारमा विभेद अझै रहेकाले युवापुस्ताले नयाँ ढङ्गको आन्दोलन आवश्यक ठानिरहेको छ।

पुरानो पुस्ताको अनुभव र युवाको ऊर्जा एकै ठाउँमा जोड्न सकिए मात्र आन्दोलन प्रभावकारी बन्न सक्छ। नेतृत्व हस्तान्तरण, साझा कार्ययोजना, प्रविधिको उपयोग, आर्थिक एजेन्डा र वैचारिक एकताले आन्दोलनलाई नयाँ उचाइ दिन सक्छ। अहिलेको समस्या युवा र पुरानो पुस्तामध्ये को सही वा गलत भन्ने होइन, मुख्य चुनौती पुस्तागत सोच, कार्यशैली र प्राथमिकताबिचको दुरी हो । पुरानो पुस्ताको सङ्घर्षले अधिकारको आधार तयार गऱ्यो भने युवापुस्ताले त्यसलाई नयाँ समय अनुसार विस्तार गर्न चाहेको देखिन्छ। त्यसैले दलित आन्दोलनको भविष्य पुस्तागत प्रतिस्पर्धामा होइन, अनुभव र ऊर्जाको समन्वयमा निर्भर रहने छ।

### आन्दोलनलाई जोड्ने समय

दलित आन्दोलनको इतिहासले एउटा महत्त्वपूर्ण शिक्षा दिएको छ, जब आन्दोलन साझा भयो, उपलब्धि पनि साझा भयो । पानी भराउ आन्दोलन, मन्दिर प्रवेश आन्दोलन, सिनो बहिष्कार आन्दोलन र छुवाछुतविरुद्धका राष्ट्रिय अभियान त्यसका उदाहरण हुन् तर जब आन्दोलन विभाजित भयो, उपलब्धिको गति पनि सुस्तायो । अब दलित आन्दोलनलाई नयाँ शृङ्खलामा जोड्ने समय आएको छ । आन्दोलनले इतिहासबाट ऊर्जा लिनु पर्छ तर भविष्यका मुद्दा पनि आत्मसात् गर्नु पर्छ। पुराना नेतृत्वको अनुभव र युवापुस्ताको ऊर्जा एउटै मञ्चमा जोडिनु पर्छ । कुनै पनि दलितमाथिको अन्यायलाई सङ्गठनको होइन, सम्पूर्ण आन्दोलनको मुद्दा बनाइनु पर्छ। दलित आन्दोलनको भविष्य आन्दोलनको आकारमा होइन, आन्दोलनको एकतामा निर्भर छ । यदि इतिहासको शृङ्खला वर्तमानसँग जोड्न सकियो भने आन्दोलनले फेरि नयाँ उचाइ हासिल गर्न सक्छ तर यदि नयाँ आवाजलाई बेवास्ता गरिँदै गयो र आन्दोलन राजनीतिक तथा संस्थागत सीमाभित्रै बाँधियो भने इतिहासले दिएको उपलब्धि जोगाउन पनि कठिन हुने छ।

आजको आवश्यकता नयाँ आन्दोलन होइन, आन्दोलनको पुनः एकीकरण हो। काठमाडौँको माइतीघरमा भइरहेको सत्याग्रह होस् वा संसद्मा दलित समुदायका सांसदले दलित अधिकार प्राप्तिका लागि उठाइएका आवाज हिजोकै दलित आन्दोलनको निरन्तरता हो किनकि दलित आन्दोलनको वास्तविक शक्ति नारामा होइन, साझा उद्देश्य, साझा नेतृत्व र साझा सङ्घर्षमा निहित छ भन्ने आफूलाई अग्रज भनिने र युवापुस्ताबिच समन्वय जरुरी छ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

**बान्तावा भाषा पृष्ठ**

# कुसलाओ माना मेत्मा लिसा



**कुसला राइओ सायाएप्मा लिसादेङ लावाछाप मोक्याङ्सा ।**

टकलाल राइ/धनकुटा। किलोकओ लामदा इभि रङ्बि टुङ्सा तामा लियाङओ मेछाछा काटुङ्मा कुसला राइओ धनकुटादा अक काचिपेनओ कोप्सा माना मेत्मा लिसायुङ्सा।

धनकुटा साप्टेनटुवा- ६ ओ चुक्टेन युय़ङ्ला कि मार्गेस्वरि टोल य़ङ्लोङ्खा काचिखिमओ टोङ्खाला कोप्मादा खाराओ वालिम १४ लेन्टा कुसलाओ माना मेत्मा लिसाओ युङाङ। धनकुटाओ गोठगाउँदा कोप्टाओ काचिपेनदा खोसाओ बुङ्वामाला कि सायाफेङ प़सा माना मेत्मा लिसाओ युङाङ।

धनकुटाओ सहिदभुमि टेन्टुवा- ४, खोकुदा पुक्मा लिसाओ कुसला आइमित अलेन्कोन धनकुटाओ महालछ्मि साप्टेनटुवा- ३ डाँडागाउँदाङ्का चानुवा, लेगुवा, पाखिबास, हिले, धनकुटा, धरान लिसा इटहरितारि रङ्बि टुङ्सा तामा लियाङ। चुक्दा ह्वा दोङ बुयादाङ्का रङ्बि टुङ्सा तामा लियाङ्ओ खो ओन धनकुटाओ मेछाछा रङ्बि काटुङ्मा म़युङ्याङ।

माना लोक्मा लिसादेङ कुसलाआ मेछाछा रङ्बि काटुङ्मा लिसाकि आप्पिओ माना मेत्माआ तायाङओ लेनचिदा बड्ढे पाङ्खुन खुन्सा साप्टेनदा काचि मुमा सावा पोया नि य़ङ्मा लिसा।

खोसाआ दि काचिदा छे मेछाछाआ छे टोक्टामि टोक्मा ऱमा लि नि सावानाम प़मा आप्पिआ देम्खा छे काचि मुसा खाट्मा लि नि य़ङ्मा लिसाओ युङाङ। काचिपेनदा कुसलाओ माना मेत्सा मार्गेस्वरि टोल य़ङ्लोङ्खा काचिखिमओ

> माना लोक्मा लिसादेङ कुसलाआ मेछाछा रङ्बि काटुङ्मा लिसाकि आप्पिओ माना मेत्माआ तायाङओ लेनचिदा बड्ढे पाङ्खुन खुन्सा साप्टेनदा काचि मुमा सावा पोया नि य़ङ्मा लिसा । खोसाआ दि काचिदा छे मेछाछाआ छे टोक्टामि टोक्मा ऱमा लि नि सावानाम प़मा आप्पिआ देम्खा छे काचि मुसा खाट्मा लि नि य़ङ्मा लिसाओ युङाङ ।

ढुवाटाङ कि धनकुटा साप्टेनटुवा काचि य़ङ मुखाटुपओ सालुम्सङ रेजिना हिङ्माङ्आ रङ्बि टुङ्मा काचिदा दुवाछा ओन्टेका खोसाआ आप्पि नङ ऱङ्मा लिसाओ कि माना मेत्मा लिसाओ नि य़ङ्मा लिसा।

आइमित बुसुहोनओ ढिभ़र खाहुपचिदा वाउप्मि रङ्बिचि कोन्मादा पोन्सा खाट्याङ नुछे किलोकओ लामदा दुवाछाचिआ ओन रङ्बि टुङ्सा तामा लियाङ। मोहात्निओ योक्दा धनकुटादा मेछाछा रङ्बि काटुङ्मा लिसा कुसला राइओ तामाआ भ्फाराक मेछाछाचिदा लाम खाङ कामेत लिसायुङ्सा।

# नुलोक मान्लिओ पेम्पाक

■ **जिडि राइ**

दोङ २०५३ हाक्दि ९ नाम्लेनओ लेन्ता अङ्का पुल्चोक दमकलदुङ्का गाबहाल, सिरिबहाल निओ ठोङ्दा, सतिस महर्जनओ अखिमदा याक्सा कोङ सोत्ताङ्चङ। मोदा राजन (पर्भुजि)एनान आन्काच्या हवाङ लिसाच्या।

मोको याक्सा कोङ सोनलुङ अक-सोनओ तुका बोम ५० कायाङ छोन्मा दोराङ। खोन नुछे अङ्का आर्ट कर्नरदा ङे काचि मुसि खाराङ्याङ। आदेङ्माङ नुचक-नुचक अक सोन लेङदेङ मोको आन्चाउ याक्सा-कोङओ अकोमदा भोजपुराओ छिनामखु- केराबारि निओ तेन्दुओ धर्म राइ नाना, बिस्नु राइ, उमा राइ कि पुलिस इन्स्पेक्टर चन्द्रदेव निओचि युङ्मा अपुङ्सा। चन्द्रदेव ओन देम्खा-देम्खा ओन ता युङ्सा। खोक्को ना हाङ्काचि कामु युङाङ।

## चा-पेम्पाक

उहाँले कर्णालीमा ग्यास नपाएर, किसानले मल नपाएर, बाढीपहिरो जस्ता समस्याले जनता ग्रसित भएका बेला बैठक स्थगित हुनुले प्रदेश सभा जनताको समस्याप्रति गम्भीर हुन नसकेको आरोप लगाउनुभयो। उहाँले जति सक्दो छिटो प्रदेश सभा बैठक सञ्चालन गर्न सुझाव दिनुभयो।

# कालीकोटका स्थानीय तह पहिरोको जोखिममा

**प्रेमराज सिम्खडा**
*कालीकोट, साउन २८ गते*

जिल्ला विपत् व्यवस्थापन समितिले गरेको विपत् स्तरीकरणमा जिल्लाका नौमध्ये आठ स्थानीय तहलाई पहिरोको उच्च जोखिममा राखेको छ। विपत् स्तरीकरणमा रास्कोट नगरपालिका मात्रै मध्यम जोखिममा परेको छ। प्रमुख जिल्ला अधिकारी झविलाल भट्टराईका अनुसार कमजोर भूबनोटका कारण ठाउँ ठाउँमा पहिरो खस्ने समस्या भए पनि स्थानीय तहले जथाभाबी खनेका सडकले समेत पहिरोको जोखिम बढाएको छ।

> विपत्का बेला उद्धार कार्यलाई सहज बनाउन जिल्लाका नौ वटै स्थानीय तहमा ३३ सुरक्षित स्थान पहिचान गरिएको छ भने आवश्यक पर्दा हेलिकोप्टर अवतरण गर्न सकिने स्थानसमेत निर्धारण गरिएको छ ।

कर्णाली राजमार्ग र कर्णाली कोरिडोर पनि वर्षा हुनेबित्तिकै पहिरोका कारण पटक पटक अवरुद्ध हुने गरेका छन्। बाढी, पहिरो, आगलागी, महामारी, सुक्खा–खडेरी, चट्याङ, हावाहुरी, भिरबाट लड्ने तथा ढुङ्गा खसेर हुने मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि 'जिल्ला विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०८३' तयार पारिएको प्रजिअ भट्टराईले बताउनुभयो।

सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माका अनुसार कालीकोटमा पहिरो, बाढी, आगलागी, खडेरी, हावाहुरी, असिना, महामारी, चट्याङ, भिरबाट लड्ने, ढुङ्गा खस्ने, सडक दुर्घटना तथा जङ्गली जनावरको आक्रमण प्रमुख विपत्का रूपमा पहिचान गरिएको छ। विशेष गरी पहिरोको उच्च जोखिममा रहेका बस्तीको नक्साङ्कन गरी स्थानीय तहमार्फत समुदायलाई सचेत गराउने काम भइरहेको उहाँले बताउनुभयो।

कमजोर भौगोलिक संरचना र पहिरोको जोखिमसँगै कालीकोट भूकम्पीय जोखिममा पनि रहेकाले भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनिवार्य रूपमा लागु गर्नुपर्ने जिल्ला विपत् व्यवस्थापन समितिका सदस्य तथा नेपाल रेडक्रस सोसाइटी कालीकोटका सभापति बलप्रसाद सन्ज्यालको भनाइ छ।

जिल्ला प्रशासनको नेतृत्वमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको समन्वयमा खोज तथा उद्धार, सूचना व्यवस्थापन र विपत् प्रतिकार्य क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिएका छन्। आवश्यक उद्धार सामग्री व्यवस्थापन गर्नुका साथै स्थानीय तहको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई सक्रिय बनाउने व्यवस्था पनि योजनामा समेटिएको छ। विपत्का बेला उद्धार कार्यलाई सहज बनाउन जिल्लाका नौ वटै स्थानीय तहमा ३३ सुरक्षित स्थान पहिचान गरिएको छ भने आवश्यक पर्दा हेलिकोप्टर अवतरण गर्न सकिने स्थानसमेत निर्धारण गरिएको छ।

जिल्ला विपत् व्यवस्थापन समितिले तयार पारेको जिल्ला विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०८३ गृहमन्त्रालय, सबै स्थानीय तह तथा सरोकारवाला निकायलाई वितरण गरिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी हिमबहादुर खत्रीले विपत्का बेला उपलब्ध साधनस्रोतको प्रभावकारी र छिटो परिचालन गर्न योजना तयार गरिएको बताउनुभयो।

# एक चिकित्सकको भरमा अस्पताल




**खलङ्गा समाचारदाता**
*जाजरकोट, साउन २८ गते*

जिल्लाको एक मात्र ५० शय्याको अस्पताल एक जना चिकित्सकको भरमा चलेको छ। जाजरकोट सदरमुकामस्थित भेरी नगरपालिका–३, थाप्लेचौरमा रहेको ५० शय्याको अस्पतालमा दरबन्दी अनुसारका विशेषज्ञ डाक्टर नहुँदा सेवा प्रवाहमा समस्या भएको छ।

१० वर्षअघि १५ शय्याबाट ५० शय्यामा स्तरोन्नति गरी अत्याधुनिक भवन निर्माण गरेको जाजरकोट अस्पतालमा विशेषज्ञ चिकित्सक नहुँदा सामान्य तथा जटिल रोगका बिरामी स्वास्थ्यसेवाबाट वञ्चित भएका छन्। सात जनाको विशेषज्ञको दरबन्दी रहेको अस्पतालमा अर्थोपेडिक सर्जन डा. सुनील पुनको भरमा रहेको छ। अत्याधुनिक भवन देखिने अस्पतालमा दक्ष जनशक्तिको व्यवस्थापन नहुँदा बिरामी जिल्लाबाहिर जानुपर्ने बाध्यता छ।

सात जना विशेषज्ञ चिकित्सकको दरबन्दीमा छ वटा रिक्त छ। ६१ जनाको दरबन्दी रहेको अस्पतालमा पाँच जना मेडिकल अधिकृतसहित ४० जना स्थायी कर्मचारी कार्यरत छन्। कर्णाली प्रदेशको करार सेवामा ४५ जना विकास समिति, फार्मेसी, स्टाफ नर्स, ल्याब टेक्निसियनको व्यवस्थापन गरिएको छ।

दक्ष जनशक्तिको अभावका कारण जटिल रोगका बिरामीले सास्ती पाउने गरेका छन्। बर्खाका बेला झाडापखाला, महामारीको प्रकोप देखिने विपत्जन्य घटनालाई ध्यानमा राख्दै जाजरकोट अस्पतालमा दक्ष जनशक्ति व्यवस्थापनका लागि सरोकारवाला निकायले पहल गर्नुपर्ने उहाँले बताउनुभयो।

स्वास्थ्यसेवा कार्यालयका प्रमुख डा. सुनील पुनले सरोकारवाला निकायले विशेषज्ञ चिकित्सकको व्यवस्थापन गरिदिन सम्बन्धित निकायको पटक पटक ध्यानाकर्षण गराए पनि पहल नभएको गुनासो गर्नुभयो।

# कृषि एम्बुलेन्स सञ्चालनको तयारी

सिँजा समाचारदाता
सिँजा (जुम्ला), साउन २८ गते

जुम्लाको पातारासी गाउँपालिकाले किसानले उत्पादन गरेका कृषि उपज सहज रूपमा बजारसम्म पुर्‍याउन कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउने तयारी गरेको छ। कृषि उत्पादनमा पहिचान बनाउँदै गएको पातारासीमा कृषि एम्बुलेन्स सञ्चालनको तयारीलाई किसानले महत्त्वपूर्ण पहल मानेका छन्।

पातारासी गाउँपालिकाकी उपाध्यक्ष जनमाया रोकायाका अनुसार कृषि एम्बुलेन्स खरिदका लागि गाउँपालिकाले ३५ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। किसानले उत्पादन गरेका वस्तु बजारसम्म पुर्‍याउन समस्या भएकाले दसैँलगत्तै कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइने छ।

पातारासीका ग्रामीण क्षेत्रका महिलाले अझै पनि डोकोमा कृषि उपज बोकेर लामो दुरी हिँड्दै बजारसम्म पुर्‍याउनुपर्ने बाध्यता छ। लामो समय लगाएर बजार पुग्दा उत्पादनको मूल्य घटिसकेको हुन्छ भने बाटोमै कृषि उपज बिग्रिने र क्षति हुने समस्या पनि किसानले भोग्दै आएका छन्।

# प्रतिष्ठानको दैनिक कार्य सार्वजनिक

**जुम्ला समाचारदाता**
*जुम्ला, साउन २८ गते*

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले स्वास्थ्य सेवामा दैनिक गरिरहेका कामबारे सामाजिक सञ्जालबाट जानकारी गराउन थालेको छ।

प्रतिष्ठानले के कस्ता काम गरिएको छ भन्ने विषयमा पारदर्शिता तथा जवाफदेहिताका लागि दैनिक स्वास्थ्यसेवा विवरण सार्वजनिक गरेको जनाएको छ।

प्रतिष्ठानका उपकुलपति प्राडा सूर्यमान मेन्याङ्बोले कर्णाली प्रतिष्ठानले गरेको काम नागरिकलाई थाहा होस् भन्ने ध्येयले एक हप्तादेखि विवरण प्रतिष्ठानको वेबसाइटमा राख्न सुरु गरिएको जानकारी दिनुभयो। कर्णाली प्रतिष्ठानका मेडिकल रेकर्डर मेघराज बुढाका अनुसार साउन १९ गतेबाट दैनिक विवरण प्रतिवेदन मन्त्रालयलाई दिने र सामाजिक सञ्जालमा राख्ने गरिएको छ।

**त्रिभुवन विश्वविद्यालय**
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल ।**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना।**

**प्रकाशित मिति : २०८३।०४।२९**

यस क्याम्पसको पशु विकास फार्मका लागि पशुपंछी तथा माछाको दाना र सिजनमा गहुँको भुस उपलब्ध गराउने सम्बन्धी सिलबन्दी दरभाउपत्र सम्बन्धी कार्यको "गोरखापत्र" पत्रिकामा दरभाउपत्र आह्वान सम्बन्धी मिति २०८३।०४।०७ गतेमा सूचना प्रकाशित गरे अनुसार तपसिल बमोजिम दरभाउपत्र यस क्याम्पसको दरभाउपत्र मूल्याङ्कन समितिको मिति २०८३।०४।२६ गतेको निर्णय अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृत भई जाने देखिएकोले त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को परिच्छेद १४ खरिद सम्बन्धी अन्य व्यवस्थाको नियम ५७ को नियम १४ बमोजिम दरभाउपत्र स्वीकृतिका लागि सिफारिस भएकोले सोही प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | दरभाउपत्र नं. | छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | कार्यको विवरण र स्थान | कबोल अङ्क मू.अ. कर समेत जम्मा रु. |
|---|---|---|---|---|
| १. | ०१। २०८३।०८४ | द युनाइटेड ट्रेडर्स, सिद्धार्थनगर, रुपन्देही। | पशुपंछी तथा माछाको दाना र सिजनमा गहुँको भुस उपलब्ध गराउने सम्बन्धी कार्य, पक्लिहवा क्याम्पस, भैरहवा। | रु.१६,४९,२००।– (सोह्र लाख उन्पचास हजार दुई सय रुपियाँ मात्र) |

**नि. क्याम्पस प्रमुख**

**वर्गीकृत डिस्प्ले**

**भुलसुधार**

मिति २०८३।०४।२८ गते प्रकशित बा.प्र. ०२–०६७ प ६४९३ नं. को निलो कालो रङको Bajaj Pulsar 220 CC मोटरसाइकल टोखा–३, काठमाडौँबाट हराएको सूचनामा निम्न बमोजिम ब्यहोरा कायम गरि भुलसुधर गरिएको छ।
**नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणी : शुशील कार्की**
**ठेगाना** : टोखा–३, काठमाडौँ
**इन्जिन नं.**: DKXCTL32739
**च्यासिस नं.**: MD2A13EXOTCM84015

**मोटरसाइकल हरायो**

मिति २०८३।०४।२८ गते बा.प्र. ०२–०५८ प ९९३९ नं. को रातो कालो रङको Bajaj Pulsar 150 CC मोटरसाइकल कागेश्वरी मनोहरा न.पा. २ आलपोटबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८६०९१२७९४ मा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दछु।
**नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणी : आइत बहादुर थामी**
**ठेगाना** : कागेश्वरी मनोहरा न.पा. २
**इन्जिन नं.**: DHXPSC66157
**च्यासिस नं.**: MD2A11CX2SPC72055

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**राप्ती प्राविधिक शिक्षालय**
**गढवा–३, दाङ**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३।०४।२९**

यस शिक्षालयबाट मिति २०८३।०४।१२ गते प्रकाशित सुरक्षा सेवा आपूर्ति सम्बन्धी सूचना बमोजिम निर्धारित म्यादभित्र शिक्षालयमा पेश हुन आएका सिलबन्दी दरभाउपत्र प्रस्तावहरूमध्ये औसत मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही निम्न प्रस्ताव छनोट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको प्रस्तावको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|
| १ | 01-083/084-CTEVT/RTS/SQ | श्री गोर्खाली योद्धा सेक्युरिटी सर्भिस प्रा.लि., धुम्बाराही–०४, काठमाडौँ | १५,६४,६५९।९६१९ |

**शिक्षालय प्रमुख**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
**गौर बहुप्राविधिक शिक्षालय**
**गौर, रौतहट**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०४/२९**

यस शिक्षालयबाट मिति २०८३/०४/०१ गते प्रकाशित सुरक्षा गार्ड सेवा आपूर्ति सम्बन्धी सूचना बमोजिम निर्धारित म्यादभित्र यस शिक्षालयमा पेश हुन आएका सिलबन्दी दरभाउपत्र प्रस्तावहरूमध्ये निम्न प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम तथा दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको प्रस्तावको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| १. | CTEVT-GPI-SECURITY-SQ-2082/83 | श्री चेन अफ कमाण्ड सेक्युरिटी सर्भिस प्रा.लि. काठमाडौँ | रु. ११,७३,४९४।९७४२ |

**नोट** : विस्तृत सूचना यस शिक्षालयको सूचना पाटी वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**कागेश्वरी मनोहरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाँछी, काठमाडौँ**
**बागमती प्रदेश, नेपाल ।**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२९**

प्रस्तुत सम्बन्धमा यस नगरपालिकाको आर्थिक वर्ष ०८३।०८४ का लागि तपसिल बमोजिमको ठेक्काहरू बढाबढ हुने गरी बन्दोबस्त गर्न बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.kageshworimanoharmun.gov.np तथा https://bolpatra.gov.np/egp/ मा गई हेर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम कबोल अङ्क रु. मा (भ्याट बाहेक) |
|---|---|---|---|
| १. | Kageshwori/Revenue/NCB/01/2083-84 | निकासी कर सङ्कलनको ठेक्का बन्दोबस्त | रु. १,००,००,०००।०० (अक्षरुपी रु. एक करोड रुपियाँ मात्र।) |
| २. | Kageshwori/Revenue/NCB/02/2083-84 | जडीबुटी, कवाडी र जीवजन्तु कर सङ्कलनको ठेक्का बन्दोबस्त | रु. १,७५,००,०००।०० (अक्षरुपी रु. एक करोड पचहत्तर लाख रुपियाँ मात्र।) |

**प्रमुख प्रशासकीय अधिकृत**

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**प्रादेशिक अस्पताल गौर**
**रौतहट, नेपाल**

**आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) मा सूचीकृत हुन र दररेट पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२९ गते)**

यस प्रादेशिक अस्पताल गौरको विभिन्न शाखामा रहेका निम्न अनुसारका मेसिनरी उपकरणमा प्रयोग हुने केमिकल किटहरू, प्रोप्राइटरी सामानहरू तथा एक्सरे फिल्महरू आ.व. २०८३/०८४ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनी, आधिकारिक बिक्रेता (प्रोप्राइटरहरू) को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को १ (ग) एवं सार्वजनिक खरिद नियमावली २०६४ (एघारौं संशोधन सहित) को नियम ८५ (६) बमोजिम सूचीकृत हुन इच्छुक कम्पनी/फर्महरूले नवीकरण सहितको फर्म दर्ता प्रमाण पत्र मू.अ. कर दर्ता प्रमाणपत्र सम्बन्धित कम्पनीको एक मात्र आधिकारिक आपूर्तिकर्ता रहेको प्रमाणपत्र, आधिकारिक बिक्रेता पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आन्तरिक राजस्व विभागमा आय विवरण बुझाएको विवरण सहित उल्लिखित मेसिनमा लाग्ने केमिकल, किटहरू, प्रोप्राइटरी सामानहरू तथा एक्सरे फिल्महरूको दररेट सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय खुलेको दिन यस अस्पतालको स्टोर शाखामा सूचीकृत भई दररेट पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | सामानहरूको नाम | कैफियत |
|---|---|---|
| १. | Mindray Fully Automatic Biochemistry Analyser BS-230/360E | |
| २. | Mindray Fully Automatic Haematology Analyser BC-5150 | |
| ३. | Mindray Fully Automatic CLIA Analyser CL-900i | |
| ४. | Mindray Fully Automatic Haematology Analyser BC-20S | |
| ५. | Cornley AFT 300 Electrolyte Analyser | |
| ६. | Mindray Coagulation Profile Analyser C-2000-4 (Semi Automated) | |
| ७. | Mindray H50P HBA1C Analyser (Fully Automated) | |
| ८. | EDAN i15 ABG analyser | |
| ९. | Coretium AFT-C Electrolyte analyser | |
| १०. | Trimax DR X-ray Film-8×10 and 10×12 | |
| ११. | Konika CR X-ray Film | |

१. उल्लिखित सामान आपूर्ति गर्ने एकभन्दा बढी सोही कम्पनीका आधिकारिक बिक्रेताद्वारा दररेट पेश हुन आएमा मूल्याङ्कन गरी कम दररेट कबोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिनेछ।
२. रीतपूर्वक पेश हुन नआएको प्रस्ताव उपर कुनै कारबाही गरिनेछैन।
३. विस्तृत जानकारीका लागि अस्पतालको लेखा वा स्टोर शाखामा सम्पर्क गर्न सकिनेछ।
४. साथै फर्म आंशिक वा पूरा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार अस्पतालमा निहित रहनेछ।
५. आ.व. २०८२/०८३ को कर चुक्ता गरिसकेको भए सोको प्रमाणपत्रको प्रतिलिपि।
६. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ।

**नि. प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

**चौबिसे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**राजारानी, धनकुटाको**

**आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/२९**

यस गाउँपालिकाको आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धी (धप्पडताल आन्तरिक आय सङ्कलन, छरुवा खोलाको नदीजन्य पदार्थ बिक्री) सिलबन्दी बोलपत्र आह्वान गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरणका लागि गाउँपालिकाको वेबसाइट www.choubisemun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटीमा हेर्न सकिनेछ।

**नेपाल सरकार**
**युवा, श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
**बबरमहल, काठमाडौँ।**
**(आर्थिक प्रशासन शाखा)**
फोन नं. : ०१-५३२०५६७, ०१-५३२०३११/४३३
**Email: account@feb.gov.np**

**मुद्दति निक्षेप लगानी गर्ने सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना।**

**मिति : २०८३।०४।२९**

वैदेशिक रोजगार कल्याणकारी कोषको निक्षेप रकम रु. २ अर्ब १२ करोड २५ लाख १ वर्षका लागि मुद्दति निक्षेपमा लगानी गरिने भएकाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' र 'ख' वर्गका बैङ्कहरूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गर्ने ब्याज दर लगायत अन्य विवरण सहित यस सचिवालयको वेबसाइट www.feb.gov.np मा रहेको कल्याणकारी कोषको रकम लगानी गर्ने सम्बन्धी कार्य प्रक्रिया, २०८२ को अनुसूची–१ बमोजिमको दरभाउपत्र फाराम डाउनलोड गरी मिति २०८३।०५।१५ गते दिनको १२:०० बजेभित्र यस सचिवालयमा सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै बैङ्कहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित सूचना बमोजिम पेश हुन आएका सिलबन्दी दरभाउपत्र प्रस्तावहरू सोही दिन दिनको १७:१५ बजे यस सचिवालयमा खोलिनेछ। ३० (तीस) दिनभन्दा कम मान्य अवधि भएको दरभाउपत्र उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**वैदेशिक रोजगार बोर्डको सचिवालय**
**बबरमहल, काठमाडौँ।**

**बार्षिक साधारण सभा सम्बन्धी सूचना**

मिति २०८३/०४/२९

यस संस्थाको मिति २०८३/०४/१९ गते बसेको केन्द्रिय कार्य समितिको बैठकबाट निर्णय भए बमोजिम संस्थाको बार्षिक साधारण सभा मिति २०८३ साल भाद्र २१ गते आईतबार बिहानको ११:०० बजे संस्थाको केन्द्रिय कार्यालय, काँडाघारी, काठमाण्डौंको सभाकक्षमा हुने भएकोले संस्थाको सम्पूर्ण मुख्य गुठीयार, आजिबन तथा साधारण गुठीयार (सदस्य) ज्यूहरुमा उपस्थितीको लागि यसै सूचना मार्फत अनुरोध गर्दछु। उक्त सभामा बिधान बमोजिम सदस्यता नबिकरण भएका सदस्यहरुमात्र साधारण सभाको निर्बाचनमा भाग लिन पाउने जानकारी गरिन्छ। साथै साधारण सभा अगाडी मुख्य गुठीयारको बैठक बस्ने समेत जानकारी गरिन्छ।

**गोमा कुमारी बराल(गौतम), महासचिव**
**नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठी,**
**काँडाघारी, काठमाण्डौं ।**

# किसानसँग दुई करोडको हितकोष

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), साउन २८ गते*

गुल्मीको सत्यवती गाउँपालिकामा पशुपालनमा आबद्ध किसानले सामूहिक बचतबाट दुई करोड रुपियाँभन्दा बढीको हितकोष निर्माण गरेका छन्। पशुपालनमा सक्रिय ४२ किसान समूहले नियमित बचत, आन्तरिक ऋण परिचालन र उत्पादनमुखी कार्यक्रममार्फत आर्थिक आत्मनिर्भरता हासिल गर्दै हितकोषलाई किसानकै लगानीको स्रोत बनाएका हुन्।

सत्यवती गाउँपालिकाका पशुपन्छी विकास शाखा प्रमुख नारायण खनालका अनुसार समूहमा आबद्ध किसानले मासिक दुई सयदेखि पाँच सय रुपियाँसम्म नियमित बचत गर्दै आएका छन्। सोही बचतबाट बनेको हितकोषबाट आवश्यक पर्दा किसानले सहज र सुलभ ब्याजदरमा ऋण पाउने व्यवस्था गरिएको छ। समूहको नियमित लेखा परीक्षण र अभिलेख व्यवस्थापनका कारण कोष पारदर्शी रूपमा सञ्चालन भइरहेको उहाँले बताउनुभयो। उहाँका अनुसार यस व्यवस्थाले किसानलाई साहुमहाजनको चर्को ब्याजमा ऋण लिनुपर्ने अवस्थाबाट मुक्त गराएको छ। उहाँले भन्नुभयो, "किसान आफैँ बचतकर्ता, आफैँ ऋणी र अन्ततः आफ्नै समूहको सम्पत्तिका हिस्सेदार बनेका छन्। यसले गाउँमा वित्तीय आत्मनिर्भरता र सामूहिक स्वामित्वको अभ्यासलाई बलियो बनाएको छ।" एकसिंह स्याङ कृषि तथा पशुपालन समूहकी सदस्य मीना सारूले हितकोषले किसानलाई आवश्यक परेका बेला सहज रूपमा लगानी उपलब्ध गराउने माध्यम बनेको बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले लगानी जुटाउन साहुसँग महँगो ब्याजमा ऋण लिनु पर्थ्यो। अहिले आफ्नै समूहबाट आवश्यक रकम पाउन सहज भएको छ।"



तस्बिर : टोपलाल अर्याल

**सङ्कलन केन्द्रमा दुध बिक्री गर्दै किसान।**

गाउँपालिकाले पशुपालनलाई व्यवसायमुखी बनाउन नस्ल सुधार, पोषण व्यवस्थापन, क्षमता विकास, बजारीकरण तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ। गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेका अनुसार यसले किसानको आय वृद्धि हुनुका साथै कृषि तथा पशुपालनलाई दिगो व्यवसायका रूपमा विकास गर्न सहयोग पुगेको छ। गत आर्थिक वर्षमा गाउँपालिकाले बाख्रा तथा गाईभैँसीपालन गर्ने २५७ किसानलाई २१ लाख ५५ हजार ५७७ रुपियाँ उत्पादनमा आधारित अनुदान वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पौडेलले जानकारी दिनुभयो।

**Dairy Development Corporation**
**Kathmandu Milk Supply Scheme**
**Balaju, Kathmandu**

**Invitation for Sealed Quotation for the procurement of Chemical**

Sealed Quotation No.: **DDC/KMSS/Chem./082/083-43**.
Date of first Publication: **2083/04/29.**

1. The Kathmandu Milk Supply Scheme (KMSS), Balaju invites sealed quotations from registered Suppliers for the supply & delivery of following Goods:-
   Item ........ Quantity
   a. Castic Soda ......................... 8000 kg.
   b. Nitric acid ........................... 3500 kg.
   c. Sulphuric Acid .................... 900 kg.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of KMSS, Balaju. Telephone No. 4971092.
3. A complete set of Bidding Documents may be purchased from the office KMSS Balaju by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till date **2083/05/04** during office hours.
4. Sealed bids must be submitted to the office KMSS, Balaju by hand on or before 12.00 hours (NST) on date **2083/05/05**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2083/05/05** and 13.00 hours (NST) at the office of KMSS, Balaju. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **Rs. 36,040/-** which shall be valid for 30 days beyond the validity period of the bid **2083/07/17**. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Everest Bank Ltd. Account No. Cha. Hi. No. 02000105200240 and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# मुख्यमन्त्रीले विश्वासको मत लिँदै

**भैरहवा समाचारदाता**
*भैरहवा, साउन २८ गते*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी भदौ १ गते प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गर्नुभएको छ।

नेपाली कांग्रेसले साउन १२ गते प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि संवैधानिक व्यवस्था अनुसार मुख्यमन्त्री आचार्यले विश्वासको मत लिन लाग्नुभएको हो।

प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्थामा मुख्यमन्त्रीले निश्चित समयभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ। सोही व्यवस्था अनुसार मुख्यमन्त्री आचार्यले भदौ १ गते विश्वासको मत लिने तयारी गर्नुभएको हो।

मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै मन्त्रीपरिषद् विस्तार तथा मन्त्रालय बाँडफाँटको विषय टुङ्गो लगाउने तयारी गरिएको छ। कांग्रेसले समर्थन फिर्ता लिएपछि सरकारको संरचना परिवर्तन हुने अवस्थामा पुगे पनि नयाँ सत्ता समीकरण अनुसार सरकारलाई पूर्णता दिने विषय भने अझै टुङ्गिन बाँकी छ।

नेकपा (एमाले) र नेकपाबिच भएको सत्ता सहमति अनुसार लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने र आचार्यलाई नै मुख्यमन्त्रीका रूपमा निरन्तरता दिने सहमति भइसकेको छ। केन्द्रमा बनेको नयाँ राजनीतिक समीकरण अनुसार प्रदेश सरकार गठन तथा मन्त्रालय बाँडफाँटलाई अघि बढाउने तयारी गरिएको हो।

> कांग्रेसले समर्थन फिर्ता लिएपछि सरकारको संरचना परिवर्तन हुने अवस्थामा पुगे पनि नयाँ सत्ता समीकरण अनुसार सरकारलाई पूर्णता दिने विषय भने अझै टुङ्गिन बाँकी छ।

नेकपाका प्रदेश संसदीय दलका नेता इन्द्रजित थारूले मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै आफ्नो दलबाट सरकारमा सहभागी हुने मन्त्रीको नाम पठाउने तयारी रहेको बताउनुभयो।

लुम्बिनी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसहित नौ वटा मन्त्रालय छन्। हाल मुख्यमन्त्रीसहित नेकपा (एमाले) का पाँच जना र जनता समाजवादी पार्टी नेपालका दुई जना मन्त्री सरकारमा छन्। कांग्रेस सरकारबाट बाहिरिएपछि मन्त्रीपरिषद् पुनर्गठन गर्नुपर्ने अवस्था आएको हो।

प्रदेश सभामा एमाले सबैभन्दा ठुलो दलका रूपमा रहेको छ। ८३ सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि सामान्य बहुमतका रूपमा ४२ प्रदेश सभा सदस्यको समर्थन आवश्यक पर्छ। एमालेका २९ प्रदेश सभा सदस्य छन् भने नेकपाका सभामुखसहित १३ सदस्य छन्।

**Nepal Telecom**
**Backbone Transmission Directorate**
Telecom Complex (7th Floor), Babarmahal, Kathmandu
Tel: +977-1-4796070 / Fax: +977-1-4794209
Email: nt.backbone@ntc.net.np

**Notice for Letter of Intent (LOI)**

**Date of Publication: 2083-04-29 (August 14, 2026)**

This is to notify all the concerned bidders that it is our intention to award the contract for IFB No. NDCL/BTD/NCB/05/082-83 for Supply and Delivery of Passive DWDM, EDFA, Optical Transceivers and Accessories, published on April 06, 2026 (2082-12-23 B.S.) to following substantially responsive lowest evaluated bidder with total price listed below in accordance with Instructions to Bidders (ITB) of Bidding Document.

| Description | Substantially Responsive Lowest Evaluated Bidder | Evaluated Bid Amount |
|---|---|---|
| IFB No. NDCL/BTD/ NCB/05/082-83 for Supply and Delivery of Passive DWDM, EDFA, Optical Transceivers and Accessories | M/s YB Solutions Private Limited, Sallyan House, Bagbazar | NPR 1,63,59,386.06 (in words: One Crore Sixty-Three Lakh Fifty-Nine Thousand Three Hundred Eighty-Six and Paisa Six Only) including VAT |

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**डीनको कार्यालय**
**बल्खु, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०४।२९**

यस शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय अन्तर्गत सञ्चालित ग्राजुयट स्कुल अफ एजुकेसनको तपसिलमा उल्लिखित निर्माण कार्यका लागि मिति २०८३।०२।११ गतेको प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रीतपूर्वक e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा सबैभन्दा न्यून कबोल गर्ने तपसिल बमोजिमको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा दफा ४७ बमोजिम सरोकारवाला सबैको जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्काको विवरण | प्रभावग्राही देखिएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (मू.अ.क. र पी.एस. सहित) |
|---|---|---|---|
| १. | Construction of First Floor, External Toilet and Parking Shed Works (NCB/TUFOE/WORKS/2082/083-01) | Abhiyanta Nepal Pvt. Ltd., Narephat-32, Jadibuti, Koteshwor | रु. १,६१,०४,५८४।३७ |

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा भ.पु.जि., भ.न.पा. वडा नं. १६ हाल परिवर्तित वडा नं. ३ बस्ने कृष्ण मैया चवालले मेरो पिता माहिला चवालको नाममा २०२१ सालको सर्भे नापीका बखत नापनक्सा भई मोहियानी हक कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गा ज.ध. ले रैकर परिणत नगरेको 'ख' श्रेणीको कित्ता जग्गा साविकदेखि हालसम्म जोत कमोद गरी कमाई आएकोमा साबिक मोही माहिला चवालको मिति २०४१।१।३ गते परलोक भई हक खाने निजकी पत्नी मेरी आमा लहरमाया चवाल अन्यत्र पोइला गएको, निजहरूको जेठी छोरी मकै चवाल मिति २०३३ सालमा अविवाहित अवस्थामा मृत्यु भई हक खाने १ मात्र कान्छी छोरी म निवेदिका कृष्ण मैया चवाल मात्र भएकोमा सो जग्गा मैले नै जोत कमोद गरी कमाई खाई आएको 'ख' श्रेणीको हुँदा बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेकोमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, १ नं. मोही लगत, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भूमिसुधार फाँटबाट भिडी आएको, फि.बु. मा देखिएका ज.ध. पुनसिं घममोसु नाययो नाउँको सिगुठी उल्लेख भई निजका पनाति हरे घेमोसुले म्याद बुझिलिएको देखिँदा यस निवेदिका बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम रै.प. दर्ता ना.सा. हुन नपर्ने कुनै मनासिब कारण भए अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, ऐलानी, पर्ती, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए साथै उल्लिखित जग्गा सम्बन्धमा कुनै अड्डा अदालतमा मुद्दा मामिला भएमा कुनै पूर्व मिसिल भई कुनै दाबी विरोध परेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको व्यहोरा | |
|---|---|---|---|---|---|---|
| | | | | | मोही | किसानको व्यहोरा |
| भक्तपुर | सिपाडोल | १ (ख) | ४४८ | ०-५-०-० | माहीला चवा भक्तपुर तेखाचा | यो जग्गा पुनसि घममोसु नाययोको नाउँको सिगुठी हो। |

**भूमि प्रशासन कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

का.जि., कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ बस्ने मिठाराम कार्कीले मेरा पिता रण बहादुर कार्कीको नाममा मोही कायम भई सर्भे नापी भएको हालसम्म दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित कित्ता जग्गाका निज मोही रण बहादुर कार्कीको २०४९।११।४ मा, निजकी जेठी श्रीमती चन्द्र कुमारी कार्कीको मिति २०५०।१०।२६ मा, कान्छी श्रीमती दिल कुमारी कार्कीको २०५२।६।१४ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू रामशरण कार्की-१, रामकृष्ण कार्की-१ र मिठाराम कार्की-१ गरी जना ३ भएकोमा, छोरा रामशरण कार्कीको मिति २०७९।६।९ मा, निजकी जेठी श्रीमती लिला कुमारी कार्की २०२५ सालमा अन्यत्रै घरजम गरेको र कान्छी श्रीमती मान कुमारी कार्कीको मिति २०८०।११।६ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू सिताराम कार्की-१ र पशुपति कार्की-१ गरी जना २ भएकोमा, छोरा सिताराम कार्कीको मिति २०७५।९।१५ मा मृत्यु भई हक खाने निजकी पत्नी संगिता कार्की-१, इच्छाराम कार्की-१ गरी जना २ भएको, त्यसैगरी अर्का छोरा रामकृष्ण कार्कीको २०७६।२।२० मा र निजकी श्रीमती कान्छी कार्कीको २०७६।२।२३ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू केशव कार्की-१ र माधव कार्की-१ गरी जना २ भई जम्मा हकदारहरू जना ६ भएको अन्य कोही नभएकोले उक्त जग्गा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग गरेकोले, उक्त जग्गा निवेदकका माग बमोजिम हुनुनपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भएमा, अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित भूमि प्रशासन कार्यालय, साँखुमा स-प्रमाण दाबी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| गागलफेदी | २ च | ३९ | १-०-०-० | रण बहादुर कार्की क्षेत्री २ नं. गागलफेदी | यो जग्गा पाटन नागपोखरी बस्ने चीडीयाभाई गुभाजुको नाउँमा दर्ता छ कुतमा जोती खाएको छु |

**भूमि प्रशासन कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

का.जि., कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ बस्ने मिठाराम कार्कीले मेरा पिता रण बहादुर कार्कीको नाममा मोही कायम भई सर्भे नापी भएको हालसम्म दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित कित्ता जग्गाका निज मोही रण बहादुर कार्कीको २०४९।११।४ मा, निजकी जेठी श्रीमती चन्द्र कुमारी कार्कीको मिति २०५०।१०।२६ मा, कान्छी श्रीमती दिल कुमारी कार्कीको २०५२।६।१४ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू रामशरण कार्की-१, रामकृष्ण कार्की-१ र मिठाराम कार्की-१ गरी जना ३ भएकोमा, छोरा रामशरण कार्कीको मिति २०७९।६।९ मा, निजकी जेठी श्रीमती लिला कुमारी कार्की २०२५ सालमा अन्यत्रै घरजम गरेको र कान्छी श्रीमती मान कुमारी कार्कीको मिति २०८०।११।६ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू सिताराम कार्की-१ र पशुपति कार्की-१ गरी जना २ भएकोमा, छोरा सिताराम कार्कीको मिति २०७५।९।१५ मा मृत्यु भई हक खाने निजकी पत्नी संगिता कार्की-१, इच्छाराम कार्की-१ गरी जना २ भएको, त्यसैगरी अर्का छोरा रामकृष्ण कार्कीको २०७६।२।२० मा र निजकी श्रीमती कान्छी कार्कीको २०७६।२।२३ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू केशव कार्की-१ र माधव कार्की-१ गरी जना २ भई जम्मा हकदारहरू जना ६ भएको अन्य कोही नभएकोले उक्त जग्गा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग गरेकोले उक्त जग्गा निवेदकका माग बमोजिम हुनुनपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भएमा, अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित भूमि प्रशासन कार्यालय, साँखुमा स-प्रमाण दाबी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| गागलफेदी | २ च | १०१ | २-०-०-० | रण बहादुर कार्की क्षेत्री २ नं. गागलफेदी | का.ई. ठैहीटी बस्ने लोक कुमारी भट्टराईनीको नाउँमा दर्ता छ कुतमा जोती खाएको छु। |

**भूमि प्रशासन कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

का.जि., कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ बस्ने मिठाराम कार्कीले मेरा पिता रण बहादुर कार्कीको नाममा मोही कायम भई सर्भे नापी भएको हालसम्म दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित कित्ता जग्गाका निज मोही रण बहादुर कार्कीको २०४९।११।४ मा, निजकी जेठी श्रीमती चन्द्र कुमारी कार्कीको मिति २०५०।१०।२६ मा, कान्छी श्रीमती दिल कुमारी कार्कीको २०५२।६।१४ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू रामशरण कार्की-१, रामकृष्ण कार्की-१ र मिठाराम कार्की-१ गरी जना ३ भएकोमा छोरा रामशरण कार्कीको मिति २०७९।६।९ मा, निजकी जेठी श्रीमती लिला कुमारी कार्की २०२५ सालमा अन्यत्रै घरजम गरेको र कान्छी श्रीमती मान कुमारी कार्कीको मिति २०८०।११।६ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू सिताराम कार्की-१ र पशुपति कार्की-१ गरी जना २ भएकोमा, छोरा सिताराम कार्कीको मिति २०७५।९।१५ मा मृत्यु भई हक खाने निजकी पत्नी संगिता कार्की-१, इच्छाराम कार्की-१ गरी जना २ भएको, त्यसैगरी अर्का छोरा रामकृष्ण कार्कीको २०७६।२।२० मा र निजकी श्रीमती कान्छी कार्कीको २०७६।२।२३ मा आ-आफ्नै कालगतिले मृत्यु भई हक खाने छोराहरू केशव कार्की-१ र माधव कार्की-१ गरी जना २ भई जम्मा हकदारहरू जना ६ भएको, अन्य कोही नभएकोले उक्त जग्गा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग गरेकोले, उक्त जग्गा निवेदकका माग बमोजिम हुनु नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भएमा, अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित भूमि प्रशासन कार्यालय, साँखुमा स-प्रमाण दाबी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| गागलफेदी | ४ क | ६३ | १-५-०-० | रण बहादुर कार्की का.ई. गागल पञ्चायत २ नं. वडा | यो जग्गा का.ई. भेडासिं बस्ने दुर्गा कुमारी श्रेष्ठनीको हो। कुत तिरी खाई आएको छु |

# अलपत्र जग्गा सदुपयोग गरिँदै

**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), साउन २८ गते*

बर्दियाको पर्यटकीय क्षेत्र ठाकुरबाबामा बर्सौंदेखि अलपत्र रहेको ८३ बिघा जग्गालाई सदुपयोग गर्दै पर्यटकीय पूर्वाधार निर्माणको तयारी अघि बढाइएको छ।

ठाकुरबाबा नगरपालिकाले पर्यटकलाई थप समयसम्म भुलाउने र घुम्न आकर्षित गर्ने उद्देश्यले उक्त जग्गामा बहुउपयोगी ताल, पार्क, पिकनिक स्थललगायतका संरचना निर्माण गर्ने योजना अघि सारेको हो। ठाकुरबाबा नगरपालिका-४, बर्गदामा रहेको उक्त जग्गा लामो समयदेखि प्रयोगविहीन अवस्थामा थियो। स्थानीयले अतिक्रमणसमेत गर्दै आएको उक्त जग्गा भूमिसुधार लागु हुँदा हदबन्दीमा परेर कटौती भएको र त्यसपछि कुनै व्यक्तिको नाममा नरहेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका अनुसार लामो प्रयासपछि उक्त जग्गा नेपाल सरकारका नाममा ल्याइएको छ। नगरप्रमुख तिलकराम लम्सालले अब नगरपालिकाको प्रयोजनका लागि जग्गा प्राप्त गर्ने प्रक्रिया अघि बढाइएको बताउनुभयो।

उहाँका अनुसार तीन वर्षदेखि जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउने प्रयास हुँदै आएको थियो। अहिले नेपाल सरकारका नाममा आइसकेकाले नगरपालिकाले लिजमा प्राप्त गर्ने प्रक्रिया अघि बढाएको छ। नगरपालिकाले जग्गा प्राप्त गरेपछि पर्यटकीय पूर्वाधार निर्माण अघि बढाउने जनाएको छ। ८३ बिघामध्ये करिब ४८ बिघा क्षेत्रफलमा बहुउपयोगी ताल निर्माण गर्ने योजना छ। बाँकी क्षेत्रमा पार्क, पिकनिक स्थललगायतका पर्यटकीय संरचना निर्माण गरिने नगरपालिकाले जनाएको छ।

नगरपालिकाका उपप्रमुख बिनाकुमारी भट्टराईले ठाकुरबाबा क्षेत्रमा आउने पर्यटकलाई थप एकदिनसम्म बस्ने वातावरण बनाउने उद्देश्यले पूर्वाधार निर्माण गर्न लागिएको बताउनुभयो।

बर्दिया राष्ट्रिय निकुञ्ज भ्रमणमा आउने पर्यटकलाई लक्षित गरेर ताल, पार्क तथा अन्य मनोरञ्जनात्मक पूर्वाधार निर्माण गरिने नगरपालिकाले जनाएको छ। नगरपालिकाको पश्चिमी क्षेत्रमा राष्ट्रिय निकुञ्जको प्रवेशद्वार रहेकाले त्यस क्षेत्रमा आउने पर्यटकलाई पूर्वी क्षेत्रमा समेत आकर्षित गर्ने योजना बनाइएको हो।

पर्यटकीय पूर्वाधार निर्माणका लागि नगरपालिकाले विश्व खाद्य सङ्गठनसँग समेत सहकार्य गरिरहेको जनाएको छ। नगरप्रमुख लम्सालका अनुसार उक्त क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणका लागि विश्व खाद्य सङ्गठनबाट करिब एक अर्ब रुपियाँ खर्च गर्ने प्रस्ताव गरिएको छ। यद्यपि प्रस्ताव कार्यान्वयनको चरणमा पुग्न बाँकी रहेको उहाँले बताउनुभयो।

**भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., बालकुमारी-१ को हाल म.थि.न.पा. वडा नं. ४ बस्ने मोहन माया श्रेष्ठले मेरो नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साबिकदेखि हालसम्म मैले नै जोत कमोद गरी कमाई आएको (ख) श्रेणीको बिर्ता जग्गा भएकोले, बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरो नाउँमा रै.प. दर्ता गरी ज.ध. प्रमाण पुर्जा पाऊँ भनी माग निवेदन गरेको। फिल्डबुकमा देखिएका ज.ध. धौबन्जारका नामको म्याद म.थि.न.पा.-६ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस भई आएको, बिर्ता लगत खोजतलास गर्दा हाल फेला नपरेको, १ नं. मोही लगत पेश गरेको, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, मोहन माया श्रेष्ठ र मन माया फसी श्रेष्ठ अलग-अलग नभई एकै व्यक्ति मोहन माया श्रेष्ठ नै हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दधिकोट | ८/क | ५८१ | ०-२-०-० | मन माया श्रेस्ठनी भ.पु.ई ठिमी पिठुगाउँ | मैरो ससुरा ज्ञान बहादुर श्रेष्ठको हो परलोक भई मेरो हक भएको। |
| ऐ. | ऐ. | ७०६ | ०-०-३-० | ऐ. ऐ. | ऐ. ऐ. |
| ऐ. | ऐ. | ५५३ | ०-०-२-० | मन माया फसीनी भ.पु.ई ठिमी पिठुगाउँ | ऐ. ऐ. |

**पुनश्चः**- कि.नं. ५५३ मा फि.बु.को कैफियत महलमा भूलबाट मेरो ससुरा ज्ञान बहादुर भएकोमा भ.पु. ठिमी गार्चा बस्ने धौबन्जारको दर्ता हो। साथै कि.नं. ५८१, ७०६ ज.ध. ज्ञान बहादुर मोही मनमाया श्रेष्ठ द.वा. मोठ कायम छ। रातो मसिले गोलो लगाई काटेको छ भनी मोठ भिडी आएको।

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., भ.न.पा.-१० को हाल भ.न.पा.-२ बस्ने लक्ष्मी सुवालले मेरो पति आसामरु सुवालको नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा भएकोमा, साबिक मोही आसामरु सुवालको मिति २०५१।१२।३० मा मृत्यु भई हक खाने पत्नी म निवेदिका लक्ष्मी सुवाल, छोराहरू आशनाथ सुवाल, आश वहादुर सुवाल र आशा राम सुवाल भएकोमा, आशनाथ सुवालको मिति २०७०।०८।०२ मा अविवाहित अवस्थामा मृत्यु भएको, सो जग्गा मोहीका हकदार म निवेदिकाले जोत कमोद गरी कमाई खाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा एकलौटी रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, फिल्डबुकमा देखिएका ज.ध. तिर्थराज साल्मीलाई म्याद जारी गर्दा निजको घर ठेगानामा पटक-पटक ताकेता गर्दा बुझिलिन नमानेको र निजको वडा कार्यालयमा पनि सम्पर्क गर्दा खेरी समेत तामेल गर्दा इन्कार गरेको हुँदा तामेल हुन कठिनाई परेकोले यसै पत्र साथ प्रतिवेदन पेश गरी फिर्ता गरेको छु भनी भू.प्र.का. डिल्लीबजार, काठमाडौँबाट च.नं. १६४४३ मिति २०८३।०३।२३ को पत्र प्राप्त भएको, बिर्तातर्फ साबिक लगत खोज तलास गर्दा फेला नपरेको भनी लेखिआएको, १ नं. मोही लगत, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, साबिक मोहीको नाम कतै आशमरु सुवाल, कतै आसामरु सुवाल भई फरक परेकोमा यी नामथर गरेको व्यक्ति अलग-अलग नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दुवाकोट | २/घ | ९८ | ०-१०-०-० | आशमरु सुवाल भ.पु. यलाछे बेसी | का.ई. मरुहिटी बस्ने तिर्थ राज साल्मीको जग्गा जोती खाई आएको। |

## जलवायु सम्मेलन हुने

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), साउन २८ गते*

मुस्ताङको घरपझोङ गाउँपालिकाले 'जलवायु परिवर्तन सम्मेलन' आयोजना गर्ने भएको छ। जलवायु परिवर्तनका कारण हिमाली जिल्लामा परेको समस्याबारे स्थानीय सरकारमार्फत प्रदेश, सङ्घीय सरकार र अन्तर्राष्ट्रियस्तरमा दबाब सिर्जना गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको हो।

आगामी भदौ ३० र ३१ गते सदरमुकाम जोमसोममा तय गरिएको सम्मेलनमा ७५३ स्थानीय तहका प्रमुख तथा उपप्रमुखको उपस्थिति हुने जनाइएको छ। गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले सङ्घीय, प्रदेश तथा स्थानीय सरकारले नीति तथा कार्यक्रम र बजेटमा जलवायु परिवर्तनका बारेमा प्राथमिकता दिनुपर्ने सन्देश प्रवाह गर्न सम्मेलन गर्न लागिएको बताउनुभयो। अध्यक्ष लालचनले जलवायु परिवर्तनका कारण मुस्ताङमा बाढीपहिरो, कृषि, पशुपालन तथा समग्र मुस्ताङले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ठुलो क्षति भोग्नु परेको बताउँदै देशभरका सबै स्थानीय तहको साझा धारणा बनाउने गरी कार्यक्रम तय गरिएको बताउनुभयो।

मुस्ताङमा जलवायु परिवर्तनका कारण हिमालको प्राकृतिक सन्तुलन बिग्रिएर हिमनदी पग्लिएर बनेका हिमताल अस्थिर बन्दै गएका छन्। हिमताल फुटेर बाढी आउने खतरा छ। पानीको स्रोतमा अस्थिरता छ। खानेपानी र सिँचाइमा समस्या, हिमाली वनस्पति र जनावरको वासस्थानमा परिवर्तन, कृषि, पशुपालन र पर्यटन जस्ता मानव जीवन र जीविकोपार्जनसँग जोडिएका क्षेत्रमा प्रत्यक्ष असर परिरहेको छ। बाढीपहिरो, खानेपानीको अभावका कारण बसाइँसराइ बढेको प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले बताउनुभयो।

### सडकमा गाडीको गति

# जङ्गलमा साठी, बस्तीमा चालिस

**नवलपुर समाचारदाता**
*नवलपुर, साउन २८ गते*


गाडीको गति नियमन गर्दै प्रहरी।

देशकै लामो, फराकिलो र नयाँ नारायणगढ–बुटवल सडकखण्ड विस्तारको अन्तिम चरणमा छ। सडक आयोजनाका अनुसार झन्डै ९३ प्रतिशत बाटो सम्पन्न भइसकेको छ। अहिले बाटोमा रङरोगन गर्ने, बिरुवा र दुबो रोप्ने, जेब्रा क्रसिङ बनाउने र स्पिड लिमिटका बोर्ड राख्ने काम भइरहेको छ।

जङ्गलक्षेत्रमा गाडीको गति प्रतिघण्टा अधिकतम ४० किलोमिटर राखिएको छ। चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र सामुदायिक वन र घना जङ्गल रहेको क्षेत्रमा अधिकतम ४० किलोमिटरभन्दा बढी गतिमा गाडी चलाउन पाइँदैन। त्यसका लागि ट्राफिक प्रहरीले बेला बेलामा 'राडन गन' (राजमार्गमा गाडीको गति मापनयन्त्र) मार्फत गाडीको गतिको नियमन गरिरहेको हुन्छ। त्यस्तै बजारक्षेत्रमा अवस्था हेरेर अधिकतम ६०, दाउन्ने क्षेत्रमा ४० र अन्य ठाउँमा सडकको अवस्था र गाडीको चाप हेरेर अधिकतम ८० किलोमिटर सम्ममा गाडी चलाउन पाउने गरी होडिङ बोर्ड राखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख, प्रहरी निरीक्षक कुशल बर्तौलाले बताउनुभयो।

यसै गरी बजारक्षेत्र र राजमार्ग वारपार गर्ने (क्रसिङ) स्थान रहेका ठाउँमा प्रतिकिलोमिटर एक मिनेटको गतिमा गाडी चलाउनुपर्ने छ। जङ्गलक्षेत्र खुला हुने भए पनि गति सीमित किन गरिएको होला त ? प्रहरी निरीक्षक बर्तौला भन्नुहुन्छ, "जङ्गलमा जङ्गली जनावर आवतजावत गर्ने भएकाले सुरक्षालाई ध्यान दिँदै गति सीमित गरिएको हो।" एसियन हाइवेका रूपमा विस्तार गरिएको यो सडकमा जङ्गली जनावरका लागि अन्तर्राष्ट्रिय नियमको पालना गरेको भने देखिँदैन। अन्तर्राष्ट्रिय मान्यता अनुसार घना जङ्गलमा जङ्गली जनावरको ओहोरदोहोर हुने ठाउँमा 'अन्डरपास' र 'ओभरहेड ब्रिज' राख्नुपर्ने थियो तर ११४ किलोमिटर सडकमा कतै पनि यस्तो व्यवस्था गरिएको छैन।

सडक विभाग आयोजना निर्देशनालय (एडिबी) का निर्देशक इन्जिनियर चूडाराज ढकालले जङ्गली जनावरका लागि अन्डरपास र ओभरहेड ब्रिज बनाउने सम्झौतामा उल्लेख नभएको र पछि थप्न आग्रह गर्दा चिनियाँ ठेकेदार कम्पनीले घाटा हुने भन्दै नमानेको बताउनुभयो। ४३ वटा पुलमा सामान्य सुधार गरी साना जनावर ओहोरदोहोर गर्न सक्ने बनाइएको उहाँको दाबी छ। आयोजना निर्देशक ढकालले बाटोमुनि ठुला जङ्गली जनावर र माथि साना जनावरको आतङ्क रहेकाले अब जङ्गललाई धेरै प्राथमिकता दिन नपर्ने तर्क गर्नुहुन्छ। "बाँदर, बँदेललगायतका जनावरकै कारण कतिपय ठाउँबाट बस्ती नै विस्थापित हुनु परेको छ। अब पुरानो सोचलाई पुनर्विचार गर्नु पर्छ, किनकी यसले गरिबी र बेरोजगारी झन् बढाउँछ," ढकालले भन्नुभयो।

यति हुँदाहुँदै पनि गैँडाकोटको पितौँजी जङ्गलमा बाँदरलाई ओहोरदोहोर गर्न सजिलो होस् भनेर एउटा आकासे पुल भने बनाइएको ढकालले बताउनुभयो। मुख्य बजारमा छ लेन, अन्यत्र चार लेन र दाउन्नेमा तीन लेनको सडक निर्माण भएको छ।

## तालमा सूचनापाटी

**मनाङ समाचारदाता**
*मनाङ, साउन २८ गते*


तालछेउको सूचनापाटी।

मनाङका प्रमुख हिमाली तालको प्राकृतिक तथा पर्यटकीय महत्त्वबारे पर्यटकलाई जानकारी गराउने उद्देश्यले विभिन्न तालमा सूचनापाटी राखिएको छ।

प्रकृति आधारित पर्यटन प्रवर्धन तथा वातावरण संरक्षणलाई टेवा पुऱ्याउने उद्देश्यले जिल्लाका प्रमुख तालमा सूचनापाटी राख्ने काम सम्पन्न भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले बताउनुभयो। उहाँका अनुसार मनाङका आइस लेक, ब्लु लेक, ग्रिन लेक, गङ्गापूर्ण ताल, तिलिचो ताल, पोङ्कर ताल, लोफिलिङ ताल र ढिकुर पोखरीमा सूचनापाटी स्थापना गरिएको छ। सूचनापाटीमा सम्बन्धित तालको परिचय, प्राकृतिक विशेषता तथा पर्यटकीय महत्त्वबारे जानकारी समेटिएको छ।

त्यस्तै ताल तथा आसपासका क्षेत्रमा पाइने महत्त्वपूर्ण वनस्पति र वन्यजन्तु, जैविक विविधता तथा हिमाली पारिस्थितिकीय प्रणालीमा ती तालको भूमिकाबारे समेत जानकारी राखिएको छ। यसबाट पर्यटकले भ्रमणका क्रममा सम्बन्धित क्षेत्रको प्राकृतिक महत्त्वबारे सहज रूपमा जानकारी लिन सक्ने अपेक्षा गरिएको कार्यालय प्रमुख भुजेलले बताउनुभयो।

उच्च हिमाली क्षेत्रमा रहेका मनाङका ताल प्राकृतिक सौन्दर्यका साथै प्रकृति आधारित पर्यटनका महत्त्वपूर्ण गन्तव्य हुन्। तिलिचो, गङ्गापूर्ण, आइस लेक र पोङ्करलगायतका तालले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्दै आएका छन्। मनाङ डिस्याङ गाउँपालिकाले समेत तिलिचो, गङ्गापूर्ण, आइस लेक र ग्रिन लेकलगायतलाई प्रमुख पर्यटकीय स्थलका रूपमा सूचीकृत गरेको छ। सूचनापाटी स्थापनाले पर्यटकलाई हिमाली वातावरणप्रति जिम्मेवार बन्न, फोहोर नगर्न तथा प्राकृतिक सम्पदाको संरक्षणमा सहयोग गर्न सचेत गराउने अपेक्षा गरिएको छ। संवेदनशील हिमाली पारिस्थितिक प्रणालीमा बढ्दो पर्यटकीय गतिविधिबिच वातावरणीय सचेतना अभिवृद्धि गर्न यस्तो पहल महत्त्वपूर्ण मानिएको छ। प्राकृतिक सम्पदाको संरक्षणसँगै दिगो पर्यटन प्रवर्धन गर्ने उद्देश्यले गरिएको यस पहलले मनाङका कम चिनिएका तालको समेत प्रचारप्रसारमा सहयोग पुग्ने एक्यापले विश्वास गरेको छ।

## वालिङ नगरपालिकाको 'गुलाबी सहर'

**पुतलीबजार समाचारदाता**
*स्याङ्जा, साउन २८ गते*


गुलाबी पोसाकमा वालिङका विद्यार्थी।

स्मार्ट सिटीको अवधारणामा अघि बढिरहेको स्याङ्जाको वालिङ नगरपालिकाको अर्को पहिचान बनेको छ 'गुलाबी सहर'। नगरक्षेत्रका करिब ८० प्रतिशत घरमा गुलाबी रङ पोतिएको वालिङमा अब यही रङ विद्यालयका विद्यार्थीको पोसाकमा समेत पुगेको छ।

नगरपालिकाले यहाँका ५९ वटा सामुदायिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत करिब तीन हजार ९२ विद्यार्थीका लागि गुलाबी पोसाक लागु गरेको हो। घरका भित्तादेखि विद्यालयका पोसाकसम्म विस्तार भएको गुलाबी अभियानलाई नगरपालिकाले स्थानीय पहिचानसँगै समानता, एकता र सहिष्णुताको भावनासँग जोडेको छ।

गुलाबी रङ सामान्यतः प्रेम, करुणा, सद्भाव, आत्मीयता र सकारात्मक भावनासँग जोडिन्छ। यही भावनालाई नागरिकबिचको सम्बन्ध र नगरको साझा पहिचानसँग जोड्ने उद्देश्यले वालिङमा गुलाबी रङलाई अभियानका रूपमा अघि बढाइएको नगरप्रमुख कृष्ण खाँणले बताउनुभयो। उहाँका अनुसार गुलाबी अभियान भौतिक संरचनालाई एउटै रङमा रङ्ग्याउने अभियान मात्रै होइन। यसमार्फत नगरवासीमा साझा पहिचान र अपनत्वको भावना विकास गर्ने प्रयास भइरहेको छ।

नगरपालिकाले प्रत्येक विद्यार्थीका लागि पोसाकबापत एक हजार रुपियाँका दरले सम्बन्धित विद्यालयको खातामा रकम उपलब्ध गराएको छ। विद्यालयको खातामा रकम पुगेपछि विद्यार्थीले गुलाबी पोसाक लगाउन थालेका हुन्।

रणवीर जनहित माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मीप्रसाद रेग्मीले भन्नुभयो, "सबै विद्यार्थीले एउटै रङको पोसाक लगाउँदा समानताको अनुभूति हुन्छ। नगरपालिकाले अघि सारेको अभियानलाई विद्यार्थी र शिक्षकले सकारात्मक रूपमा लिएका छन्।" विद्यालयको पोसाकमा मात्रै होइन, गुलाबी अभियानले स्थानीय सिलाइकटाइ व्यवसायमा समेत कामको अवसर बढाएको छ। विद्यालयका विद्यार्थी तथा अटोचालकका लागि गुलाबी पोसाकको माग बढेपछि स्थानीय टेलर व्यवसायीलाई पोसाक सिलाउन भ्याइनभ्याइ भएको व्यवसायी बताउँछन्।

वालिङमा गुलाबी रङको प्रयोग विद्यालयको पोसाकमा मात्र सीमित छैन। नगरपालिकाले घर निर्माणको नक्सा पासदेखि सार्वजनिक तथा व्यावसायिक क्षेत्रसम्म गुलाबी रङलाई अभियानका रूपमा अघि बढाएको छ। नगरपालिकाको दाबी अनुसार नगरक्षेत्रका करिब ८० प्रतिशत घरमा गुलाबी रङ प्रयोग भएको छ। वालिङका घरमा गुलाबी रङ देखिनुको पछाडि नगरपालिकाको नीतिगत व्यवस्था पनि जोडिएको छ। वालिङ नगरपालिकाका घरनक्सा शाखा प्रमुख कृष्ण शर्माका अनुसार नक्सा पास गर्ने क्रममा नै गुलाबी रङलाई अनिवार्य गरिएकाले नयाँ तथा पुराना घरमा समेत यसको प्रयोग बढेको हो।

## प्रमुखसहित कर्मचारीमा कैफियत

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, साउन २८ गते*

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जिल्लाका १३ वटा कार्यालयमा एकै पटक छड्के अनुगमन गरेको छ। प्रशासनका चार वटा टोलीले कार्यालय खोल्ने समय ९ बजे नै सरकारी कार्यालय पुगेर छड्के गरेको हो। विगतमा आचारसंहिताकेन्द्रित अनुगमन गर्ने गरेकामा यो पटक समय पालना, ड्रेस कोड तथा परिचयपत्र, कार्यकक्षमा उपस्थिति र ई. हाजिरीबारे अनुगमन गरेको प्रमुख जिल्ला अधिकारी नीराजन घिमिरेले बताउनुभयो। विगतमा पूर्वाधार र प्रगतिबारे अनुगमन हुने गरेको देखिए पनि कर्मचारीलाई कारबाही गर्ने गरी पहिलो पटक अनुगमन भएको घिमिरेले बताउनुभयो।

छड्के अनुगमनमा छ जना कार्यालय प्रमुखसहित ३४ जना कर्मचारीको उपस्थिति तथा समय पालनामा कैफियत भेटिएको हो। अनुगमनपश्चात् कार्यालय प्रमुखको बैठकमा यस्ता खालका कैफियत रहेकाले सुधार गर्न जानकारी गराउने गरिएकामा अहिले कानुनको अवज्ञा गरेका कर्मचारीलाई कारबाही गर्न नै छड्के गरेको घिमिरेले बताउनुभयो। छड्के अनुगमन देखाउनका लागि नभई काम गर्नका लागि भएको बताउँदै घिमिरले कर्मचारी

### कैफियत देखिएका कर्मचारीको स्पष्टीकरणको जवाफ आएपछि कारबाहीका लागि पठाउने तयारी

सबै कामप्रति जिम्मेवार हुनुपर्ने बताउनुभयो।

अनुगमनका क्रममा स्वीकृति नलिई बिदा वा काजमा बसेका सात जना, हाजिर गरेर कार्यालयमा उपस्थित नभएका एक जना र ढिला उपस्थित भएका १२ जना, पूर्ण रूपमा समय पालना नगरेका १४ जना छड्के अनुगमनमा भेटिएको थियो। कैफियतमा परेका कर्मचारीले सात दिनभित्र जिल्ला प्रशासन कार्यालयलाई स्पष्टीकरण उपलब्ध गराउन सम्बन्धित कार्यालयलाई निर्देशन दिइएको सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीले बताउनुभयो। सेवाग्राहीलाई प्रभावकारी सेवा उपलब्ध गराउन कर्मचारी कार्यालयमा नियमित उपस्थित हुनुपर्ने भन्दै सुवेदीले कैफियत देखिएका कार्यालयलाई आवश्यक सुधार र कानुन अनुसारको कारबाहीका लागि पत्राचार गरिएको बताउनुभयो। अनुगमनका क्रममा कैफियत देखिएका कर्मचारीको स्पष्टीकरणको जवाफ आएपछि मुख्यमन्त्री र सतर्कता केन्द्रमा कारबाहीका लागि पठाउने तयारी प्रशासनले गरेको छ।

## एक लाखभन्दा बढीले लिए सेवा

**बागलुङ समाचारदाता**
*बागलुङ, साउन २८ गते*

धवलागिरि प्रादेशिक अस्पताल बागलुङबाट एक वर्षमा एक लाख दुई हजार बिरामीले सेवा लिएका छन्। यो तथ्याङ्क गत आर्थिक वर्ष २०८२/८३ को हो। अस्पतालले विशेषज्ञसेवा दिन थालेपछि बिरामीले राहतको महसुस गरेका छन्।

डिस्पेन्सरीबाट जिल्ला अस्पताल, धवलागिरि अञ्चल हुँदै प्रादेशिकमा स्तरोन्नति भएको अस्पतालमा जटिल प्रकारका अपरेसनसमेत हुन थालेका छन्। अस्पतालमा हाल १८ जना विशेषज्ञ चिकित्सकसहित ३० भन्दा बढी डाक्टर कार्यरत छन्। अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. किरण तिवारीका अनुसार स्नायुप्रणालीको समस्या र मुटुरोगका गम्भीर बिरामी मात्र अस्पतालले रेफर गर्न थालेको छ। १४० शय्याको सो अस्पतालले हाडजोर्नी, नाक कान घाँटी, स्त्री तथा प्रसूति, हेमोडायलायसिस, सुरक्षित गर्भपतन, आँखा उपचार, पाठेघरको क्यान्सरविरुद्धका उपचार दिँदै आएको डा. तिवारीले जानकारी दिनुभयो।

बागलुङ अस्पतालले गर्भवती महिलालाई एक पटक निःशुल्क भिडियो एक्सरे सेवा दिने भएको छ। गर्भावस्थामा शिशुको अवस्था जानकारी लिन अस्पतालले एक पटकका लागि भिडियो एक्सरे सेवा निःशुल्क गरेको हो।


**काठमाडौँ उपत्यका खानेपानी लिमिटेड**
मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाडौँ

**५०० मि.मि. व्यासको HDPE पाइप खरिद गर्ने सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८३/४/२९**

काठमाडौँ उपत्यका खानेपानी लिमिटेडको मिति २०८३/४/२७ को निर्णयानुसार कम्पनीका लागि आवश्यक पर्ने ५०० मि.मि. व्यासको HDPE पाइप सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) बमोजिम खरिद गर्नुपर्ने भएकोले ५०० मि.मि. व्यासको HDPE पाइप उत्पादन गर्ने नेपाली उत्पादकहरूबाट मिति २०८३/५/१ गते सोमबार कार्यालय समयभित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। उक्त पाइपको Technical Specification लगायतको विस्तृत विवरण कम्पनीको वेबसाइट www.kukl.org.np बाट डाउनलोड गर्न सकिनेछ।



**Dharan Sub Metropolitan City**
Office of Municipal Executive
Dharan-12, Koshi Province, Nepal

**Notice For Shortlisting of Consultant**

**Date of Publication: 2083-4-29**

As per the notice of invitation for Expression of Interest (EOI) for **"Consulting Services for Design review with finalization and construction supervision of Refurbishment of Dharan Sabhagriha Contract id: 01/DHARAN/CONS/EOI/082/83"** published at bolpatra.gov.np/egp on 2083-1-11, it is to informed that the following consulting firms have been shortlisted as per the clause 30(5) of the Public Procurement Act, 2063:

1. Quest Engineering PVT. LTD., Engineering Consultancy for Constructive Development Efforts in Nepal PVT. LTD., GRID Consult PVT. LTD. (ECOCODE-GRID-QUEST JV), Balkhu-14, Kathmandu.
2. Joit Venture of Civil Informatics and Solutions, SITARA Consult and Earthquake Safety Solutions, Chakupat, Lalitpur.
3. Smart Engineering and Design Solution PVT. LTD., Gothatar, Kathmandu.
4. D.B. Multi Engineering Consult PVT. LTD., Infrastructure Engineering Research and Consult PVT. LTD. (D.B Multi-IERC JV), Kathmandu.
5. Eversafe Engineering Consultancy PVT. LTD., PACE Consultant, Moonlight Civil Solution Private Limited (PACE-EVERSAFE-MOONLIGHT JV), Baluwatar, Kathmandu.
6. Building Design Engineering Construction and Suppliers PVT. LTD., Raj Engineering Consultant, Apurba Engineering Consultancy PVT.LTD. (RAJ-BDEC-APURBA JV), Kathmandu.

**Chief Administrative Officer**



नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौँ।

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**मिति : २०८३।०४।२९**

यस विभागको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम एक वर्ष अवधिका लागि देहाय अनुसारको सुरक्षा र सरसफाइ सम्बन्धी सेवा खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस विभागको सामान्य प्रशासन शाखाबाट दरभाउपत्र खरिद गरी ८औँ दिन दिनको १२:०० बजेसम्म पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। दरभाउपत्र पाइने स्थान, दस्तुर, पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस विभागको website: www.ird.gov.np र सूचना पाटीमा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर | जमानत बापतको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | IRD/SQ/G/2083-84/01 | सुरक्षा सेवा खरिद सम्बन्धी | रु. १,०००।– | रु. ३५,०००।– | |
| २. | IRD/SQ/G/2083-84/02 | सरसफाइ सेवा खरिद सम्बन्धी | रु. १,०००।– | रु. ३२,०००।– | |

**दरभाउपत्र फाराम लिने तथा बुझाउने स्थान : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौँ।**
**दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति : २०८३ भदौ ४ गते बिहीबार कार्यालय समयभित्र।**
**दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति : २०८३ भदौ ५ गते शुक्रबार दिनको १२:०० बजेभित्र।**
**दरभाउपत्र खोल्ने मिति र समय : २०८३ भदौ ५ गते शुक्रबार दिनको १४:०० बजे।**



**धरान उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :– २०८३।०४।२९**

यस कार्यालयद्वारा प्रकाशित गरिएको तल उल्लेख भएको खरिद कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लिखित अन्तिम मितिभित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा सारभूत रूपमा प्रभावग्राही स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशय पत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अङ्क (भ्याट बाहेक) | व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | Parking sulk (Bhadaka sawari sadhan) | NCB/Rev/03/14241/082/83 | २६,२२,०००/– | Prinsa Nirman Sewa Pvt. Ltd. |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
केसरमहल, काठमाडौँ।

**कालोसूचीमा राखिएको सूचना**

**(सूचना प्रकाशित मिति : २०८३।०४।२९ गते)**

तपसिलका सार्वजनिक निकायहरूबाट लेखिआए बमोजिम यस कार्यालयको मिति २०८३।०४।२८ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम यो सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी देहायका निर्माण व्यवसायी/आपूर्ति कर्ताहरूलाई देहायको अवधिसम्म कालोसूचीमा राखिएकोले उक्त निर्माण व्यवसायी/आपूर्ति कर्ताहरूले कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन नसक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | कालोसूचीमा राख्न लेखी पठाउने सार्वजनिक निकायहरूको नाम, ठेगाना | कालोसूचीमा राखिएका निर्माण व्यवसायी/आपूर्ति कर्ताहरूको नाम, ठेगाना | कालोसूचीमा राखिएको समयावधि |
|---|---|---|---|
| १ | श्री पूर्वाधार विकास कार्यालय सिमकोट, हुम्ला | श्री पूर्णा निर्माण सेवा, गोत्री-०४, बाजुरा। **(मुख्य व्यक्ति: श्री काली बहादुर शाही)** | ३ (तीन) वर्ष |
| २ | श्री नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके। | श्री सैयद गाजी फत्ते निर्माण सेवा, जमुनाह गाउँ-०५, नरैनापुर, बाँके। **(मुख्य व्यक्ति: श्री ताहिर खाँ)** | १ (एक) वर्ष |
| ३ | श्री कृषि तथा वन विज्ञान विश्वविद्यालय केन्द्रीय कार्यालय, रामपुर, भरतपुर म.न.पा.-१५, चितवन। | श्री GDS Construction तिलागुफा-७, कालिकोट **(मुख्य व्यक्ति: श्री सुरेन्द्र बहादुर बम)** | १ (एक) वर्ष |
| ४ | श्री महालेखापरिक्षकको कार्यालय, अनामनगर, काठमाडौँ | श्री टीम एशिया नेपाल प्रा.लि. काठमाडौँ म.न.पा.-२२, काठमाडौँ **(मुख्य व्यक्ति: श्री विक्रम सिंह बुढाथोकी)** | १ (एक) वर्ष |



नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
सानो गौचरण, काठमाडौँ

**माथिल्लो तादी खोला–समुन्द्रटार ३३ के.भि. विद्युत प्रसारण लाईन आयोजना सम्बन्धी सार्वजनिक सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२९**

बागमती प्रदेश, अन्तर्गतको नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका वडा नं. १ मा अवस्थित माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) को स्विचयार्डदेखि सोही दुप्चेश्वर गाउँपालिका वडा नं. ६ मा रहेको नेपाल विद्युत प्राधिकरणको १३२/३३ के.भि. समुन्द्रटार सवस्टेसनसम्म जम्मा ६.८५ कि.मि. लामो विद्युत प्रसारण लाईन आयोजनाको लागि विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रका लागि प्रवर्द्धक कम्पनी श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिलका विवरणहरू खुलाई यो सूचना प्रकाशित गरिएको छ। उक्त प्रसारण लाईन सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धक कम्पनीमा आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. यस प्रसारण लाईनको भोल्टेज ३३,००० भोल्ट, डबल सर्किट र ११ मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाईन आयोजना, बागमती प्रदेश अन्तर्गतको नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका वडा नं. १ मा अवस्थित माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) को स्विचयार्ड देखि सोही दुप्चेश्वर उपालिका वडा नं. ६ मा रहेको नेपाल विद्युत प्राधिकरणको १३२/३३ के.भि. समुन्द्रटार सवस्टेसन सम्म जम्मा ६.८५ कि.मि., ३३ के.भी., डबल सर्किट प्रसारण लाईन आयोजना।
४. यो प्रसारण लाईनको लम्बाइ जम्मा ६.८५ कि.मि. रहेको छ जसमा १२७ वटा Steel Tubular Pole हरू तथा ACSR 'DOG' Conductor प्रयोग गरिएको छ। पोलको उचाई १३ मि. तथा पोलहरू बिचको औसत दूरी २९.२९–१०३.८८ मि. रहेको छ। यस आयोजनाको पोल तथा प्रसारण लाईनका लागि Right of Way (RoW) र Pole Foundation का लागि जम्मा ४.६४२ हेक्टर जग्गा आयोजनाका लागि उपयोग गरिएको छ।
५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दूरीमा नघटाई प्राविधिक दृष्टिकोण बाट ६.६२ मि. (मध्य विन्दुबाट ३.३१/३.३१ मी. दाँया बाँया) रहेको छ।
६. यो प्रसारण लाईन सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायू प्रदूषण आदिद्वारा वतावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गरिनेछ।
७. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरू बुझ्नुपरेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ।

| | |
|---|---|
| **श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड**<br>थापाथली, काठमाडौँ।<br>सम्पर्क नं. ०१–५१११०९३<br>इमेल : suryakundahydro@gmail.com | **श्री विद्युत विकास विभाग**<br>**सानो गौचरण, काठमाडौँ, फोन नं. : ०१–४५३४११९**<br>**पो.ब.नं. २५०७, फ्याक्स नं. : ०१–५२४४२५७**<br>**इमेल : info@doed.gov.np** |

# ऋण तिरे पनि फिर्ता भएन जग्गा



मिटरब्याजपीडितले आयोजना गरेको पत्रकार सम्मेलन ।

*तस्बिर : लक्ष्मी चौधरी*

**लक्ष्मी चौधरी**
*जनकपुरधाम, साउन २८ गते*

मिथिला नगरपालिका–६, ढल्केबरका कृष्णलाल दासले छोरीको विवाहका लागि जग्गा रजिस्ट्रेसन गरी जनकपुरधामका हरेराम साहसँग २०८१ वैशाख २० गते १२ लाख ५० हजार रुपियाँ ऋण लिनुभएको थियो।

ऋण लिएको करिब सात महिनापछि १० लाख रुपियाँभन्दा बढी रकम बुझाइसक्दा पनि जग्गा फिर्ता नपाएपछि उहाँले बाँकी रकम तिरेर जग्गा फिर्ता गरिदिन आग्रह गर्न थाल्नुभयो तर हरेराम साहले जग्गा फिर्ता गर्न आनाकानी गरेको दासको आरोप छ। उहाँले पछि आफ्नो १३ धुर जग्गा फाइनान्समा धितो राखेर ८८ लाख रुपियाँ ऋणसमेत निकालिएको थाहा पाएपछि त्यसको सत्यतथ्य जाँचको माग गर्नुभएको छ। दासको ढल्केबर चोकमा रहेको उक्त जग्गा फिर्ता माग्दा पनि साह परिवारले आलटाल गर्दै आएको उहाँको भनाइ छ।

यस्तै विदेह नगरपालिका–१ का बहुरी राउतले पनि छोराको उपचारका लागि हरेराम साहको परिवारसँग जग्गा रजिस्ट्रेसन गरी दुई पटकमा एक लाख २७ हजार रुपियाँ ऋण लिनुभएको थियो। उपचार खर्चका लागि तत्काल आवश्यक रकम लिन जग्गा रजिस्ट्रेसन गरिएको र खर्च कटाएर २५ हजार रुपियाँ मात्र हात परेको उहाँको भनाइ छ। पछि उपचार खर्च नपुगेपछि थप जग्गा रजिस्ट्रेसन गरी राजीनामापत्रमा एक लाख रुपियाँ उल्लेख गरेर ७५ हजार रुपियाँ लिएको राउतले बताउनुभयो। आफूले पटक पटक गरी करिब डेढ लाख रुपियाँ फिर्ता गरिसके पनि जग्गा भने फिर्ता नपाएको उहाँको दाबी छ। आफू पूर्वशिक्षक रहेको र मिटरब्याजसम्बन्धी उजुरीसमेत दिएको उहाँले बताउनुभयो।

### एक करोड नौ लाख रुपियाँ ऋण

यसै गरी जनकपुरधाम उपमहानगरपालिका–४ की नीलम ठाकुरले आफ्नो श्रीमान्ले गोपाल साहसँग जनकपुरधामस्थित मुरली चोकको पाँच कट्ठा जग्गा रजिस्ट्रेसन गरी एक करोड नौ लाख रुपियाँ ऋण लिएको बताउनुभयो। पछि जनकपुरधामको मुरली चोकमा रहेको पाँच कट्ठा जग्गा बिक्री गरिसकेको आफूले थाहा पाएको उहाँको भनाइ छ। रकम फिर्ता गरेर जग्गा आफ्नो नाममा ल्याउन पटक पटक आग्रह गरे पनि साह परिवारले बेवास्ता गरेको ठाकुरले गुनासो गर्नुभयो। उहाँले पटक पटक धम्की दिँदै चेक बाउन्सको मुद्दासमेत लगाइएको बताउनुभयो। यस्तै विदेह नगरपालिका–१ का गोविन्दकुमार साहले गोपाल साहसँग जग्गा दृष्टिबन्धक

**मिटरब्याजपीडित**

राखेर कपाली तमसुकमार्फत ९९ लाख रुपियाँ ऋण लिनुभएको थियो। उहाँको आरोप अनुसार दृष्टिबन्धकमा रजिस्ट्रेसन गरिएको जग्गा जग्गाधनीको जानकारीबिनै बैङ्कमा धितो राखेर साह परिवारले करिब चार करोड रुपियाँ ऋण निकालेका थिए। जग्गा फिर्ता नदिएपछि गोविन्दकुमारले प्रहरीमा जाहेरी दिनुभएको थियो।

पीडितका अनुसार साह परिवारले ऋण लगानी गर्दा ऋणीको जग्गा दृष्टिबन्धक वा रजिस्ट्रेसन पास गराउने र त्यसपछि सोही सम्पत्ति बैङ्क तथा वित्तीय संस्थामा धितो राख्ने गरेको छ। कतिपय जग्गा बिक्री गरिएको र कतिपय सम्पत्ति परिवारका सदस्यबिच अंशबन्डासमेत गरिएको उनीहरूको दाबी छ। यस्तो कारोबारबाट सयौँ व्यक्ति प्रभावित भएको उनीहरूको दाबी छ। यही प्रकृतिको आरोपमा धनुषा प्रहरीले जनकपुरधाम उपमहानगरपालिका–१६, कपिलेश्वरका ५३ वर्षीय गोपाल साह, उहाँकी ४८ वर्षीय श्रीमती रेखा साह तथा ३२ वर्षीय छोरा हरेराम साहलाई पक्राउ गरेको छ। विदेह नगरपालिका निवासी गोविन्दकुमार साहको जाहेरीका आधारमा साउन २ गते गोपाल साहसहितका व्यक्ति पक्राउ परेका थिए। लामो अनुसन्धानपछि तिनै जनाविरुद्ध जिल्ला अदालत धनुषामा सरकारी वकिलमार्फत अभियोगपत्र दर्ता भइसकेको प्रहरीले जनाएको छ।

मिटरब्याजको आरोपमा पक्राउ परेकी रेखा साहका छोरा जयराम साहले पूर्वएसएसपी गोविन्द साहले आफ्नो प्रभाव प्रयोग गरी आफूहरूलाई मिटरब्याजीको आरोपमा फसाउनुभएको आरोप लगाउनुभयो। पाँच वर्षअघि पूर्वएसएसपी साहले आफैँ बिक्री गरेको जग्गा पुनः फिर्ता पाउने प्रयासस्वरूप आफ्नो परिवारलाई पक्राउ गराएको आरोप लगाउँदै मुद्दालाई लम्ब्याउन २० वर्षअघि बिक्री भएको जग्गाधनीहरूलाई खोजेर ल्याएर भेला गरिरहेको उहाँले आरोप लगाउनुभयो।

सो जग्गा कानुनी प्रक्रिया पूरा गरेर खरिद गरेको दाबी गर्दै उहाँले पूर्वएसएसपी साहकी श्रीमती र छोराको समेत मञ्जुरी सनाखतसहितको कागज आफूसँग सुरक्षित रहेको दाबी गर्नुभयो। अनुसन्धानबाट दोषी ठहर भए कानुन अनुसार सजाय दिन सकिन्छ तर अनुसन्धानकै क्रममा थुनामा राख्नु न्यायोचित नभएको भन्दै उहाँले रिहाका लागि माग गर्नुभयो।

धनुषा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेका अनुसार साह परिवारलाई पक्राउ गरी २५ दिन थुनामा राखेर अनुसन्धान गरिरहेको बताउनुभयो। अनुसन्धानका क्रममा प्रहरीले गोपाल साहको जनकपुरधामस्थित घरबाट ५० थान जग्गाधनी पुर्जा, १८ थान नागरिकता प्रमाणपत्र, एउटा ल्यापटप तथा विभिन्न छाप र नक्सा बरामद गरेको जनाएको छ। साह परिवारविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा थप आठ वटा उजुरीसमेत परेको प्रहरीले जनाएको छ।

उजुरी दिनेमा विदेह नगरपालिका–१ का बहुरी राउत, मिथिला नगरपालिका–८ की शिवसतीकुमारी महतो, सहिदनगर नगरपालिका–३ का मोहम्मद कासिम, कमला नगरपालिका–४ की सुलिना खातुन, छिरेश्वरनाथ नगरपालिका–४ का युसुफ राइन, छिरेश्वरनाथ नगरपालिका–६ का राजीवकुमार सिंह, मिथिला नगरपालिका–६ का कृष्णलाल दास र जनकपुरधाम उपमहानगरपालिका–४ की नीलम ठाकुर हुनुहुन्छ।

### आत्मदाहको प्रयास

**धनुषा समाचारदाता**का अनुसार मिटरब्याजीको मुद्दा विचाराधीन रहेको धनुषा जिल्ला अदालतअगाडि एक जना पीडित महिलाले आफ्नै शरीरमा पेट्रोल छर्केर आत्मदाह गर्ने प्रयास गर्नुभएको थियो। बुधबार जिल्ला अदालत धनुषाको मूल गेटअगाडि जनकपुरधाम उपमहानगरपालिका–४ कि फूलकुमारी रजकले आत्मदाह प्रयास गरेपछि प्रहरीले उद्धार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले जानकारी दिनुभयो।

जिल्ला अदालत धनुषाको मूल गेटअगाडि मिटरब्याजपीडितले विरोध प्रदर्शन गरिरहेको समयमा ती भिडमा रहेकी फूलकुमारी आफैँले बोतलमा लुकाएर ल्याएको पेट्रोल शरीरमा छर्केर आत्मदाहको प्रयास गर्नुभएको थियो। प्रहरीले उद्धार गरेर उहाँलाई प्रादेशिक अस्पताल जनकपुरधाम पुर्‍याएको थियो।

# मधेशमा वर्षाले राहत

**सर्लाही समाचारदाता**
*सर्लाही, साउन २८ गते*

केही दिनदेखिको उखरमाउलो गर्मीबाट अस्तव्यस्त रहेको सर्लाहीसहित मधेशका स्थानीयलाई वर्षाले राहत मिलेको छ। टन्टलापुर घाम र उखरमाउलो गर्मीले घरबाट बाहिर निस्कनै नसक्ने अवस्था बनेको मधेशमा बुधबार साँझदेखि भने एकाएक मौसम बदली भएर शीतलता छाएको हो। बुधबार मध्याह्न ३६ डिग्री सेल्सियस पुगेको सर्लाहीको तापक्रम बिहीबार भने ३१ डिग्री सेल्सियसमा झरेको छ।

रातिसमेत हपक्क गर्मी हुँदा प्रताडित बनेका मधेशवासीले अचानक मौसममा आएको परिवर्तनले राहत महसुस गरेका हुन्। यहाँ बुधबार साँझदेखि नै मौसम बदली भएर पानी परिरहेको छ। सर्लाहीको लालबन्दी नगरपालिका–१६, तीनघरेका स्थानीय गोविन्द केसीले बिहीबार मध्याह्न आफूहरूको क्षेत्रमा यो वर्षकै सबैभन्दा ठुलो पानी परेको र त्यसले किसानलगायत सबैलाई फाइदा भएको बताउनुभयो।


## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति : २०८३।०४।२९)

यस नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय पोखराबाट मिति २०८३।०३।२३ गते आह्वान गरिएको पुनः सिलबन्दी दरभाउपत्र नं. NDCL/PD-PKR/SQ-02/082-83 for Supply and Delivery of ADSS Fiber Optic Cables and Accessories को सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित ठहर हुन आएको देहाय बमोजिमको दरभाउपत्र स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | सिलबन्दी दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम (मू.अ. कर सहित) रु. |
|---|---|---|
| NDCL/PD-PKR/SQ-02/082-83 for Supply and Delivery of ADSS Fiber Optic Cables and Accessories | M/s Om Sai Trade Concern Pvt.Ltd., Bhairahawa | ७४,५७,४३५।०० (अक्षरुपी : चौहत्तर लाख सन्ताउन्न हजार चार सय पैंतीस रुपियाँ मात्र) |

**नेपाल टेलिकम**
प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश
रानीपौवा, कास्की, फोन नं. ०६१–५८९६६६



## महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश

### सङ्क्षिप्त सूची स्वीकृतको सूचना ।

प्रकाशित मिति : २०८३।०४।२९

यस कार्यालयद्वारा मिति २०८३/०२/०१ मा प्रकाशित “Notice for Expression of Interest (EOI)” अनुसार माग गरिएको आशय पत्रमा रीतपूर्वक दर्ता हुन आएका आशय पत्रहरूको मूल्याङ्कनबाट तपसिल बमोजिमका आशय पत्र दाताहरूको सङ्क्षित सूची स्वीकृत गएिको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, सङ्क्षित सूचीमा परेका आशय पत्र दाताहरूलाई अर्को चरणको प्रस्ताव माग (Request for Proposal-RFP) सम्बन्धी कागजात सार्वजनिक खरिद नियमावली–२०६४ को नियम (७१) बमोजिम उपलब्ध गराइने व्यहोरा समेत सूचित गरिन्छ।

Preparation of Detail project Report of Municipal Administrative Building in Mahalaxmi Municipality, Lalitpur, Contract Identification No, Mahalaxmi/EOI/37/2082/83

| S.No. | आशय पत्र दाताको नाम, ठेगाना |
|---|---|
| 1. | Pace-Eversafe-TMS JV, Kathmandu |
| 2. | CAGE-BDA-ER Tech, Kathmandu |
| 3. | New Planet-Head-Threshold, Kathmandu |
| 4. | SITARA-ECOCODE-SMART JV |
| 5. | A. Not Architeture N. Architects (P.) Ltd, Lalitpur |
| 6. | MIES-EWES JV, Kathmandu |

**Chief Administrative Officer**


# हराएका बिस जनाको उद्धार

**कल्याणपुर समाचारदाता**
*कल्याणपुर (सप्तरी), साउन २८ गते*

सप्तरी प्रहरीले जिल्लाको विभिन्न पालिकाबाट हराएका २६ जना व्यक्तिमध्ये २० जनालाई सकुशल फेला पारेको छ। प्रहरीले साउन एक गतेदेखि २३ गतेसम्मको अवधिमा जिल्लाबाट हराएको २६ जना व्यक्तिमध्ये २० जनालाई फेला पारेको तथ्याङ्क सार्वजनिक गरिएको हो। छ जनाको अवस्था भने अझै अज्ञात रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो।

जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको मासिक प्रगति विवरण अनुसार यस अवधिमा जिल्लाका विभिन्न स्थानबाट १२ जना महिला १२ जना बालबालिका तथा एक बालक र एक पुरुष गरी कुल २६ जना हराएका थिए। जसमध्ये १० महिला, आठ बालिका, एक बालक र एक पुरुष सकुशल फेला पारिएको प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो।

हराएकामध्ये अधिकांशको सीमावर्ती भारतीय बजारबाट सकुशल उद्धार गरिएको उहाँको भनाइ छ। प्रहरीका अनुसार अझै अज्ञात रहेका दुई महिला र ४ बालिकाको खोजी कार्य भइरहेको छ। प्रहरी उपरीक्षक रूपक खड्काले अझै हराइरहेका छ जनाको अवस्था पत्ता लगाउन प्रहरी सक्रिय भई लागिपरेको बताउनुभयो।

# पचहत्तर करोडको सामान बरामद

**गौशाला समाचारदाता**
*गौशाला (महोत्तरी), साउन २८ गते*

सशस्त्र प्रहरीले सीमाक्षेत्रमा निगरानी र गस्ती बढाएसँगै मधेश प्रदेशका आठ वटै जिल्लाबाट एक वर्षमा ७५ करोड रुपियाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ। भारतसँग जोडिएको खुला सीमाबाट हुने चोरी तस्करी तथा भन्सार छली नियन्त्रणका क्रममा उक्त परिमाणमा सामान बरामद गरिएको हो।

छिन्नमस्ता बाहिनी मुख्यालय बर्दीबास अन्तर्गत मधेश प्रदेशका विभिन्न सीमाक्षेत्रमा परिचालित सशस्त्र प्रहरी टोलीले आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असार मसान्तसम्म ७५ करोड २८ लाख ४५ हजार ४७६ रुपियाँ २० पैसा बराबरको अवैध सामान बरामद गरेको जनाएको छ। बरामद सामान आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालय तथा निकायमा बुझाइएको छ।

सशस्त्र प्रहरी मधेश प्रदेशका प्रवक्ता एसएसपी सुभाष भण्डारीका अनुसार भारतबाट भन्सार छली नेपाल भित्र्याइएका कपडा, किराना, हार्डवेयरलगायतका सामान बरामद भएका छन्। यसै गरी तेस्रो मुलुकबाट नेपाल ल्याइएका सामान नेपाल हुँदै भारततर्फ चोरी लुकी लैजान खोजिएको अवस्थामा तरबुजाको बिउसमेत बरामद गरिएको उहाँले जानकारी दिनुभयो।


नेपाल सरकार
## मेलम्ची खानेपानी विकास समिति
### सुरक्षा सेवा उपलब्ध गराउने सम्बन्धी बोलपत्र आह्वान

प्रथम प्रकाशित मिति : २०८३।०४।२९

मेलम्ची खानेपानी विकास समिति तथा खानेपानी तथा ढल व्यवस्थापन विभागको हाताभित्र रहेका भवनहरू, टहराहरू, जेनरेटर, सवारीसाधन लगायतका जायजेथाहरूको २४सै घण्टा सुरक्षा सेवा आवश्यक भएकोले नेपाल सरकारबाट स्वीकृत प्राप्त सुरक्षा सेवा प्रदान गर्ने संस्थाहरूबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ। बोलपत्र सम्बन्धी कागजात मेलम्ची खानेपानी विकास समितिको कार्यालयबाट खरिद गर्न सकिनेछ।

| खरिद गर्नुपर्ने सेवाको विवरण | बोलपत्र फाराम दस्तुर र बैंक खाता नाम र नं. | धरौटी रकम खाता | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|
| सुरक्षा सेवा | रु. ३,०००।००<br>राष्ट्रिय वाणिज्य बैंक<br>खाता नं. १०००१००२०००१००००<br>कार्यालय कोड नं. ३३७००३५०२<br>मेलम्ची खानेपानी विकास समिति | रु. १,०५,०००।०० | २०८३।०५।१६ गते दिनको १२:०० बजे | २०८३।०५।१६ गते दिनको १२:३० बजे |

**कार्यकारी निर्देशक**



## भूमि प्रशासन कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यसमा का.जि., ना.न.पा. ३ बस्ने नर बहादुर पुतुवारले मेरा माइला बाबु हर्ष पुतुवारको नाममा साबिक सर्भे नापीको समयमा नापनक्सा भई अ–प्रमाणित स्रेस्ता कायम रहेको तपसिल अनुसारको जग्गा साबिक मौजा काठमाडौँ फुटकर रै.नं. १३९।८ हरि नारा पुतुवारको नामको लगत भिडाई दर्ता हुने हुँदा हजुरबुबा लतमान पुतुवार हजुर आमा, पिता हरि बहादुर पुतुवार मिति २०१९ सालमा, आमा कान्छी पुतुवारको २०२५ सालमा, जेठो बाबु हरि नारायण पुतुवार मिति २०५९।५।१० मा, जेठी आमा सुकुमाया पुतुवार मिति २०३४ सालमा, हर्ष पुतुवारको मिति २०३५।५।१ मा काईली आमा अन्यत्र विवाह गरी गएको हुँदा निज मृतकहरूको हक खाने हकदारमा म एक मात्र भएकोले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरिपाऊँ भनी द.नं. २१५६ मिति २०८३।४।२० को माग निवेदन पेश भएको हुँदा निवेदकको माग दाबी बमोजिम दर्ता ना.सा. गरिदिँदा अन्य कोही कसैलाई फरक पर्छ पर्दैन ? यस जग्गामा अन्य कसैको हकलाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल :**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जोताहा | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सितापाइला | ८ | २८३ | ०–३–३–० | अष्टमान पुतुवार का.ई. हलचोक | महल खाली | यो जग्गा का.ई. हलचोक बस्ने हर्षलाई २।५० कुत तिरी खाएको छु। | |

**पुनश्च** : कि.नं. २८३ को मोठ स्रेस्ता जली नष्ट भएको पुरानो स्रेस्तामा ज.ध. को नाम च्यातिएको मोही अष्टमान पुतुवार देखिन्छ कम्प्युटरमा इन्ट्री भएको ७ नं. फाँटवारीमा २ नं. अनुसूची फेला नपरेको भनी पत्र प्राप्त भएको।



## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यसमा भ.पु.जि., भ.न.पा. वडा नं. ८ हाल परिवर्तित वडा नं. ५ बस्ने हर्ष लक्ष्मी ढुकुछुले मेरो पति कृष्ण ढुकुछुको नाममा २०२१ सालको सर्भे नापीका बखत नापनक्सा भई मोहियानी हक कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गा ज.ध. ले रैकर परिणत नगरेको ‘ख’ श्रेणीको कित्ता जग्गा साबिकदेखि हालसम्म जोत कमोद गरी कमाई आएकोमा साबिक मोही कृष्ण ढुकुछुको मिति २०७५।१२।२५ गते परलोक भई हक खाने एक मात्र श्रीमती म निवेदिका बाहेक अरू कोही नभएको हुँदा बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेकोमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको १ नं. मोही लगत, २ नं. अनुसूची मोही तुल्सी दास धुकुछु ज.ध. कृष्ण भक्त खौमा भूमिसुधार फाँटबाट भिडी आएको फिल्डबुकमा देखिएका ज.ध. लाई म्याद जारी हुँदा खोज तलास गर्दा फेला नपरेको भनी सम्बन्धित वडा कार्यालयबाट टाँस भई आएको देखिँदा यस निवेदिका बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम रै.प. दर्ता ना.सा. हुन नपर्ने कुनै मनासिब कारण भए अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी सार्वजनिक सामुदायिक ऐलानी पर्ती, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए साथै उल्लिखित जग्गा सम्बन्धमा कुनै अड्डा अदालतमा मुद्दा मामिला भएमा कुनै पूर्व मिसिल भई कुनै दाबी विरोध परेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको व्यहोरा | |
|---|---|---|---|---|---|---|
| | | | | | मोही | किसानको व्यहोरा |
| भक्तपुर | ताथली | ८(ङ) | ४६ | ०–९–०–० | कृष्ण धुकुछु भ.पु. चासुखेल। | यो जग्गा भ.पु. खौमा बस्ने कृष्ण भगत श्रेष्ठको हो। |



## नापी कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

जि. काठमाडौँ, का.म.न.पा., वडा नं. ११ बस्ने दिपा राणा समेत ३ ले हाम्रो जिजु बाजे मोहन शमशेर ज.ब.रा. को नाममा सुरु नाप नक्सामा नापी भई फिल्डबुकसमेत कायम भएको जि. भक्तपुर, साबिक गा.वि.स. निलबाराही, वडा नं. ९ (क), कि.नं. १६५, क्षे.फ. ०–९–०–०, साबिक ४६ नं. निरपुर मौजा रै.प. तर्फको सि.नं. ३८, क्षे.फ. रो. ९, ॥ऽ मोहन शम्शेरको नाउँ उल्लेख भएको र कैफियतमा “२०२०।०४।३२ का रजिस्ट्रेसन जनाउ बमोजिम हाल मोही ले. ज. शारदा शम्शेर जवरा का.ई. महाराजगञ्जका नाउँमा दर्ता” भनी उल्लेख भएको लगतमध्येबाट भिडी दर्ता हुने जग्गा, साबिक दर्तावाला हाम्रो बाजे शारदा शम्शेर, निजकी पत्नी (हाम्री बज्यै) विना कुमारी देवी, छोराहरू दिपक शम्सेर (हाम्रो बुबा) र मुकुन्द शम्शेरबीच र.नं. ८९१४, मिति २०२१।०३।३२ को अंश बण्डा बमोजिम बुबा दिपक शम्शेरको भागमा परेको तर उक्त जग्गा दर्ता बाँकी रहेकै अवस्थामा हाम्रो बुबा दिपक शम्शेर ज.व.रा. र आमा योगमाया ज.ब.रा. आ–आफ्नै कालगतिले यसअघि नै परलोक हुनु भई निजहरूको शेषपछि हक खाने हकदार हामी तीन सन्तानहरूः अविवाहिता छोरी दिपा राणा–१, छोराहरू कृष्ण शम्शेर ज.ब.रा.–१ र लक्ष्मण शम्शेर ज.ब.रा.–१ समेत–३ जना मात्रै भएकोले उल्लिखित जग्गा हाम्रो नाममा सँगोलमा छुट दर्ता ना.सा. गरिपाऊँ भनी निवेदन पेश गरेकोले यो सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकहरूको माग बमोजिम दर्ता हुनु नपर्ने भए वा अन्य कसैको हक, भोग वा प्रमाण भित्रको जग्गा भए वा उक्त जग्गामा कुनै सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, गुठी अधीनस्थ आदि जग्गा पर्ने भए वा अन्य कसैले कहीँकतै दर्ता सम्बन्धी कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको ३५ (पैँतीस) दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत जानकारी गराइन्छ। **साबिक फिल्डबुकको व्यहोरा :**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ. | किसानको नामथर | ज.ध. को नामथर | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | निलबाराही | ९(क) | १६५ | ०–९–०–० | तारा देवी खड्गीनी छ्यालिङ कुन्डोल | X | यो जग्गा काई. महाराजगञ्ज बस्ने मोहन सम्सेरलाई (१–११) एक मुरी एघरा स.पा. तिरो तिरी कमाई खाई आएको। |

**पुनश्च** : १) हाल नयाँ नाप नक्सानुसार म.शि.न.पा. वडा नं. ३, सिट नं. १०२–११९१–०३ कि.नं. ५७ मध्येमा भिड्ने।
२) मध्यपुर थिमी न.पा., ९ नं. वडा कार्यालयको च.नं. १०८२, मिति २०८१।१२।०६ मा निवेदकहरूको सँगोलमा दर्ता ना.सा. का लागि सिफारिस भई आएको।



## भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यसमा भ.पु.जि., भ.न.पा. वडा नं. ६ बस्ने रत्न माया सुवालले म निवेदिका बुढा ससुरा जोगलाल सुवालका नाममा मोही कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा म निवेदिकाले नै खनजोत गर्दै आएकोमा, साबिक मोही जोगलाल सुवालको र निजकी पत्नि हेलमाया सुवालको विभिन्न मितिमा मृत्यु भई हक खाने छोरा जगत बहादुर सुवालको मिति २०६४।११।१३ मा र निजकी पत्नि सुन्दरी माया सुवालको मिति २०४८।०१।३१ मा मृत्यु भई निजहरूको शेषपछि हक खाने छोराहरूमा जगत लाल सुवाल–१, जनक लाल सुवाल–१ र सानु सुवाल–१ समेत जना ३ भएकोमा जगत लाल सुवालको मिति २०६२।०८।१७ मा मृत्यु भई निजकी एक मात्र श्रीमती तथा नजिकका हकवाला निवेदिका रत्न माया सुवाल १ मात्र भएको, ‘ख’ श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरो नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, सम्बन्धित वडा कार्यालयबाट मिति २०८३।०४।२२ गते म्याद तामेली भएको, १ नं. मोही लगत, २ नं. अनुसूची र ४ नं. जोताहाको अस्थायी निस्सा पेश गरेको, सम्बन्धित वडा कार्यालयबाट निवेदकको नाउँमा रै.प. दर्ता/ना.सा. गरी दिनु भनी सिफारिस भई आएको, अन्य हकदारहरूले निज निवेदिकाको नाउँमा मात्र एकलौटी रै.प. दर्ता/ना.सा. गर्न मन्जुरी दिएको, दुवाकोट २।ख कि.नं. ६७९ ज.ध. जगनारा खोटेजो, मोही जोगलाल सुवालका नाउँमा मोठ कायम छ, दर्ता बाँकी भनी मोठ फाँटबाट लेखिआएको देखिँदा, यसमा निवेदक बाहेक अन्य कसैको हकलाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मानसिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहुन सूचित गरिन्छ। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दुवाकोट | २।ख | ६७९ | ०–४–०–० | जोग लाल सुवाल भ.पु. चोछें। | भ.पु. चोछें बस्ने खोटेज जं नारनको जग्गा जोती खाई आएको। |



## भूमि प्रशासन कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

जिल्ला काठमाडौँ, नागार्जुन नगरपालिका वडा नं. ८ बस्ने चेत नाथ भट्टराईको नाति, केदार नाथ भट्टराईको छोरा, भोला नाथ भट्टराईले यस कार्यालयमा दिएको निवेदन अनुसार निजको नाउँमा मोही कायम भएको जिल्ला काठमाडौँ, तीनथाना वडा नं. १/९ ख, कि.नं. ७८, ७९ र ८० क्षे.फ. ०–८–०–०, ०–८–०–० र २–०–०–० को जग्गाको नापीको समयमा फिल्डबुकको किसानको व्यहोरामा कि.नं. ७८ मा का.ई. ठमेल बस्ने ध्रुव प्रसाद भट्टराईको जग्गा कि.नं. ७९ मा का.ई. पकनाजोल बस्ने कान्छा भट्टराईको जग्गा र कि.नं. ८० मा का.ई. टुकुचा बस्ने तिर्थ चन्द्रको जग्गा हो भनी उल्लेख भएकोमा उल्लिखित जग्गा ख श्रेणीको बिर्ता जग्गा भएको र फिल्डबुकमा उल्लेख भएका ज.ध. हरूले बिर्ता जग्गा भएको र फिल्डबुकमा उल्लेख भएका ज.ध. हरूले बिर्ता जग्गा ऐनका म्याद भित्रमा रैकर परिणत नगरी जग्गा दर्ता समेत नगरेकोले म निवेदकले मोहीको हैसियतले उक्त कित्ता जग्गाहरू साबिकदेखि अविछिन्न रूपले हालसम्म जोत कमोद गर्दै आइरहेकोले उल्लिखित कित्ता जग्गा म निवेदक मोहीको नाममा रै.प. दर्ता गरी ज.ध. प्रमाण पुर्जा पाउन द.नं. ४५५०१ मिति २०८३।०३।१६ मा निवेदन माग गरी सनाखत भएको निवेदन सम्बन्धमा यस कार्यालयको मिति २०८३।०४।०५ गतेको आदेश अनुसार फिल्डबुकमा उल्लेख भएको ज.ध. को ठेगानामा १५ दिने म्याद भूमि प्रशासन कार्यालय काठमाडौँ मार्फत म्याद पठाएकोमा उक्त कार्यालयको प.सं. २०८३/०८४ मिति २०८३।०४।१८ गतेको पत्रबाट म्याद तामेल नभएको भनी लेखिआएको हुँदा उल्लिखित जग्गाको सम्बन्धमा अन्य हकदार कोही भए रहे मालपोत नियमावली २०३६ को नियम ४क (२) बमोजिम ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र दाबी गर्न आउनुहोला अन्यथा माग दाबी बमोजिम जग्गा दर्ता नामसारी भई जाने व्यहोरा सर्वसाधारणको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। **फिल्डवुकको व्यहोरा**

| गा.वि.स. | वडा नं. | कि. नं. | ज.ध. को नाम, थर, वतन | मोहीको नाम, थर, वतन | क्षेत्रफल | किसानको व्यहोरा | कैफियत महल |
|---|---|---|---|---|---|---|---|
| भिमढुंगा | १/१ख | ७८ | महल खाली | भोलानाथ भट्टराई का.ई भिमढुङ्गा गोरेगाउँ निजको हकमा सही गर्ने निज बावु केदार नाथ | ०–८–०–० | यो जग्गा काई ठमेल बस्ने ध्रुव प्रसाद भट्टराईको नम्बरी | ०२२।१०।१७।४ द. बमोजिम कि.नं. ३७ बाट कित्ता फोड भई आएको |
| भिमढुंगा | १/१ख | ७९ | | ऐ ऐ | ०–८–०–० | यो जग्गा काई पकनाजोल बस्ने कान्छा भट्टराईको नम्बरी हो | ०२२।१०।२७/४ द. बमोजिम कि.नं. ३६ बाट कित्ता फोड भई आएको |
| भिमढुंगा | १/१ख | ८० | | ऐ ऐ | २–०–०–० | यो जग्गा काई टुकुचा बस्ने तिर्थ चन्द्रको नम्बरी हो | ०२२।१०।२।४ द. बमोजिम कि.नं. ३७ बाट कित्ता फोड भई आएको |

# बढ्दै सर्पको जोखिम, छैन उपचार

**हिले समाचारदाता**
*हिले, साउन २८ गते*

धनकुटाको महालक्ष्मी नगरपालिका–५, लेगुवास्थित रामबजारका प्रदीप श्रेष्ठको गर्मियाममा अधिकांश समय सर्प उद्धारमै बित्ने गरेको छ। उहाँले धनकुटासहित भोजपुर र सङ्खुवासभाका विभिन्न स्थानका घर तथा बस्ती आसपासका सर्प उद्धार गर्दै आउनुभएको छ। उहाँले अहिलेसम्म करिब चार सयभन्दा बढी सर्प उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याउनुभएको छ। उहाँले किङकोब्रा, गोमन (स्पेक्टेकल्ड कोब्रा), करेत, ऱ्याट स्न्याकदेखि लिएर विभिन्न प्रजातिका सर्प उद्धार गर्नुभएको छ।

पछिल्लो समय भने तराई क्षेत्रमा पाइने सर्पसमेत पहाडी क्षेत्रमा पाउने गरेको उहाँको अनुभव छ। पहाडमा पाइने रैथाने सर्प तराईमा पाइने सर्पको तुलनामा कम विषालु हुने भएकाले पहाडमा सर्पको जोखिम कम हुने गरेको थियो।

तराई क्षेत्रमा पाइने सर्पसमेत पहाडमा देखिन थालेपछि सर्पको जोखिम बढेको हो। उहाँका अनुसार करेट, गोमन, धामनलगायतका सर्प तराईमा पाइने सर्प हुन् र पछिल्लो समय यी सर्प पहाडमा पनि देखिन थालेका हुन्। राजगोमनलगायतका सर्प भने पहाड तराई दुवैतर्फ पाइने उहाँको भनाइ छ। सवारीसाधनमार्फत यस्ता सर्प पहाडसम्म आएको हुन सक्ने उहाँको अनुमान छ।

पछिल्लो समय पूर्वी पहाडमा देखिन थालेको राजगोमनका कारण पनि त्रास बढेको छ। बितेको आर्थिक वर्षमा मात्रै ३७ वटा राजगोमन घर, गोठ तथा बस्ती आसपासबाट उद्धार गरी जङ्गलमा छाडिएको डिभिजन वन कार्यालय धनकुटाका डिभिजन वन अधिकृत सञ्जीवराज ढकालले जानकारी दिनुभयो। केही वर्षयता मात्र यी सर्प देखिन थालेको उहाँको भनाइ छ।


सर्प उद्धार गर्दै लेगुवास्थित रामबजारका प्रदीप श्रेष्ठ।

यो धेरै विषालु सर्प भएकाले यसले टोकेको केही समयमै मानिसको मृत्यु हुन्छ तर यसले आफूलाई असर नभई नटोक्ने ढकालको भनाइ छ। ढकाल भन्नुहुन्छ, "पछिल्ला केही वर्षयता यो सर्प भेटिन थालेको हो यसको कारण पहाडी गाउँघरमा जोखिम बढाएको छ।" धनकुटामा मात्र नभई समग्र पहाडी क्षेत्रमा पछिल्लो समय सर्पको जोखिम बढेको उहाँको अनुभव छ। जलवायु परिवर्तन, डढेलो र सामान ढुवानीका क्रममा सर्प सर्ने गरेको हुन सक्ने उहाँको अनुमान छ। यस्ता सर्प पहिले पहाडी क्षेत्रमा नभेटिने तर अहिले धेरै भेटिने भएकाले यी सर्प कहाँबाट कसरी आए भन्नेबारे थप अध्ययन भइरहेको पनि ढकाल बताउनुहुन्छ।

### बढ्दै सर्पदंशका बिरामी

जिल्ला अस्पताल धनकुटाको तथ्याङ्क अनुसार सर्पदंशका बिरामी बढिरहेको पाइन्छ। केही वर्षअघिसम्म एक/दुई जना मात्र सर्पदंशका बिरामी उपचारका लागि आउने गरेकोमा अहिले यो क्रम बढेको छ। आर्थिक वर्ष २०८१/८२ मा २३ जना सर्पदंशको उपचार सेवा लिएकोमा आव २०८२/८३ मा ६१ पुगेको जिल्ला अस्पताल धनकुटाका सूचना अधिकारी यज्ञमणि खतिवडाले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्ला अस्पतालमा एन्टिबायोटिक प्रयोग गरी गरिने उपचार मात्र सम्भव रहेको छ। एन्टिभेनम (विषनाशक औषधी) प्रयोग गर्नुपर्ने सर्पदंशका बिरामीलाई सिफारिस गर्ने गरिएको उहाँको भनाइ छ। एन्टिभेनममार्फत गरिने उपचारका लागि एन्टिभेनमसहित पूर्वाधार र तालिम प्राप्त दक्ष जनशक्ति नरहेको खतिवडाको भनाइ छ।

# गर्मी छल्न रमिते

**हरिप्रसाद कोइराला**
*उर्लाबारी, साउन २८ गते*

तराईका जिल्लामा गर्मी बढेसँगै उत्तरपूर्वी मोरङको रमितेमा गर्मी छल्न पर्यटकको चहलपहल बढेको छ। महेन्द्र राजमार्ग अन्तर्गत मोरङको किसानचोकबाट करिब २२ किलोमिटर उत्तरमा रहेको मिक्लाजुङ गाउँपालिका–१ को रमिते समुद्र सतहदेखि करिब एक हजार पाँच सय मिटर उचाइमा छ। तराईमा तापक्रम ३८/४० डिग्री सेल्सियस पुग्दा रमितेमा भने १८/१९ डिग्री आसपास हुने भएकाले गर्मी छल्न आन्तरिक पर्यटक रमिते पुग्न थालेका हुन्।

दुई दिनको सरकारी बिदाले रमितेको पर्यटन र आर्थिक गतिविधि झनै चलायमान भएको छ। साउन ९/१० गतेपछि बढेको गर्मीले रमितेमा बास पाउनै मुस्किल हुन थालेको छ। होटेल व्यवसायी भोला लुइटेलले भन्नुभयो, "एक दिन बिदा हुँदा पाहुना शुक्रबार आएर शनिबार फर्किन्थे। अचेल शुक्रबार साँझ आएर आइतबार साँझ मात्र फर्कन्छन्। गर्मी मौसममा आन्तरिक तथा भारतीय पर्यटकको आगमन बढेपछि पछिल्लो दुई वर्ष यता मात्रै यहाँ करिब १८ वटा सानाठुला होटेल सञ्चालनमा आएका छन्। केही ठुला होटेल निर्माणाधीन अवस्थामा छन्।

स्थानीय होटेल टेन्ट टाउनका सञ्चालक कुमारी लिम्बूले गर्मीमा होटेलका कोठा भरिएर पाहुनालाई बाहिर टेन्ट हालेरसमेत सेवा दिँदै आएको बताउनुभयो। उहाँले २८ महिनाअघि डेढ करोड रुपियाँ लगानीमा सुरु गरेको होटेलमा अहिले करिब तीन करोड लगानी भइसकेको जानकारी दिनुभयो। उहाँका अनुसार होटेलले जाडोमा १८ र गर्मीमा २४ जना स्थानीयलाई रोजगारी दिइरहेको छ।


रमितेमा गर्मी छल्न आएका आन्तरिक पर्यटक।

पर्यटन व्यवसाय बढेसँगै रमितेबाट तराईतिर बसाइँ सर्ने क्रमसमेत रोकिँदै गएको मिक्लाजुङ–१ का वडाध्यक्ष पर्वत राईले बताउनुभयो। राईले भन्नुभयो, "सडक, बिजुली र आधारभूत स्वास्थ्य सेवा सुविधा गाउँमै पुगेपछि गाउँमै सम्भावना देखिन थालेको छ। उत्पादन गर्दा यहाँ नबिक्ने केही छैन। पहिले आफूले उत्पादन गरेको फलफूल, तरकारी र नगदे बाली बिक्री गर्न डोकामा हालेर नाम्लो लगाएर पाँच घण्टा हिँडेर पछि बल्ल टाँडी बजार पुगिन्थ्यो। टाँडी पुऱ्याएर पनि व्यापारीको मूल्यमा दिनु पर्थ्यो। अहिले किसान आफूले तोकेको मूल्यमा तरकारी, फलफूल बिक्री गर्न पाएको बताउँछन्।

स्थानीय सन्तोष राईले गाउँमा उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु बिक्री हुन थालेपछि मानिस गाउँ छाड्नेभन्दा आफ्नै ठाउँमा व्यवसाय गर्नतर्फ आकर्षित भएको बताउनुभयो। उहाँका अनुसार होटेल र पर्यटकका कारण निगुरो, स्कुस, आलु, सुन्तला, कागती, नास्पाती, अम्बा, अलैँची, अम्लिसो, तेजपात र अदुवालगायतका उत्पादनले गाउँमै बजार पाउन थालेका छन्। बजारमा निकालिसक्दा सकिन्छ। तराईको भन्दा केही सस्तो र ताजा हुने भएकाले रमिते पुगेका मानिस कोसेलीका रूपमा तरकारी, फलफूल लान्छन्।

होटेल व्यवसायी भोला लुइटेलले पर्यटन बढेसँगै स्थानीय उत्पादनको माग पनि बढेको बताउनुभयो। उहाँका अनुसार स्थानीय कुखुरा, हाँस, बङ्गुर र खसीको माग बढेको छ। होटेलको सङ्ख्या थपिँदै जाँदा स्थानीय उत्पादनले बजार पाउन थालेको उहाँको भनाइ छ।

# आँखा अस्पतालमा प्रशासनको ताला

**सुनसरी समाचारदाता**
*विराटनगर, साउन २८ गते*

स्वीकृत मापदण्ड पूरा नगरी सञ्चालित विराटनगरका सात वटा आँखा अस्पतालमा प्रशासनले सिलबन्दी गरेको छ। जिल्ला प्रशासन कार्यालय मोरङले कोशी प्रदेश स्वास्थ्य मन्त्रालयका प्रतिनिधिसहितको टोलीले दुई दिनसम्म गरेको अनुगमनका क्रममा ती स्वास्थ्य संस्थाले आवश्यक कानुनी तथा प्राविधिक मापदण्ड पूरा नगरेको पाएपछि कारबाही गरिएको हो।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी पवनराज कोइरालाको नेतृत्वमा बुधबार र बिहीबार अनुगमन गरिएको हो। विराटनगर–१५, रानीस्थित अखण्ड ज्योति आँखा अस्पताल तथा मलाया रोडमा सञ्चालित हिमाल आँखा अस्पताल, नेपाल आँखा अस्पताल, सञ्जीवनी आँखा अस्पताल, इफ्रा आँखा अस्पताल र विराट रानी आँखा अस्पतालमा सिलबन्दी गरिएको हो।

मापदण्ड पूरा नगरेको पाइएपछि विराट आँखा अस्पतालको प्रयोगशाला (ल्याब) मा समेत सिलबन्दी गरिएको प्रशासनले जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी कोइरालाका अनुसार अनुगमनका क्रममा छ वटा आँखा अस्पताल र एउटा अस्पतालको प्रयोगशालाले कानुनी प्रक्रिया तथा प्राविधिक मापदण्ड पालना नगरी सेवा सञ्चालन गरेको भेटिएको थियो।

अन्य आँखा अस्पतालमा पनि अनुगमन जारी रहेको सहायक प्रजिअ कोइरालाको भनाइ छ। मापदण्डविपरीत सञ्चालनमा रहेका जोसुकैलाई कानुनी दायरामा ल्याइने उहाँले जानकारी दिनुभयो। अनुगमनका क्रममा सिलबन्दी गरिएका केही संस्थाले कोशी प्रदेश स्वास्थ्य निर्देशनालयबाट 'आँखा उपचार केन्द्र' का रूपमा मात्र स्वीकृति लिएको भए पनि अस्पतालसरह सेवा दिइरहेको पाइएको छ। ती संस्थाबाट जटिल प्रकृतिका शल्यक्रियासमेत भइरहेको अनुगमन टोलीले जनाएको छ।

प्रचलित व्यवस्था अनुसार अस्पतालको प्रकृति, शय्या सङ्ख्या र प्रदान गरिने सेवाका आधारमा सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने हुन्छ तर स्वीकृति एक प्रकृतिको लिएर त्यसको दायराभन्दा बाहिर गएर सेवा सञ्चालन गरेको पाइएपछि प्रशासनले कारबाही अघि बढाएको हो।

# लयमा फर्कियो देवानगन्ज

**इनरुवा समाचारदाता**
*इनरुवा, साउन २८ गते*

कप्तानगन्ज गोली कान्डपछि साउन ११ गतेदेखि बन्द रहेको सुनसरीको देवानगन्ज गाउँपालिका दुई हप्तापछि सञ्चालनमा आएको छ। अन्दोलनका कारण लामो समय बन्द भएको कार्यालय बिहीबारबाट सञ्चालनमा आएको हो। देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचनप्रसाद मेहताले सूचना जारी गरेर बिहीबार बिहानबाट कार्यालय सञ्चालनमा ल्याउनुभएको हो।

मेहताले देवानगन्ज गाउँपालिका–३ मा साउन १० गतेका दिन भएको गोली कान्ड घटनाबाट उत्पन्न असहज परिस्थितिका कारण देवानगन्ज गाउँपालिका, गाउँपालिका अन्तर्गतका कार्यालय तथा संस्थाबाट हुने सेवा प्रवाह बन्द रहेकोमा बिहीबारदेखि खुल्ने जनाइएको हो। गाउँ कार्यपालिकाको कार्यालय, शैक्षिक संस्था तथा वडा कार्यालय र स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा नियमित हुने उहाँले जानकारी दिनुभयो। कप्तानगन्ज गोली कान्डपछि साउन १० गतेदेखि निरन्तर भएको प्रदर्शन र तोडफोडका कारणले फोहोर र कुरूप बनेको सुनसरीको देवानगन्ज गाउँपालिका–३, कप्तानगन्ज नयाँ हाटको युवा र सुरक्षाकर्मीले संयुक्त रूपमा सरसफाइ गरेका छन्।


तस्बिर : जयकृष्ण यादव
सुनसरीको देवानगन्ज गाउँपालिका दुई हप्तापछि सञ्चालनमा आएको छ।

सरसफाइ गरेर बिहीबारदेखि हाटबजार खुलेको स्थानीय राकेश यादवले जानकारी दिनुभयो। कप्तानगन्ज बजार दुई हप्तापछि सञ्चालनमा आएकाले सर्वसाधारण किनमेलका लागि आउन थालेका छन्।

देवानगन्ज गाउँपालिकामा साउन १० गते भएको गोली कान्डमा एक जनाको घटनास्थलमै र दुई जनाको उपचारका क्रममा निधन भएको थियो। सात जना गोली लागेर घाइते भएका थिए। सरकारले मृतक सबैलाई सहिद घोषणा गरेपछि आन्दोलनका कार्यक्रम स्थगित भएकाले शोकका बिच दुई हप्तापछि बिहीबारबाट प्रभावित क्षेत्रमा बजार पसल सञ्चालनमा आएको यादवले जानकारी दिनुभयो।

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भक्तपुर जिल्ला, चाँ.न.पा. वडा नं. १ बस्ने श्यामलाल अवालले मेरा बाबु पञ्च कुमार अवालको नाउँमा नापनक्सा भई मेरा बाबु पञ्च कुमार अवालको मोहियानी हक कायम रही दर्ता बाँकी रहेको तपसिलको कित्ता जग्गा ज.ध. इश्वरी आचार्यले हालसम्म रैकर परिणत नगरेको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले साबिक मोही पञ्च कुमार अवालको मिति २०७५।११।२० मा, निजकी १ (एक) मात्र श्रीमती बुरुमाया अवाल मिति २०८२।०६।२६ मा आ–आफ्नो कालगतिले परलोक हुनुभएको, निज मृतकहरूको शेषपछि हक खाने छोराहरू श्यामलाल अवाल–१, विकास अवाल–१ र विकास अवाल–१ समेत ३ जना मात्र भएको। हामी बाहेक अन्य हकदारहरू कोही नभएकोले हकदारहरूको मञ्जुरीनामा भई आएको हुँदा उक्त कित्ता जग्गा मेरो नाउँमा बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानून बमोजिम निवेदकको नाउँमा रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको। १ नं. मोही लगत नभएको, २ नं. अनुसूची भएको र मोठ भिडी आएको हुँदा फिल्डबुकमा देखिएका ज.ध. इश्वरी आचार्यलाई म्याद जारी गर्दा भक्तपुर जिल्ला, भ.न.पा. ५ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस गरी आएको, तामेली फाँटबाट बिर्ता तर्फको लगत खोजतलास गर्दा हाललाई फेला नपरेको भनी उल्लेख भएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दुवाकोट | १ग | ७३ | ०–२–०–० | पञ्च कुमार अवालको हकमा सही गर्ने निजका बाबु रत्न बहादुर अवाल भ.पु. सरस्वतीखेल | भ.पु. सुकुलढोका बस्ने इश्वरी आचार्यको जग्गा जोती खाई आएको। |

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., गुण्डु–९ को हाल परिवर्तित सू.न.पा.–७ बस्ने सन्त कुमार नगरकोटीले मेरो पिता हरि वहादुर नगरकोटीका नाममा मोही हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साबिक मोही हरि वहादुर नगरकोटीको २०८०।११।१५ मा, निजकी पत्नी मिश्री नगरकोटीको मिति २०७८।०६।०७ मा मृत्यु भई हक खाने छोराहरू गोपी कुमार नगरकोटी, सुन कुमार नगरकोटी, सन्त कुमार नगरकोटी र धनराज नगरकोटी समेत जना ४ भएकोमा, गोपी कुमार नगरकोटीको मिति २०६४।०७।११ मा मृत्यु भई हक खाने १ मात्र पत्नी कमला नगरकोटी, छोराहरू राधेश्याम नगरकोटी, राजेश नगरकोटी भएको, सो जग्गा मैले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत, २ नं. अनुसूची पेश गरेको, बिर्ता तर्फको लगत हाल खोज तलास गर्दा फेला नपरेको भनी लेखिआएको, गुण्डु १/१६५ वडा नं. ४ कि.नं. २४८ को ज.ध. केदार नाथ क्षे.फ. ०–१–२ मोही हरी वहादुर नगरकोटी, मि.नं. ४१/०६६/६७ हरि वहादुर भिडेको देखिन्छ। साथै जग्गा दर्ता बाँकी देखिन्छ भनी मोठ भिडी आएको, मोहियानी हकको प्रमाण पत्रको फोटोकपी पेश गरेको, फि.बु. मा देखिएका ज.ध. केदार नाथका नामको म्याद जारी गर्दा निज व्यक्ति खोजी गर्दा फेला नपरेकोले सम्बन्धित का.जि., का.म.न.पा. २७ नं. वडा कार्यालयको सूचना पाटीमा मिति २०८३।०३।२२ मा सूचना टाँस भएको र भू.प्र.का. डिल्लीबजार, काठमाडौँको च.नं. १६४०१ मिति २०८३।०३।२३ को तामेली पत्र समेत पेश भएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हकलाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| गुण्डु | ४ | २४८ | १–२–०–० | हरी वहादुर नगरकोटी ९ नं. तिथली। | यो जग्गा केदार नाथको हो मैले जोती खाएको छु भनी सही गर्ने हस्ते वाल कृष्ण वहादुर। |

**पुनश्च** : १ नं. मोही लगतको ज.ध. महलमा केदार नाथ का.ई. उल्लेख भएको।

**भूमि प्रशासन कार्यालय साँखुबाट जारी भएको**

काठमाडौँ जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ बस्ने दिनेश प्रसाद चौलागाई समेतले मेरा/हाम्रो बुवा टोक प्रसाद चौलागाईको नाममा मोही कायम भई सर्भे नापी भएको हालसम्म दर्ता बाँकी नै रहेका तपसिलका कित्ता जग्गाको निज मोही टोक प्रसाद चौलागाईको मिति २०५०।११।०४ मा र निजकी श्रीमती दुवा कुमारी चौलागाईको मिति २०८१।०१।१५ गते आ–आफ्नै कालगतिले परलोक भई हक खाने हकदारहरूमा छोराहरू शिव प्रसाद चौलागाई–१, विष्णु प्रसाद चौलागाई–१ र दिनेश प्रसाद चौलागाई समेत जना ३ भएकोले उक्त कित्ता जग्गा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग गरेको साथै मोहीको नाम भूमिसुधार कार्यालय डिल्लीबजार काठमाडौँको २ नं. अनुसूचीमा तोम्प प्रसाद चम्पागाई, भू.प्र.का. र नापी कार्यालय साँखुको ज.ध. स्रेस्तामा र फिल्डबुकमा तोप प्रसाद चमलागाई र नाता प्रमाणित पत्रमा टोक प्रसाद चौलागाई भई फरक परेकोले कागेश्वरी मनोहरा न.पा. वडा नं. १ बाट च.नं. ३४६६ मिति २०८३।०३।२४ को चारै नाम, थर भएको व्यक्ति फरक–फरक नभई एकै भएको र च.नं. ३४९९ मिति २०८३।०३।२९ को पत्रबाट निजहरूको नाममा रै.प. दर्ताका लागि सिफारिस समेत प्राप्त भएको, साथै स्रेस्तामा भिडेको मि.नं. ८४।०५७।०५८ को सम्बन्धमा भूमि प्रशासन कार्यालय चाबहिलको च.नं. ६०५ मिति २०८३।०४।२६ को पत्रबाट खोज तलास गर्दा मिसिल फेला नपरेको भनी लेखिआएको हुँदा उक्त जग्गामा निवेदकहरूका माग बमोजिम हुन नपर्ने कुनै कारण भएमा वा सरकारी, ऐलानी, पर्ती, गुठी अधिनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित भूमि प्रशासन कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/ सूचना गर्न उपस्थित हुनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम रै.प. जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको व्यहोरा** **तपसिल**

| गा.वि.स. | वडा नं. | कि. नं. | क्षे.फ. | मोही | ज.ध.को व्यहोरा | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| इन्द्रायणी | ९ | १२२ | ०–११–०–० | तोप प्रसाद चाम्लागाई का.ई. गागल मध्ये मनिकुला। | खाली | यो जग्गा मानबहादुरलाई १ मुरी कुत तिरी जोती खाई आएको छु। | मि.नं. ८४/०५७/०५८ बाट तामेली |

**भूमि प्रशासन कार्यालय, भक्तपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

भक्तपुर जिल्ला, भ.न.पा वडा नं. २ भई हाल वडा नं. ८ बस्ने कृष्ण गोपाल लाखेमदुले मेरा पिता पुन कुमार लाखेमरूको नाममा २०२१ सालमा नापी नक्सा भई मोहियानी हक कायम रही दर्ता बाँकी रहेको तपसिल कित्ता जग्गा ज.ध.ले हालसम्म रैकर परिणत नगरेको "ख" श्रेणीको बिर्ता जग्गा भएकोले साबिक मोही पुन कुमार लाखेमरू मिति २०४४।०७।१२ मा र निजकी श्रीमती नकली लाखेमरू मिति २०४९।०१।०५ मा मृत्यु भई हक खाने छोरा कृष्ण गोपाल लाखेमदु एक मात्र भएकोले मेरा नाममा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ तथा अन्य प्रचलित कानून बमोजिम रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको। १ नं. लगत र २ नं. अनुसूचीको ज.ध. महलमा नाम उल्लेख नभएको फिल्डबुकमा देखिएका ज.ध. तुई विकुलाल लाखेमरूलाई म्याद जारी गर्दा निज फेला नपरेको भनी भक्तपुर जिल्ला, भ.न.पा. ८ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस गरिएको भनी प्रतिवेदन प्राप्त भएको, मोठ फाँटबाट उल्लिखित किता जग्गा फेला परेन, कम्प्युटरमा इन्ट्री देखिएन, र तामेली फाँटबाट साबिक ताथली ९क कि.नं. २५५ बिर्तातर्फ लगत हाल खोजतलास गर्दा फेला नपरेको भनी लेखिआएको र सम्बन्धित वडा कार्यालयबाट सिफारिस समेत भई आएको, तपसिलमा उल्लिखित किता जग्गाको फिल्डबुकको कैफियत महलमा कि.नं. २३३ मध्येबाट भनी उल्लेख भएकोमा उक्त कि.नं. २३३ को फिल्डबुकको मोही महलमा तुल्सी भक्त लाखेमरू जग्गाधनी महलमा तुई बिकुलालको हकमा तुल्सी भक्त लाखेमरू भ.पु.जेला उल्लेख भई कैफियत महलमा साबिक १९ नं. तै क न.नं. २१९ मध्येबाट मेरो हुँदा भनी मिति ०२२।११।३०।१ उल्लेख भएता पनि नाप जाँच ऐन, २०१९ बमोजिम मोठ स्रेस्ता तयार नभई दर्ता बाँकी भएको देखिँदा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा वा पर्ती, ऐलानी, सरकारी, सार्वजनिक गुठीको जग्गा भई माग बमोजिम रै.प. दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिब कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ। **तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| भक्तपुर | ताथली | ९क | २५५ | ०–५–०–० | पुन कुमार लाखे मरू | यो जग्गा मेरो हो जोती आएको छु। |

**भूमि प्रशासन कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, शंखरापुर न.पा. वडा नं. ९ बस्ने नरेन्द्र कुमार सिलवालले निजकी हजुर आमा हरि कुमारी सिलवालको नाममा मोही कायम रहेको तपसिलमा उल्लिखित जग्गाका मोही हरि कुमारी सिलवालको मिति २०३३ सालमा र निजको पति चतुर बहादुर सिलवालको मिति २०२१ सालमा आ–आफ्नै कालगतिले मृत्यु भई हकदारमा निजको छोराहरू मिन बहादुर सिलवाल–१, बम बहादुर सिलवाल–१ र कर्ण बहादुर सिलवाल–१ समेत जना ३ मात्र भएकोमा मिन बहादुर सिलवालको मिति २०५४।१२।२० मा, निजकी पत्नी चिनीदेवी सिलवालको मिति २०५२।१२।३० मा मृत्यु भई हक खाने हकदारमा छोराहरू राजेन्द बहादुर सिलवाल–१ र हरि बहादुर सिलवाल–१ समेत जना २ भएकोमा राजेन्द्र बहादुर सिलवालको मिति २०८२।१०।२८ मा निजकी पत्नी शारदा देवी सिलवालको मिति २०६७।०३।०२ मा मृत्यु भई हक खाने हकदारमा छोराहरू शशी कुमार सिलवाल–१, रवि सिलवाल–१ र राम सिलवाल–१ समेत जना ३ भएको, हकदारमध्येका अर्को बम बहादुर सिलवालको मिति २०४९।०५।२८ मा, निजकी पत्नी गणेश कुमारी सिलवालको मिति २०७४।०१।२४ मा मृत्यु भई हक खाने हकदारमा छोराहरू शैलेन्द्र कुमार सिलवाल–१, नरेन्द्र कुमार सिलवाल–१ र राजेन्द्र कुमार सिलवाल–१ समेत जना ३ भएकोमा शैलेन्द्र कुमार सिलवालको मिति २०६१।०९।१९ मा, निजकी जेठी पत्नी अम्बिका सिलवालको मिति २०७७।०९।०४ मा मृत्यु भई हक खाने हकदारमा निजकी कान्छी पत्नी गायत्री सिलवाल–१, छोराहरू श्रवण कुमार सिलवाल–१, अनिल सिलवाल–१ र दिपेन्द्र सिलवाल–१ समेत जना ४ भएको, त्यस्तै अर्को हकदार कर्ण बहादुर सिलवालको २०४९।१०।११ मा मृत्यु भई हक खाने हकदारमा निजकी पत्नी धन कुमारी सिलवाल–१, भगवान सिलवाल–१, प्रल्हाद सिलवाल–१, दिवाकर सिलवाल–१, मधुकर सिलवाल–१, महेश्वर सिलवाल–१ र जगदिश सिलवाल–१ समेत जना ७ भएकोमा छोरा भगवान सिलवालको मिति २०७८।०१।२४ मा मृत्यु भई हक खाने हकदारमा निजकी पत्नी मैया सिलवाल–१, छोराहरू शुशिल सिलवाल–१ र कपिल सिलवाल–१ समेत जना २ मात्र भएको, गरि जम्मा नरेन्द्र कुमार सिलवाल समेत हामी १९ जना हकदार मात्र भएको र अन्य हकदार कोही नभएकोमा दर्ता हुन बाँकी रहेको तपसिलमा उल्लिखित जग्गा हाम्रो नाउँमा दर्ता/नामसारी गरी पाऊँ भनी शंखरापुर न.पा. वडा नं. ९ को च.नं. २२२७ मिति २०८३।३।३ को सिफारिस सहित नरेन्द्र कुमार सिलवाल समेतको द.नं. द.नं. ९७८७ मिति २०८३।३।३ मा माग निवेदन पेश गरेको साथै उल्लिखित नामथर भएको व्यक्ति फरक भए वा उक्त जग्गामा उल्लिखित जग्गा हालसम्म दर्ता बाँकी भई बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम हामीहरूको नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अन्य हकदार छन् वा छैनन् उक्त जग्गा निवेदकको माग बमोजिम रै.प. जग्गा दर्ता नामसारी दा.खा. नहुनु पर्ने भए, निवेदक बाहेक अरूको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधिनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित भूमि प्रशासन कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम रै.प. जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको व्यहोरा तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको नाम, थर, वतन | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| इन्द्रायणी | ३/क | १०८ | ०–१३–३–० | हरी कुमारी सीलवालनी का.ई. दत्तुखेल | यो बारी का.ई. माली गाउँ बस्ने गोविन्द प्रसादको हो कुत तिरी कमाई खाई आएको छु। |

**पुनश्चः मि.नं. ९१ मिति २०५१।७१ मा भिडेको देखिन्छ।**

**महालक्ष्मी नगरपालिका, वडा नं. ४, इमाडोल, ललितपुर**
**घर नक्सा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना।**
**मिति २०८३।०४।२९**

महालक्ष्मी नगरपालिका वडा नं. ४ साविक इमाडोल गा.वि.स. वडा नं. ९ कि.नं. ७८५ क्षेत्रफल ७३१.३१ व.मि. जग्गामा भवन निर्माण गर्न नक्सा पासका लागि मिति २०८३।०३।०१ गते यस वडा कार्यालयमा १५ दिने सूचना जारी गरिएकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लिखित सँधियार सम्पर्क हुन नसकेकोले सूचना प्रकाशित गरिएको छ। **तपसिल**
**पूर्व कि.नं. ३८५ को सँधियार** (**हिमा अधिकारी**)

**जिल्ला हुलाक कार्यालय, रौतहट**
**दरखास्त आह्वान सम्बन्धी सूचना**
(**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२९**)

१. यस कार्यालय र मातहतका पालिका हुलाक कार्यालयहरूमा रिक्त रहेका २५ जना हल्कारा/हुलाकी पदमा करार सेवा लिनुपर्ने हुँदा न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८३।०४।२९ गतेबाट मिति २०८३।०५।१५ गतेको कार्यालय समयभित्र यस कार्यालयमा स्वयं उपस्थित भई दरखास्त पेश गर्न आह्वान गरिन्छ।
२. विज्ञापनसँग सम्बन्धित अन्य सबै जानकारी यस कार्यालयको वेबसाइट www.rautahat.nepalpost.gov.np मा प्रकाशित गरिएको छ।

**हुलाक अधिकृत**

**गुठी संस्थान शाखा कार्यालय काभ्रेपलाञ्चोकबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

धुलिखेल भगवतीको नित्य गुठीको का.प.जि. धुलिखेल गा.वि.स. वडा ९क कि.नं. ८५९ को क्षेत्रफल १–११–०–३ जग्गा चतुरसिंहको नाति रामभक्त महर्जनको छोरा म निवेदक जयराम महर्जनको नाममा नापनक्सा प्रमाण सङ्केतमा उल्लेख रहेको जग्गा हालसम्म पनि मेरो नाममा पुर्जा प्राप्त नगरेकाले नियमानुसार उक्त कि.नं. जग्गाको ज.ध.प्र. पुर्जा पाऊँ भन्ने समेत व्यहोराको धुलिखेल न.पा. ६ बस्ने जयराम महर्जनको यस कार्यालयमा निवेदन पर्न आएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कि.नं. जग्गाको नापी नक्सा हुँदा प्रमाण सङ्केत महलमा जयराम बादीकार भन्ने उल्लेख भएको छ निवेदकको नागरिकतामा जयराम महर्जन भन्ने उल्लेख भएको, दुवै थर भएको व्यक्ति एकै भएको भन्ने धुलिखेल ६ नं. वडाको सिफारिस प्राप्त। उक्त कित्ता जग्गामा निवेदकहरू बाहेक अन्य कोही कसैको हकदाबी लाग्ने भए वा निवेदकहरूको नाममा कायम हुन नपर्ने कुनै कारण भए यो सूचना गो.प. मा प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दावी लिन आउनुहोला अन्यथा नियमानुसार दर्ता नामसारी भई जाने व्यहोरा यसै साथ सूचित गरिन्छ।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | ३,०६,२०० ▼ |
| चाँदी | : | ४७५० ▲ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६५१.२१ (+८.८१) ▲ |
| कारोबार रकम | : | ३,७२४,७७०,०७७ ▼ |
| कारोबार भएका सेयर | : | १०,२२५८७४ |
| कारोबार सङ्ख्या | : | ४५,८८२ |
| कारोबार भएका कम्पनी | : | ३४७ |

## कृषिका समस्या र सम्भावना

# पाँच तहसम्मका बिचौलिया

### अध्ययन गर्न कार्यदल गठन

**केशवराज पौडेल**
*काठमाडौँ, साउन २८ गते*

काभ्रेपलाञ्चोक पाँचखालका किसान वीरमान श्रेष्ठले खेतबाट प्रतिकिलो ३० रुपियाँमा बेचेको गोलभेँडा काठमाडौँ पुग्दा उपभोक्ता ताराकुमारी लिम्बूले ९० रुपियाँ तिरेर किन्नु पर्छ । किसानले उचित मूल्य नपाउने र उपभोक्ताले महँगो तिर्नुपर्ने यो विरोधाभासको पछाडि कृषि उपजको आपूर्ति शृङ्खलामा सक्रिय पाँच तहसम्मका बिचौलिया मुख्य कारण रहेको पाइएको छ ।

कृषि विभागका उपमहानिर्देशक डा. दिवसराज विष्टको संयोजकत्वमा गठित 'आपूर्ति शृङ्खलामा सुधारका लागि सुझाव कार्यदल' को प्रारम्भिक अध्ययनले किसान, स्थानीय सङ्कलक, क्षेत्रीय व्यापारी, थोक व्यापारी र खुद्रा व्यापारी हुँदै कृषि उपज उपभोक्तासम्म पुग्ने वर्तमान संरचनाले मूल्य अन्तर अस्वाभाविक रूपमा बढाएको देखाएको छ । यही अन्तर घटाउन सरकारले कृषि उपजको आपूर्ति प्रणालीलाई छोट्याउने र किसान तथा उपभोक्ताबिचको दुरी कम गर्ने तयारी थालेको छ ।

यो समस्यालाई सम्बोधन गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको पहलमा 'आपूर्ति शृङ्खलाको सुधारका लागि सुझाव कार्यदल' गठन गरी अध्ययन थालिएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयसहित सम्बन्धित निकाय र सरोकारवालासँगको व्यापक छलफलपछि गठित कार्यदलले किसान र उपभोक्ताबिचको मूल्य अन्तर घटाउने तथा कृषि बजारलाई व्यवस्थित बनाउने लक्ष्यसहित काम अघि बढाएको छ ।

#### बिचौलियाको तह घटाउने लक्ष्य

सरकारले अहिलेको पाँच तहको संरचनालाई दुई वा तीन तहमा सीमित गर्ने लक्ष्य राखेको छ । यसले किसानले उत्पादनको बढी मूल्य पाउने र उपभोक्ताले सस्तो मूल्यमा वस्तु खरिद गर्न सक्ने अपेक्षा गरिएको छ ।

आपूर्ति शृङ्खलामा सुधारका सिफारिस प्रभावकारी रूपमा कार्यान्वयन भए किसानले प्राप्त गर्ने मूल्यमा करिब ३० प्रतिशतसम्म वृद्धि हुन सक्ने कार्यदलको अनुमान छ । यसले कृषि पेसालाई थप आकर्षक बनाउने, उत्पादन बढाउने र ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने विश्वास गरिएको छ ।

कृषि विश्लेषक सरोज सापकोटाले किसानले उत्पादन गरेको वस्तुको मूल्यको ठुलो हिस्सा अहिले बजारका विभिन्न तहमा खर्च भइरहेको छ । यदि आपूर्ति प्रणाली छोट्याउन सकियो भने उत्पादनको वास्तविक लाभ किसानसम्म पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।



फाइल तस्बिर

#### बजारको माग अनुसार खेती

नेपालमा अझै पनि धेरै किसान अनुमानका भरमा खेती गर्छन् । कुन समयमा कुन वस्तुको माग बढी छ, कुन क्षेत्रमा कुन उत्पादनको आवश्यकता छ भन्ने बजार सूचनाको अभावले कहिले अत्यधिक उत्पादन भएर मूल्य घट्ने र कहिले अभाव सिर्जना भएर मूल्य बढ्ने अवस्था देखिन्छ ।

यस समस्यालाई समाधान गर्न कार्यदलले बजारको माग अनुसार खेतीप्रणाली विकास गर्न सुझाव दिने तयारी गरिरहेको छ । किसानलाई समयमै बजार सूचना उपलब्ध गराउने, उत्पादन योजना तयार गर्न सहयोग गर्ने तथा माग र आपूर्तिबिच सन्तुलन कायम गर्ने प्रणाली विकास गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

किसानले बजारको वास्तविक माग थाहा पाए भने उत्पादन व्यवस्थापन सहज हुने र मूल्यमा हुने अस्वाभाविक उतारचढाव पनि कम हुने अपेक्षा गरिएको छ ।

#### भण्डारण र प्रशोधनको चुनौती

नेपालमा कृषि उत्पादनको ठुलो हिस्सा भण्डारण अभावका कारण खेर जाने गरेको छ । विशेष गरी तरकारी, फलफूल र दुग्धजन्य उत्पादनमा उत्पादनपछि हुने नोक्सानी उच्च रहेको विभिन्न अध्ययनले देखाएका छन् ।

चिस्यान केन्द्र, गोदाम, सङ्कलन केन्द्र तथा प्रशोधन उद्योगको अभावले किसान तत्काल बिक्री गर्न बाध्य हुन्छन् । उत्पादन धेरै भएको समयमा मूल्य घटे पनि किसानसँग वस्तु सुरक्षित राख्ने विकल्प हुँदैन । यसैलाई ध्यानमा राख्दै कार्यदलले भण्डारण, प्रशोधन तथा प्याकेजिङ प्रणाली सुदृढ बनाउन सुझाव तयार गरिरहेको छ । कृषि उपजलाई लामो समयसम्म सुरक्षित राख्न सकिने व्यवस्था भए बजारमा स्थायित्व आउने र किसानले पनि उपयुक्त समयमा बिक्री गर्न सक्ने छन् ।

#### खेतबाट भान्सासम्म

विश्वका धेरै देशमा किसान र उपभोक्तालाई सिधै जोड्ने प्रणाली विकास भइसकेको छ । डिजिटल प्लेटफर्म, अनलाइन बजार र डेलिभरी सेवामार्फत उत्पादकबाट सिधै उपभोक्तासम्म वस्तु पुर्‍याउने अभ्यास विस्तार हुँदै गएको छ ।

नेपाल सरकारले पनि खेतबारीबाट सिधै उपभोक्ताको घरसम्म कृषि उपज पुर्‍याउने प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिएको छ । यसका लागि कृषिक्षेत्रमा काम गर्ने नयाँ प्रविधि र डेलिभरी स्टार्टअपलाई सहयोग गर्ने तयारी गरिएको छ ।

यो प्रणाली प्रभावकारी रूपमा लागु भयो भने किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले ताजा वस्तु कम मूल्यमा प्राप्त गर्न सक्छन् । साथै, यसले युवा उद्यमीलाई कृषिक्षेत्रमा आकर्षित गर्ने सम्भावना पनि बढाउने छ ।

#### बाह्र बजारबाट तथ्याङ्क सङ्कलन

वास्तविक समस्या पहिचान गर्न कार्यदलले देशका १२ वटा प्रमुख कृषि बजार तथा उत्पादन केन्द्रबाट स्थलगत तथ्याङ्क सङ्कलन गरिरहेको छ । किसान, व्यापारी, उपभोक्ता, सहकारी संस्था तथा स्थानीय सरकारसँगको छलफलबाट समस्या र समाधानका उपाय खोज्ने काम भइरहेको छ ।

विगत १५ दिनदेखि सक्रिय रूपमा अध्ययन गरिरहेको कार्यदलले आगामी एक महिनाभित्र नीतिगत सुधार र कार्यान्वयनका ठोस उपायसहितको प्रतिवेदन सरकारलाई बुझाउने तयारी गरेको छ ।

#### कृषि नयाँ दिशातर्फ

नेपालमा कृषिक्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र प्रतिस्पर्धी बनाउने चर्चा धेरै वर्षदेखि हुँदै आएको छ । उत्पादनदेखि बजारसम्मको शृङ्खलामा रहेका संरचनागत समस्या समाधान नगरी कृषिमा अपेक्षित परिवर्तन सम्भव देखिँदैन ।

आपूर्ति शृङ्खलाको सुधारको वर्तमान प्रयास किसानको आम्दानी वृद्धि, उपभोक्ताको खर्च नियन्त्रण र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउने दिशामा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ । किसानको खेत र उपभोक्ताको भान्साबिचको दुरी जति छोटो हुन्छ, कृषिक्षेत्र त्यति नै प्रभावकारी र दिगो बन्न सक्छ ।

कार्यदलको प्रतिवेदन केवल प्रशासनिक दस्तावेजमा सीमित नभई व्यवहारमा कार्यान्वयन हुन सके कृषिक्षेत्रको पुरानो समस्या समाधानतर्फ महत्त्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको किसान अगुवा सुमन नेपालले बताउनुभयो ।

किसानले आफ्नो श्रमको उचित मूल्य पाउने र उपभोक्ताले सहज मूल्यमा गुणस्तरीय कृषि उपज प्राप्त गर्ने दिनको प्रतीक्षा अहिले सबैले गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

## पाँच करोडसम्म सहुलियतपूर्ण कर्जा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

सरकारले सहुलियतपूर्ण कर्जाको नयाँ कार्यविधि लागु गर्दै कृषि तथा पशुपन्छी व्यवसायसहित आठ क्षेत्रका उद्यमी तथा लक्षित वर्गलाई पाँच करोड रुपियाँसम्म कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ । नयाँ व्यवस्था अनुसार सरकारले कर्जाको ब्याजमा तीन प्रतिशत अनुदान दिने छ भने बैङ्क तथा वित्तीय संस्थाले आधार दरमा १.५ प्रतिशतभन्दा बढी प्रिमियम थप्न पाउने छैनन् ।

अर्थ मन्त्रालयले जारी गरेको 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२' अनुसार कृषि तथा पशुपन्छी व्यवसायका लागि सबैभन्दा बढी पाँच करोड रुपियाँसम्म कर्जा उपलब्ध हुने छ ।

नयाँ कार्यविधिको उद्देश्य परम्परागत सिप तथा पेसाको आधुनिकीकरण, उद्यमशीलताको विकास, रोजगारी सिर्जना तथा प्राकृतिक विपत्पीडितलाई निजी आवास निर्माणमा सहयोग पुर्‍याउनु रहेको छ ।

कार्यविधि अनुसार कृषि तथा पशुपन्छी कर्जा, महिला उद्यमशील कर्जा, वैदेशिक रोजगारबाट फर्केका युवा स्वरोजगार कर्जा, शिक्षित युवा परियोजना कर्जा, दलित समुदाय भगत सर्वजित उद्यम विकास कर्जा, स्टार्टअप उद्यम कर्जा, उद्योगमा बोइलर प्रतिस्थापन कर्जा र प्राकृतिक विपत्पीडितको निजी आवास निर्माण कर्जामा ब्याज अनुदान उपलब्ध हुने छ ।

नयाँ व्यवस्था अनुसार कृषि तथा पशुपन्छी व्यवसायका लागि पाँच करोड रुपियाँसम्म सहुलियतपूर्ण कर्जा लिन सकिने छ । महिला उद्यमशीलता र स्टार्टअप उद्यमका लागि २५ लाख रुपियाँसम्म तथा वैदेशिक रोजगारबाट फर्केका युवा, शिक्षित युवा र दलित समुदाय उद्यम विकासका लागि २० लाख रुपियाँसम्म कर्जा उपलब्ध हुने छ ।

त्यस्तै उद्योगमा बोइलर प्रतिस्थापनका लागि ५० लाख रुपियाँसम्म र प्राकृतिक विपत्पीडितको निजी आवास निर्माणका लागि पाँच लाख रुपियाँसम्म कर्जा उपलब्ध हुने व्यवस्था गरिएको छ ।

सहुलियतपूर्ण कर्जाको ब्याजदरलाई ऋणीमैत्री बनाउन बैङ्क तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा १.५ प्रतिशतभन्दा बढी प्रिमियम थप्न नपाउने व्यवस्था गरिएको छ । सरकारले यसरी कायम हुने ब्याजदरमा तीन प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने छ ।



ऋणीले ब्याज, कर्जा सूचना शुल्क र बिमा शुल्कबाहेक बैङ्कलाई अन्य अतिरिक्त शुल्क बुझाउनुपर्ने छैन । ब्याज अनुदानको सुविधा बढीमा पाँच वर्षसम्म प्राप्त हुने छ र कार्यक्रम २०८७ असार मसान्तसम्म सञ्चालन हुने कार्यविधिमा उल्लेख छ ।

सहुलियतपूर्ण कर्जा लिन ऋणी कम्तीमा १८ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्ने कार्यविधिमा उल्लेख छ । साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको र स्थायी लेखा नम्बर लिएको हुनुपर्ने छ ।

वैदेशिक रोजगारीबाट फर्केका युवाले विदेशमा कम्तीमा छ महिना काम गरी फर्केको हुनुपर्ने कार्यविधिमा उल्लेख छ । कुनै देशको स्थायी बसोबासको स्वीकृति प्राप्त गरेका व्यक्ति भने यस्तो कर्जाका लागि योग्य नहुने तथा एकाघर परिवारका एक जना सदस्यले मात्र कर्जा सुविधा लिन पाउने र एउटै व्यक्तिले एकभन्दा बढी प्रकारको सहुलियतपूर्ण कर्जा लिन नपाउने व्यवस्था पनि गरिएको कार्यविधिमा छ ।

कर्जा लिन चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजातसहित सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा आवेदन दिनुपर्ने छ । बैङ्कले आवेदन प्राप्त भएको १५ कार्यदिनभित्र कर्जा दिने वा नदिने निर्णय गर्नुपर्ने कार्यविधिमा छ । कर्जा अस्वीकृत भएमा तीन दिनभित्र स्पष्ट कारणसहित आवेदकलाई जानकारी दिनुपर्ने व्यवस्था छ ।

कर्जा प्रवाह गर्दा बैङ्कले व्यवसाय परियोजनालाई मुख्य आधारका रूपमा लिनुपर्ने छ । आवश्यक परेमा व्यक्तिगत वा सामूहिक जमानी लिन सक्ने व्यवस्था छ । त्यस्तै १५ लाख रुपियाँसम्मको कर्जामा बिमा तथा कर्जा सुरक्षण शुल्कमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको छ ।

सरकारले सहुलियतपूर्ण कर्जाको सदुपयोग भए/नभएको अनुगमन गर्ने जिम्मेवारी बैङ्क तथा वित्तीय संस्थालाई दिएको छ । कर्जाको दुरुपयोग भएको पाइएमा ब्याज अनुदान रोक्का गरी ऋणीबाट सम्पूर्ण अनुदान रकम ब्याजसहित असुल गर्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

## 'आफ्नै आम्दानीबाट देश बनाउने बजेट'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपालकै आम्दानीबाट देश बनाउने गरी चालु आर्थिक वर्ष २०८३/८४ को बजेट ल्याएको बताउनुभएको छ ।

आफ्नो निर्वाचन क्षेत्र तनहुँको भ्रमणमा रहनुभएका अर्थमन्त्री डा. वाग्लेले राज्यको कमजोर आम्दानीका कारण ऋण मागेर देशको अत्यावश्यक दैनिक खर्च चलाउने अवस्थालाई चिर्न करको दायरालाई फराकिलो बनाएको धारणा राख्नुभयो ।

थोरै थोरै जम्मा गरी आम्दानी बढाउने र आफ्नै आम्दानीले देश विकास गर्ने नीति लिएको उहाँको भनाइ थियो ।

जनताको विकाससम्बन्धी आशा र आकाङ्क्षाको तुलनामा मुलुकको सामर्थ्य कम रहेको पनि उहाँले उल्लेख गर्नुभयो ।

दातृ निकायको ऋण पनि महँगो बनेको अवस्थामा मुलुक आफैँ धनी हुनुको विकल्प नरहेको बताउनुभयो । "विगतदेखि नै हामीले ऋण लिएर ऋण र त्यसको ब्याज तिरिरहेको देखेका छौँ । नियमित र अत्यावश्यक राज्यको दायित्व साढे १३ सय अर्ब छ । सरकारको आम्दानी एक हजार २५० अर्ब हाराहारी मात्रै छ," उहाँले भन्नुभयो, "अहिले हामीले करको दर फराकिलो बनाएको र कर तिर्न प्रोत्साहनका कार्यक्रम ल्याएको यसैका लागि हो ।"



अर्थमन्त्री वाग्लेले ऋण पनि लिन नहुने, कर पनि तिर्न नपर्ने तर विकास चाहिँ जसरी पनि गरिदिनु पर्छ भन्ने सोचबाट सबै जना माथि उठ्नुपर्ने पनि बताउनुभयो ।

करको दायरा फराकिलो बनाउँदा नयाँ क्षेत्रमा कर थपियो भन्ने गुनासा सम्बोधन गर्न सरकारले अन्तिम करको दायित्वबाट सर्वसाधारणलाई बचाउनेमा आश्वस्त रहन पनि उहाँले आग्रह गर्नुभयो ।

अब छिट्टै प्रवासी नेपालीलाई पनि नेपालमा लगानी गर्ने वातावरण अघि बढाउने पनि उहाँले जानकारी दिनुभयो ।

**MODI JALVIDYUT COMPANY LIMITED**
**Tripureshwor, Kathmandu**

**Invitation for Electronic Bids**

**Date of publication : 14th August, 2026**

1. The Modi Jalvidyut Company Limited invites electronic bids from eligible bidders for the procurement of vehicles as per details given below.

| IFB. No. | Description | Last Date of bid Submission and Opening time | Bid Security Amount & Validity Period | Bank A/C Details |
|---|---|---|---|---|
| MJCL/VP-02/NCB/083-84 | Supply and Delivery of Off Road Motorcycles | September 07, 2026 at or before 12:00 hrs and September 07, 2026 at 13:00 hrs | NRs. 65,000.00 and 120 Days from the date of bid opening | Name of Office: Modi Jalvidyut Company Limited Account no: 2170145411700038 NMB Bank Limited, Gatthaghar |
| MJCL/VP-03/NCB/083-84 | Supply and Delivery of Electric Van | September 07, 2026 at or before 12:00 hrs and September 07, 2026 at 13:00 hrs | NRs. 1,20,000.00 and 120 Days from the date of bid opening | Name of Office: Modi Jalvidyut Company Limited Account no: 2170145411700038 NMB Bank Limited, Gatthaghar |

2. Eligible Bidders may obtain further information at the office of Modi Jalvidyut Company Limited, Tripureswor, Kathmandu or may visit PPMO egp system **www.bolpatra.gov.np/egp** under the name of Modi Jalvidyut Company Limited.

**त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौँ**

**बोलपत्र तथा दरभाउपत्र छनोट गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०४।२९**

यस अस्पतालबाट निम्न मितिमा प्रकाशित बोलपत्र तथा दरभाउपत्रको सूचना बमोजिम तोकिएको समयभित्र रीतपूर्वक दर्ता हुन आएका प्रस्तावहरूको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद नियम २०५० (संशोधन सहित) बमोजिम सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाता तथा दरभाउपत्र दाताको रूपमा छनोट गरी सोही नियमको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Description | Notice Publish Date (B.S.) | Awarded Bidder's Name & Address | Awarded Total Amount Nrs. (With VAT) |
|---|---|---|---|---|
| 1. | PB-31/2082/083, Procurement of Renovation and Expansion of Microbiology Lab (E-Tender) | 2082/11/15 | Goods Neighbours Enterprises Pvt.Ltd., Koteshwor, Kathmandu. | 95,74,028.44 |
| 2. | PB-40/2082/083/sealed quotation, Procurement of Truss Shade for Dental Waiting Room (Re-Bid) | 2083/03/17 | Shree Saamesh Nirman Sewa, Sindhupalchowk | 10,81,520.27 |

**थप जानकारीका लागि यस अस्पतालको योजना शाखामा सम्पर्क राख्न सकिनेछ ।**

**- योजना, निर्माण तथा कार्यक्रम शाखा**

**बर्दिबास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिबास, महोत्तरी**

**विज्ञापन कर सङ्कलन सम्बन्धी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**सूचना प्रकाशित मिति : २०८४।०४।२९**

बर्दिबास नगरपालिकाले आन्तरिक आय सङ्कलन गर्न मिति- २०८३।०४।१५ गते प्रकाशन गरेको ठेक्का सूचनाका लागि रीतपूर्वक दर्ता हुन आएका बोलपत्र बढाबढको आधारमा तपसिल बमोजिमको बोलपत्र अधिकतम मूल्याङ्कित भई सारभूत रूपमा प्रभावग्राही भएकोले बर्दिबास नगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०८३ को दफा (४) र (५) को प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र नं./विवरण | सबैभन्दा बढी ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | आ.व. २०८३/८४ मा कबोल अङ्क रु. (मू.अ कर बाहेक) | आ.व. २०८४/८५ मा कबोल अङ्क रु. (मू.अ कर बाहेक) | आ.व. २०८५/८६ मा कबोल अङ्क रु. (मू.अ कर बाहेक) |
|---|---|---|---|---|---|
| १ | NCB/BM/IR/२०८३/८४-०१ (विज्ञापन कर सङ्कलन ठेक्का) | आकृती एड्भरटाइजिङ्ग विराटनगर उ.न.पा.-४, मोरङ | २१,२५,०००।- (एक्काइस लाख पच्चीस हजार मात्र) | २३,३७,५००।- (तेइस लाख सैँतीस हजार पाँच सय मात्र) | २५,७१,२५०।- (पच्चीस लाख एकहत्तर हजार दुई सय पचास मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# सहुलियत पसल सञ्चालन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले बिहीबारदेखि देशभर सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ । कम्पनीको सातौँ वार्षिकोत्सवको अवसर पारेर कम्पनीले ४४ जिल्लाका १९३ स्थानमा रहेका बिक्री केन्द्रमार्फत प्रतिकेजी/लिटर पाँच रुपियाँ छुटसहित सहुलियत मूल्य पसल सञ्चालनमा ल्याएको हो ।

कम्पनीले चामल, दाल, तेल, चिनी र नुनसँगै चिनो, कागुनो, फापर र सिमीलगायत स्थानीय खाद्यवस्तु पनि बिक्री गर्दै आएको छ । कम्पनीले सुपथ मूल्य पसलमार्फत उपभोक्तालाई राहत दिनुका साथै दैनिक उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा सहयोग पुग्ने जनाएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले बिहीबारदेखि सिंहदरबार परिसरमा खाद्य कम्पनीका खाद्यान्नको बिक्री कक्ष सञ्चालनमा ल्याएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले बिक्री कक्षको उद्घाटन गर्नुभयो।

वार्षिकोत्सवकै अवसर पारेर कम्पनीले बिहीबारदेखि सिंहदरबारपरिसरमा बिक्री कक्ष सञ्चालनमा ल्याएको छ । उक्त बिक्री कक्षबाट उपभोक्ताले कम्पनीका सम्पूर्ण उत्पादन सर्वसुलभ दरमा पाउन सक्ने कम्पनीका निम्ति कार्यकारी अधिकृत लम्सालले जानकारी दिनुभयो। बिक्री कक्षबाट चामल, दाल, तेल, चिनी र नुनसहित स्थानीय बाली चिनो, कागुनो, फापर, सिमीलगायत खाद्यवस्तु बिक्री गरिरहेको छ।

सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आफ्नो मनाएको छ। तत्कालीन नेपाल खाद्य संस्थान र नेसनल ट्रेडिङ कम्पनीलाई गाभेर सरकारले यो कम्पनी स्थापना गरेको थियो।




तस्बिर : सुजन गुरुङ

**सिंहदरबारमा खोलिएको बिक्री केन्द्रमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव ।**

वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले खाद्यान्नलगायत अत्यावश्यकीय उपभोग्य वस्तुको सहज आपूर्तिका लागि बजार निर्माताको भूमिका निर्वाह गर्न सक्ने एक सक्षम व्यावसायिक संस्थाका रूपमा स्थापित हुनुपर्ने बताउनुभयो।

मन्त्री यादवले खाद्य सम्प्रभुता र खाद्य सुरक्षाको प्रत्याभूत हुने गरी बजारमा खाद्यवस्तुको मूल्यवृद्धि नियन्त्रण, मूल्य स्थिरता कायम, आफ्नो सेवा र व्यापार विविधीकरण, आर्थिक अनुशासन कायम तथा नवीन व्यावसायिक कार्ययोजनाको कार्यान्वियनबाट व्यावसायिक संस्कार विकास गरी किसान, उपभोक्ता तथा ग्राहकलाई उच्चतम सन्तुष्टि दिनेतर्फ कम्पनी केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। कम्पनीले दीर्घकालीन व्यावसायिक योजना र वार्षिक कार्ययोजना बनाई सोही अनुसार आफ्ना क्रियाकलाप सञ्चालन गर्न पनि उहाँले निर्देशन दिनुभयो।

कम्पनीका अध्यक्ष एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले खाद्य कम्पनी सधैँ खरिद र बिक्रीमा मात्रै सीमित नभएर उत्पादनमा पनि जानुपर्ने आवश्यकता औँल्याउनुभयो । कम्पनीले न्यूनतम खाद्य सुरक्षा कायम हुने गरी खाद्यान्न सामग्री मौज्दात राख्न नसकेको भन्दै उहाँले यस वर्षका लागि आवश्यक धान, चामललगायत खाद्यान्न खरिदको प्रबन्ध मिलाउन निर्देशनसमेत दिनुभयो।

खाद्य कम्पनी खाद्य गुणस्तर र बजारमा विस्तारका लागि सरकारबाट कस्तो सहयोग चाहिएको हो परिणाममा देखिने खालको रणनीतिक योजना लिएर आएमा सहयोग गर्न तयार रहेको पनि सचिव दुवाडीले स्पष्ट पार्नुभयो।

काम्पनीका निमित्त कार्यकारी अधिकृत डिल्लीराज लम्सालले देशका हरेक क्षेत्रका जनतामाझ आफ्ना वस्तु तथा सेवाको पहुँच पुर्‍याउन कम्पनी सधैँ प्रयत्नशील रहेको बताउनुभयो । कम्पनीले स्थापनाको छोटो समयमै व्यापार विविधीकरण, रैथाने उत्पादन खरिद र बिक्रीलगायत महत्त्वपूर्ण काम गरेको उहाँको भनाइ थियो।

सरकारी स्वामित्वको यस कम्पनीले दुर्गम जिल्लामा खाद्यान्न आपूर्ति गर्ने, उत्पादक किसानलाई उत्पादनको उचित मूल्य प्रदान गर्ने, नेपाल सरकारले निर्धारण गरेको समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने, सहरीक्षेत्रमा समेत मूल्य स्थिरीकरणका लागि वस्तु तथा सेवा उपलब्ध गराउने, खाद्य सुरक्षाका लागि तोकिएको परिमाणमा खाद्यवस्तु भण्डारण गर्ने र कम्पनीलाई दिगो रूपमा सक्षम बनाउन व्यावसायिक क्रियाकलाप विस्तार गर्ने जस्ता महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आएको छ।

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा**

**करार सेवामा जनशक्ति छनोट सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२९**

**सूचना नं. ०१/०८३/०८४**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रिक्त रहेको पदमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने आवश्यक भएकोले तपसिल बमोजिमको पदमा करार सेवामा जनशक्ति भर्ना गर्नुपर्ने भएको हुँदा योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरूबाट आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव, नागरिकताको प्रमाणपत्र सहित यस प्रतिष्ठानको कार्यालयमा रीतपूर्वकको दरखास्त यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | विभाग | पद | माग पद | आवश्यक न्यून्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/०८३/०८४ | CTVS | Professor/Associate Professor/Assistant Professor/Lecturer | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरी सम्बन्धित परिषद्मा विशेषज्ञ दर्ता भएको । |
| २ | ०२/०८३/०८४ | Pathologist | Professor/Associate Professor/Assistant Professor/Lecturer | २ | सम्बन्धित विषयमा स्नातकोत्तर गरी सम्बन्धित परिषद्मा विशेषज्ञ दर्ता भएको । |
| ३ | ०३/०८३/०८४ | Anesthesia | Professor/Associate Professor/Assistant Professor/Lecturer | २ | सम्बन्धित विषयमा स्नातकोत्तर गरी सम्बन्धित परिषद्मा विशेषज्ञ दर्ता भएको । |
| ४ | ०४/०८३/०८४ | Medical Surgical Nursing | Professor/Associate Professor/Assistant Professor/Lecturer | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरी सम्बन्धित परिषद्मा दर्ता भएको । |

**पदपूर्ति सम्बन्धी अन्य शर्तहरू :**

१. **दरखास्त दिने अवधि** : २०८३।०४।२९ देखि २०८३।०५।१२ गतेसम्म । सार्वजनिक बिदा भएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा दरखास्त दिन सक्नेछ ।
२. सम्पर्क मितिपछि प्रकाशित गरिनेछ ।
३. **उमेरको हद** : Professor/Associate Professor का लागि ७० वर्ष ननाघेको र Assistant Professor/ Lecturer का लागि ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।
४. **परीक्षा दस्तुर** : Professor/Associate Professor का लागि रु. १,५००।–, Assistant Professor/ Lecturer को लागि रु. १,२००।–
५. **परीक्षा दस्तुर** : लक्ष्मी सनराइज बैंक लिमिटेड, भानु चोक, जनकपुरधामस्थित यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता नं. १६८१६९९५३६०१११०१ मा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नुपर्नेछ ।
६. **परीक्षाको किसिम** : अन्तर्वार्ता माध्यमबाट छनोट गरिनेछ ।
७. **परीक्षाको समय** : सम्पर्क मितिमा तोकिनेछ ।
८. दरखास्त फाराम यस प्रतिष्ठानको website: www.mihs.edu.np बाट डाउनलोड गरी रीतपूर्वक भरी यस प्रतिष्ठानको कार्यालय, जनकपुरधाम–१४, मुजेलिया (मनिपाल) मा पेश गर्नुपर्नेछ ।
९. यस विज्ञापनको पदपूर्ति सम्बन्धी अन्तिम अधिकार प्रतिष्ठानमा निहित रहनेछ ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

धूमपान कहिल्यै सेवन नगरौं ।



तस्बिर : गोरखापत्र

**नेपाल विद्युत् प्राधिकरणको ४१ औँ वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र प्राधिकरणका उपकार्यकारी निर्देशक मदन तिम्सिना । कार्यक्रममा ४५२ जनाले रक्तदान गरेको प्राधिकरणले जनाएको छ ।**

# धरान उपमहानगरपालिकाको बजेट दुई अर्ब सतचालिस करोड

**धरान समाचारदाता**
*धरान, साउन २८ गते*

धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि दुई अर्ब ४७ करोड ४८ लाख ३३ हजार रुपियाँको बजेट सार्वजनिक गरेको छ । बिहीबार १९ औँ नगर सभामा कार्यवाहक नगरप्रमुख अइन्द्रविक्रम बेघाले दुई अर्ब ४७ करोड ४८ लाख ३३ हजार रुपियाँको बजेट प्रस्तुत गर्नुभएको हो।

स्थानीय तहले आगामी आवको बजेट असार १० गतेभित्र नगर सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था भए पनि नगरप्रमुख र वडाध्यक्षहरूको विवादका कारण समयमा बजेट ल्याउन सकेको थिएन । बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, स्वच्छ खानेपानी, सामाजिक विकास, पर्यटन, कृषि तथा विपत् व्यवस्थापनलाई प्राथमिकता दिइएको छ । सहरी योजना तथा भौतिक पूर्वाधार विकासतर्फ ९९ करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ । खाल्टाखुल्टीरहित नगर कार्यक्रमका लागि चार करोड, भानुचोक सौन्दर्यकरण तथा स्थायी स्टेज निर्माणका लागि एक करोड र धरान सभागृह निर्माणका लागि दुई करोड रुपियाँ छुट्याइएको छ।

शिक्षा, युवा तथा खेलकुदतर्फ ४९ करोड ६६ लाख ६२ हजार र स्वास्थ्यतर्फ १२ करोड ४५ लाख रुपियाँ विनियोजन गरिएको छ। बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्यका लागि ५० लाख रुपियाँ छुट्याइएको छ।

सामाजिक विकासतर्फ १० करोड चार लाख रुपियाँ विनियोजन गरिएको छ। सुकुमवासी व्यवस्थापन, सडक मानव व्यवस्थापन, खेलकुद, लैङ्गिक समानता तथा समावेशीकरणलगायत कार्यक्रम बजेटमा समेटिएका छन् । चतरास्थित कोशी नदीबाट धरानमा पानी आपूर्ति गर्ने योजनामा साझेदारी गर्न खानेपानीतर्फ तीन करोड ११ लाख रुपियाँ विनियोजन गरिएको छ । धरानका २० वटै वडाका लागि २८ करोड ७० लाख ९४ हजार रुपियाँ विनियोजन गरिएको छ। अघिल्लो आव २०८२/८३ मा संशोधित अनुमानको ६३.५३ प्रतिशत अर्थात् एक अर्ब ४२ करोड ४५ लाख ९६ हजार रुपियाँ खर्च भएको उल्लेख छ ।कार्यवाहक नगरप्रमुख बेघाले बजेट निर्माणका क्रममा प्राप्त सुझाव समेटिएको बताउनुभयो । शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी र पूर्वाधार सुविधासहितको आधुनिक बहुसांस्कृतिक सहरको पहिचान कायम गर्ने बजेटको उद्देश्य रहेको उहाँले बताउनुभयो।

# ऊर्जामन्त्रीका लागि थप सल्लाहकार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले थप तीन जना सल्लाहकार नियुक्त गर्नुभएको छ। मन्त्री श्रेष्ठले बिहीबार तीन जना नयाँ सल्लाहकार नियुक्त गरेसँगै उहाँको सल्लाहकार समूहले पूर्णता पाएको उहाँको सचिवालयले जनाएको छ।

सचिवालयका अनुसार मन्त्री श्रेष्ठले आशुतोष तिवारीलाई योजना तथा लगानी सल्लाहकार, रमेश पौडेललाई नीति सल्लाहकार र गणेश कार्कीलाई निजी क्षेत्र हेर्ने गरी सल्लाहकारमा नियुक्त गर्नुभएको छ । यसअघि नै मन्त्री श्रेष्ठले विवेकराज कँडेललाई ऊर्जा सल्लाहकारका रूपमा नियुक्त गरिसक्नुभएको थियो।

मन्त्रीका सल्लाहकारहरूले सम्बन्धित क्षेत्रका नीति निर्माण, योजना तर्जुमा, लगानी प्रवर्धन तथा निजी क्षेत्रसँगको समन्वयलगायतका विषयमा आवश्यक सुझाव र परामर्श दिने बताइएको छ । सबै सल्लाहकारले अवैतनिक रूपमा जिम्मेवारी निर्वाह गर्ने सचिवालयले जनाएको छ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १ (नियम २६ को उपनियम(१) सग सम्बन्धित)**

## आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

## Trishuli Jal Vidhyut Company Limited

Kathmandu, Nepal

### Unaudited Quarterly Statement of Financial Position

As at Ashad 32, 2083 (July 16, 2026)

| Particulars | Quarter ending July 16, 2026 (Ashad 32, 2083) | Quarter ending April 13, 2026 (Chaitra 30, 2082) | Quarter ending July 16, 2025 (Ashad 32, 2082) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets:** | | | |
| Property, Plant and Equipment | 146,743,690 | 146,582,310 | 152,337,926 |
| Right of Use Asset | - | 44,600 | 178,401 |
| Capital Work-in-Progress | 7,175,374,099 | 6,834,720,737 | 6,046,725,815 |
| Deposit & Other Receivables | 1,125,000 | 1,125,000 | 1,125,000 |
| Income Tax Assets | 8,089,049 | 8,082,660 | 8,058,595 |
| **Total Non-Current Assets** | **6,990,555,307** | **6,990,555,307** | **6,208,425,737** |
| **Current Assets:** | | | |
| Inventories | 55,336 | 105,127 | 70,082 |
| **Financial Assets:** | | | |
| Cash and Cash Equivalents | 41,536,473 | 6,666,605 | 58,639,819 |
| Deposit & Other Receivables | 249,000 | 249,000 | 299,000 |
| **Other Current Assets** | | | |
| Prepayments | 4,957,759 | 1,158,093 | 1,110,280 |
| Other advances | 977,786,972 | 764,874,745 | 616,684,213 |
| **Total Current Assets** | **1,024,585,538** | **773,053,570** | **676,803,394** |
| **Total Assets:** | **8,355,917,377** | **7,763,608,877** | **6,885,229,131** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY:** | | | |
| Share Capital | 1,789,162,770 | 1,789,162,770 | 1,789,162,770 |
| Retained Earnings | (427,285,603) | (389,663,278) | (295,630,242) |
| **Total Equity** | **1,361,877,167** | **1,399,499,492** | **1,493,532,528** |
| **LIABILITIES** | | | |
| **Non-Current Liabilities:** | | | |
| Loans and Borrowings | 4,698,306,764 | 4,094,458,694 | 3,751,176,085 |
| Trade & Other Payables | 223,798,698 | 208,137,750 | 177,564,333 |
| Provisions | 4,956,910 | 4,772,287 | 5,580,866 |
| **Total Non-current Liabilities** | **4,927,062,371** | **4,307,368,731** | **3,934,321,283** |
| **Current Liabilities:** | | | |
| **Financial Liabilities** | | | |
| Loans and Borrowings | 541,151,930 | 575,000,000 | 50,000,000 |
| Trade & Other Payables | 1,525,825,909 | 1,481,740,654 | 1,407,375,319 |
| **Total Current Liabilities** | **2,066,977,838** | **2,056,740,654** | **1,457,375,319** |
| **Total Equity and Liabilities:** | **8,355,917,377** | **7,763,608,877** | **6,885,229,131** |

### Unaudited Quarterly Statement of Profit and Loss

For the Quarter ending Ashad 32, 2083 (July 16, 2026)

| Particulars | Quarter ending July 16, 2026 (Ashad 32, 2083) | Quarter ending April 13, 2026 (Chaitra 30, 2082) | Quarter ending July 16, 2025 (Ashad 32, 2082) |
|---|---|---|---|
| Revenue From Operations | - | - | - |
| Less: Direct Cost | - | - | - |
| **Gross Profit** | - | - | - |
| Other Income | 369,207 | 160,435 | 16,339,432 |
| **EXPENSES** | | | |
| Employee Cost | 22,904,795 | 17,630,160 | 25,158,824 |
| Depreciation and Amortization Expenses | 1,962,606 | 1,390,159 | 1,853,545 |
| Administrative & General Expenses | 19,067,804 | 9,608,142 | 16,958,400 |
| Foreign Exchange (Gain) / Loss | 88,089,364 | 65,565,011 | 1,510,538 |
| **Total Expenses** | **132,024,568** | **94,193,471** | **45,481,307** |
| **Profit(Loss) From Operations** | **(131,655,361)** | **(94,033,036)** | **(29,141,875)** |
| Finance Cost | - | - | - |
| Finance Income | - | - | - |
| **Profit(Loss) Before Bonus and Tax** | **(131,655,361)** | **(94,033,036)** | **(29,141,875)** |
| Income Tax Expense | - | - | - |
| **Net Profit(Loss) for the Period** | **(131,655,361)** | **(94,033,036)** | **(29,141,875))** |

**Note:** *The above mentioned figures are subject to change during statutory audit of the books of accounts. Previous period figures have been reclassified/adjusted whenever considered necessary.*

**FOURTH QUARTER DISCLOSURE AS OF 32ND ASHAD 2083 AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION ANNEXURE-14 (RELATED TO SUB REGULATION 1 OF REGULATION 26)**

1. **Financial Statements**
The unaudited financial statements for the fourth quarter of FY 2082/83 and key financial ratios have been published along with this report.

**Related party transactions**: Business transaction, if any with related parties has been conducted at arm's length basis in line with section 93(c) of the Company Act, 2063.

The major financial highlights of the company for the quarter ending on Ashad 32, 2083 have been given below:

| Earnings Per Share (EPS) | Current Ratio | Net Worth Per Share ( NWS) | Market Price Per Share ( MPS) | P/E Ratio | Return on Assets ( ROA) |
|---|---|---|---|---|---|
| (7.36) | 0.50 | 76.12 | 469.00 | (63.74) | (1.58%) |

**Market price per share has been considered for date Ashad 32, 2083.*

2. **Management Analysis**
Following the termination of construction contract on 16.12.2023 with previous contractor, the company had invited tenders for Lot-1 i.e. Civil Works and Lot-2 i.e. Electromechanical and Hydromechanical Works to complete the remaining work of the project. As of Chaitra 30, 2082, the selection process for contractors for Lot-1 (Civil Works) and Lot-2 (Electromechanical and Hydromechanical Works) has been completed. M/s Fewa Construction Private Limited, Pokhara has been selected as the contractor for Lot-1 (Civil Works). The contract with M/s Fewa Construction Private Limited, Pokhara was signed on 2081.04.28 for the completion of the remaining civil works of the project. The contractor commenced construction works on 2081.05.09. Meanwhile, M/s HNAC-JIANGHE JV has been selected as the contractor for Lot-2 (Electromechanical and Hydromechanical Works). The contract was signed on 2082.08.23 and the contractor has commenced the works from 2082.09.20 and the works are scheduled to be completed by Ashad 2084. The company is actively working to complete the project within the stipulated time.
   - **Any changes in stock, Income and liquidity during the quarter and the reason for change if any**
   Current ratio has increased to 0.50 from 0.38 and 0.46 as compared to previous quarter and corresponding previous year quarter
   - **Statement of management analysis on the company's upcoming business plan**
   The company does not have any plan for other project development except currently running project i.e. Upper Trishuli 3B Hydroelectric Project.
   - **Analytical Statement on the possible effect on company's profitability, stocks and cash flows by any events known if any, based on past experience**
   There are no any events known that may effect on the company's profitability, stocks and cash flows based on past experience.
3. **Legal Proceedings**
   - Case filed by or filed against the company during the quarter, if any: ***None***
   - Case filed by or filed against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence during the quarter, if any: ***None***
   - Case filed by or filed the promotor or director on financial crime during the quarter, if any: ***None***
4. **Analysis of Company's Share Transaction**
TVCL shares were actively traded during the fourth quarter of FY 2082/83. The major highlights of share transactions during the period are as follows:

| Maximum Price NPR | Minimum Price NPR | Closing Price NPR | Total Transactions | Transaction days | Total traded Volume | Total Traded Value NPR |
|---|---|---|---|---|---|---|
| 583.90 | 461.10 | 469.00 | 3,609.00 | 64 | 620,955.00 | 322,856,521.00 |

5. **Problems & Challenges**
**Internal**
i. Retention of skilled human resources.
ii. Maintaining the operational efficiency.
iii. Timely completion of both Civil Works and Electromechanical and Hydromechanical Works of the project to start electricity generation.
**External**
i. Foreign exchange risk exposures in payment to International Contractor due to fluctuation of currency exchange rates in the International Foreign Exchange Markets.
ii. Possibility of flood in monsoon seasonal project site.
iii. Loss due to natural disaster-earthquake, landslide etc.
iv. Delay of statutory approvals
**Strategies**
i. HR Optimization Plan is being implemented
ii. Proper analysis of environment in order to mitigate maximum loss from natural disaster.
iii. Adequate insurance policies against the loss due to natural disaster
iv. Continuous monitoring and facilitation of the works of both contractors to complete the project in the scheduled time.
v. Continuous and timely follow-up for statutory approvals.
6. **Corporate Governance**
Board of Directors, Audit Committee, Other Committees and Management Team are committed for strengthening good corporate governance within the company. The company has written manuals, policies, rules & regulations for proper functioning of the company. Further, the top management of the company has regular meetings in order to ensure the compliance with Corporate Governance Guidelines, 2074 issued by Securities Board of Nepal. The Provisions of SEBON Corporate Guidelines has been duly compiled with.
7. **Declaration**
I, the Managing Director, of this Company take the responsibility of accuracy of the information and details mentioned in this report for the period up to fourth quarter of FY 2082/83 and hereby declare that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge.

## लुम्बिनीमा डिकवेलाको निरन्तरता



**काठमाडौँ** (गोरखापत्र), साउन २८ गते । नेपाल प्रिमियर लिग (एनपिएल) च्याम्पियन लुम्बिनी लायन्सले बिहीबार श्रीलङ्काका विकेटकिपर ब्याट्सम्यान निरोशन डिकवेलासँगको सम्झौतालाई निरन्तरता दिएको छ।

गत सत्र डिकवेलाले लुम्बिनी लायन्सलाई उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो। दोस्रो संस्करणमा समूह चरणको चार खेल खेलिसकेपछि डिकवेला लायन्सको टोलीमा आबद्ध हुनुभएको थियो। सो समय लुम्बिनी तीन खेल हारेर सङ्कटमा थियो। डिकवेलाको आबद्धतापछि लुम्बिनी बाँकी छ खेल नै जितेर विजेता बन्यो।

डिकवेलाले छ खेलमा १२२ माथिको स्ट्राइक रेटमा प्रतिखेल ३४.२५ को औसतमा १३७ रन बनाउनुभएको थियो । "निरोशन डिकवेलालाई पुनः लुम्बिनी लायन्समा स्वागत गर्न पाउँदा हामी हर्षित छौँ। गत सिजनमा उनले व्यक्तिगत प्रदर्शन मात्र गरेनन्, टिमलाई एकजुट बनाउन पनि महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनी च्याम्पियन खेलाडी हुन्, उनले लुम्बिनी लायन्सबाट खेल्दा कुनै खेल हारेका छैनन्," लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसीले भन्नुभएको छ । ३३ बर्से डिकवेलाले श्रीलङ्काका लागि ५४ टेस्ट, ५५ एकदिवसीय अन्तर्राष्ट्रिय र २८ टी-२० अन्तर्राष्ट्रिय खेल्नुभएको छ।

## महिला भलिबल लिगमा सुदूरपश्चिम

**काठमाडौँ** (गोरखापत्र), साउन २८ गते । तेस्रो एभरेस्ट महिला भलिबल लिगमा सुदूरपश्चिम रोयल वारियर्सका रूपमा नयाँ फ्रेन्चाइज टोली थपिएको छ।

यस फ्रेन्चाइजको मालिकमा उमा गौतम भण्डारी, सञ्जीव शाही र कुमार भण्डारी हुनुहुन्छ । सुदूरपश्चिम रोयलका मालिकमध्येका एक भण्डारीले भलिबलप्रतिको अपार प्रतिभा र उत्साह हुँदाहुँदै पनि सुदूरपश्चिमले नेपालको महिला भलिबल लिगमा हालसम्म आफ्नै फ्रेन्चाइ टोलीमार्फत प्रतिनिधित्व गर्ने अवसर नपाएकाले यसलाई परिवर्तन गर्न टिम तयार भएको बताउनुभयो। एभरेस्ट महिला भलिबल लिगकी प्रमुख कार्यकारी स्नेभी चापागाईंले सुदूरपश्चिमको आगमनले यो लिग अझ प्रभावशाली हुने छ भन्नुभयो।

# दसौँ राष्ट्रिय खेलकुद मङ्सिरमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

१० औँ राष्ट्रिय खेलकुद आगामी मङ्सिर १६ देखि २९ गतेसम्म सुर्खेतमा आयोजना हुने भएको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को १२५ औँ बोर्ड बैठकले बिहीबार राष्ट्रिय खेलकुदको नयाँ मिति तोकेको हो।

यसअघि पटक पटक मिति तय भए पनि १० औँ खेलकुद हुन सकेको छैन । २०३८ सालमा पहिलो पटक आयोजना भएको राष्ट्रिय खेलकुद प्रत्येक दुई वर्षमा आयोजना गर्ने प्रावधान रहेको छ। यस हिसाबले अहिलेसम्म राष्ट्रिय खेलकुदको २२ संस्करण हुनुपर्ने हो। यद्यपि निर्धारित समयमा गर्न नसक्ने रोगका कारण अहिले कर्णाली प्रदेशमा हुने भनिएको राष्ट्रिय खेलकुदको बल्ल १० औँ संस्करण हुँदै छ।

२०७९ कात्तिक ३ गते पोखरामा सम्मपन्न नवौँ राष्ट्रिय खेलकुदले दुई वर्षपछि कर्णालीमा भेट्ने वाचा गर्दै विश्राम लिएको थियो। त्यसबेला १० औँ राष्ट्रिय खेलकुदको मिति २०८१ साल मङ्सिर २ देखि ९ गतेसम्म तोकिएको थियो । पोखरामा तोकिएको मिति सुरुवातमै अलपत्र पर्‍यो । दोस्रो पटक तोकिएको चैत २३ देखि ३० गतेसम्म पनि हुन सकेन। त्यसपछि २०८२ जेठ ३ देखि १० गतेसम्म घरेलु खेलकुदको महाकुम्भ हुने भनी अर्को मिति तोक्यो। त्यो पनि भएन। चौथो पटक २०८२ फागुनमा गर्ने भनी गरिएको निर्णयको पनि कार्यान्वयन भएन।

सो बैठकले पहिलो राष्ट्रिय पारा खेलकुद पुस १५ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको छ। यसै गरी २० औँ एसियाली खेलकुदमा सहभागी हुने खेलाडी तथा अफिसियलको नामावली अनुमोदन गरेको छ । एसियाली खेलकुद असोज ३ देखि १८ गतेसम्म जापानको आइची नागोयामा हुँदै छ। जसमा नेपालबाट २२ खेलमा ८० पुरुष र ५६ महिला गरी १३७ खेलाडीले सहभागिता जनाउने छन्। सो बैठकले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को निलम्बनको विषयमा फिफा र एएफसीसँगको सहकार्यमा समाधान खोज्ने निर्णय पनि गरेको छ।

मन्त्री पोखरेलले १० औँ राष्ट्रिय खेलकुद सफल बनाउन सम्पूर्ण पक्ष एकताबद्ध भएर लाग्न अनुरोध गर्नुभएको छ। बैठकमा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेल, परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठलगायत प्रदेश खेलकुद परिषद्का सदस्यसचिवसहित परिषद्का बोर्ड सदस्यको उपस्थिति थियो। सो बैठकमा राखेपका सदस्यसचिव रामचरित्र मेहताले विषयवस्तु प्रस्तुत गर्नुभएको थियो।

# पिएसजीलाई सुपर कप

**साल्जवर्ग (अस्ट्रिया)**, साउन २८ गते। फ्रान्सको पेरिस सेन्ट जर्मन (पिएसजी) ले लगातार दोस्रो पटक युइएफए सुपर कप जितेको छ। पिएसजीले बिहीबार इङ्ग्ल्यान्डको एस्टन भिल्लालाई २-१ ले हराएर यस सत्रको पहिलो उपाधि हात पारेको हो । एस्टन भिल्लालाई हराएपछि पिएसजी रियल म्याड्रिड (२०१६-१७) पछि सुपर कप उपाधि रक्षा गर्ने पहिलो टिम बनेको छ। यसै गरी एस्टन भिल्लाका प्रशिक्षक उनाइ इमरीले चौथो पटक सुपर लिगमा पराजय बेहोर्नुभयो। यसअघि उसले सेभिलको प्रशिक्षक छँदा दुई पटक र भिलारियलको प्रशिक्षक छँदा एक पटक सुपर लिगमा निराशा बेहोर्नुभएको थियो।

नयाँ सत्रको सुरुवातमा च्याम्पियन्स लिग विजेता र युरोपा लिग विजेताबिच युइएफए सुपर कप खेलाइने प्रावधान रहेको छ। गत सत्रमा पिएसजीले च्याम्पियन्स लिग र एस्टन भिल्लाले युरोपा लिग जितेका थिए । खेलको २० औँ मिनेटमै ख्विचा क्वारात्स्खेलियाले डिबक्सभित्रबाट सशक्त प्रहारमार्फत गरेको गोलबाट पिएसजीले अग्रता बनाएको थियो तर खेलको ४५ औँ मिनेटमा १७ वर्षीय स्ट्राइकर ब्रयान माजोको दर्शनीय भली गोलमार्फत एस्टन भिल्लाले खेल बराबरीको स्थितिमा ल्यायो। माजोको यो एस्टन भिल्लाका लागि पदार्पण खेल हो । इङ्ग्ल्यान्डका माजो फ्रान्सको क्लब मेट्जबाट एस्टन भिल्ला पुग्नुभएको हो।



खेलको ६१ औँ मिनेटमा डिजाइरी डोइले आउसमान डेम्बेलेको पासमा भिल्लाको गोलरक्षकसँगको 'वन भर्सेज वन' मा गोल गरी पिएसजीलाई पुनः अगाडि पार्नुभयो । डोइको गोलमा अफसाइडको अपिल भएपछि भिडियो रिप्लेपछि मान्य भएको हो । त्यसपछि भने भिल्लाले गोल फर्काउन सकेन । सो खेलमा सोमालियाका आमान आर्टनले रेफ्रीको भूमिका निर्वाह गर्नुभएको थियो । गत सत्रमा अफ्रिकाका सर्वश्रेष्ठ रेफ्री घोषित हुनुभएका आर्टन विश्वकपमा खेल सञ्चालन गर्नबाट वञ्चित भएपछि चर्चामा आउनुभएका रेफ्री हुनुहुन्छ । अमेरिकाले प्रमाणबिना नै आतङ्ककारी संस्थासँग संलग्नता भएको भन्दै आर्टनलाई भिसा दिन अस्वीकार गरेको थियो तर युइएफएले उहाँलाई सुपर कप जस्तो ठुलो खेलमा रेफ्री गर्न दिएर प्रतिक्रिया दिएको छ । अहिले फिफा र युइएफएबिचको सम्बन्ध खासै राम्रो छैन। फिफा अध्यक्ष जियानी इन्फान्टिनोले विश्वकप निजीकरण गर्ने परियोजना प्रस्ताव गरेपछि यी दुई संस्थाबिच दुरी बढेको थियो। आर्टन सुपर कप सञ्चालन गर्ने पहिलो गैरयुरोपेली रेफ्री पनि बन्नुभएको छ।

गत सत्रमा पाँच प्रमुख उपाधि जितेको पिएसजीले आइतबार लेन्ससँग अर्को उपाधिका लागि प्रतिस्पर्धा गर्दै छ। पिएसजी र लेन्सबिच ट्रफी डेस च्याम्पियन्सका लागि भिडन्त हुन लागेको हो। सो खेल फ्रान्सेली लिग विजेता र फ्रान्सको कप विजेताबिच खेलिने प्रावधान रहेको छ।

यसै गरी प्रिसिजन मैत्री खेलमा बुधबार राति म्यान्चेस्टर युनाइटेडले लिड्स युनाइटेडलाई टाइब्रेकरमा ५-४ ले हरायो । निर्धारित समयको खेल १-१ ले बराबरीमा सकिएको थियो। निर्धारित समयमा म्यान्चेस्टरका जोसुआ जर्की र लिड्सका ब्रेन्डन आरोसन्सनले गोल गर्नुभएको थियो। एपी

# नङ्सल र रिहानाको जोडी अन्तिम आठमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

सिटिजन बैङ्ककी नङ्सल तामाङ र एपिएफकी रिहाना शेरचनको जोडी लिनिङ १४ औँ पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिता-२०८३ को अन्तिम आठमा प्रवेश गरेको छ । सहआयोजक यल स्पोर्ट्स एकेडेमीको कभर्ड हलमा भएको प्रतियोगितामा नङ्सल र रिहानाको जोडीले नेपाल पुलिस क्लबका श्रेया वज्राचार्य र अस्मिता खत्रीको जोडीलाई २१-१५, २३-२१ को सोझो सेटमा पराजित गरेको हो।

अन्य प्रिक्वाटरफाइनलमा चितवनकी सुषमा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीले आर्मीकी अनुमाया राई र समृद्धि श्रेष्ठको जोडीलाई २१-८, २१-८ तथा सुर्खेतकी निर्भिता शाही र निशा सिंहको जोडीले मेघा शर्मा र लीला थापाको जोडीलाई २१-१०, २१-१७ ले हराए।

नेपाल खेलकुद महासङ्घ अन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन सङ्घको आयोजनामा भएको प्रतियोगिताको महिला यु-१९ एकलमा फिटनेस स्पोर्ट्स प्लेक्सकी निभा राईले एपिएफकी प्रेन्शा श्रेष्ठलाई २१-८, २१-१७ ले र एपिएफकी रिहाना शेरचनले कस्तुरी कलेजकी अन्जिला राईलाई २१-१०, २१-६ ले पराजित गर्दै अन्तिम आठमा भेट पक्का गर्नुभयो । अन्य प्रिक्वाटरफाइनलमा एपिएफकी अजरेन्का शेरचनले धादिङकी निष्ठा श्रेष्ठलाई २१-१६, २१-१६, एपिएफकी स्वर्लिन श्रेष्ठले विवेक वर्मा एकेडेमीकी विशेषता खड्कालाई २१-१३, १६-२१, २१-१३, पुलिसकी अस्मिता खत्रीले चितवनकी सुषमा भुजेललाई २१-१०, २१-१६, सुनसरी ब्याडमिन्टन एकेडेमीकी सुविज्ञा दाहालले इमाडोल ब्याडमिन्टन स्पोर्ट्स एकेडेमीकी टिसारानी शाक्यलाई २२-२४, २१-१९, २१-१९, आर्मीकी समृद्धि श्रेष्ठले एपिएफकी आश्रुति कार्कीलाई २१-१४, १५-२१, २१-१४ र कास्कीकी दिलाशा रानाले फिटनेपाल स्पोर्ट्स प्लेक्सकी श्रीशा पौडेललाई २१-५, २१-११ ले पराजित गर्नुभयो।

यु-१९ पुरुष एकलमा पुलिसका कविर केसी, आर्मीका सौर्य महर्जन र सुधन राजकोटी तथा सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङले पनि अन्तिम आठमा स्थान पक्का गर्नुभयो। पुरुष यु-१५ एकलमा धन्यन्तरीका सुहम कार्की, कन्चनपुरका उदय चन्द, सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङ र आर्मीका सामन्तभद्र वज्राचार्य क्वाटरफाइनलमा स्थान बनाउन सफल हुनुभयो।

## कला/साहित्य

## सन्तानेश्वरमा दर्शनार्थीको चाप



**नेपालगन्ज** (गोरखापत्र), साउन २८ गते। बाँकेको नरैनापुर गाउँपालिका-५ मा पर्ने चुरे पहाडको चुचुरोमा अवस्थित सन्तानेश्वर महादेव मन्दिरमा साउन महिनामा मात्रै २५ हजारभन्दा बढी श्रद्धालु दर्शनका लागि पुगेका छन्। केही वर्षअघिसम्म सुनसान रहने गरेको मन्दिरबारे पछिल्लो समयमा व्यापक प्रचारप्रसार गरिएपछि धार्मिक पर्यटकको चाप अत्यधिक बढ्दै गएको नरैनापुर गाउँपालिकाले जनाएको छ।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले महादेव मन्दिर र त्यहाँको मनोरम दृश्य अवलोकन गर्न वार्षिक करिब ३० देखि ४० हजार नेपाली र भारतीय आउन थालेको जनाउँदै यस वर्ष साउन महिनामा २५ हजारभन्दा बढी पर्यटक पुगेको बताउनुभयो।

मन्दिरका महन्त योगानन्द गिरीले सन्तान नभएकाले त्यहाँ पुगेर दर्शन गर्दा सन्तान लाभ हुने धार्मिक विश्वास रहेकाले सन्तानेश्वर मन्दिरमा बाँके, बर्दिया, सुर्खेत, दाङ र सीमापारि भारतका बहराइच, गोन्डा, बलरामपुर, श्रावस्ती र लखिमपुरलगायतका विभिन्न स्थानबाट पर्यटक दर्शनका लागि आउने गरेको बताउनुभयो। उहाँका अनुसार पर्यटक पहाडको उकालो चढिरहँदा जति थकित देखिन्छन्, सन्तानेश्वर मन्दिर दर्शन गरेर फर्किंदा उनीहरू त्योभन्दा बढी हर्षित र खुसी देखिने गरेका छन्। पहाडको टाकुरामा रहेको सन्तानेश्वर मन्दिरको रमणीय वातावरण अवलोकन गर्दा भारतीय पर्यटक निकै उत्साहित हुने गरेको अध्यक्ष शाहले बताउनुभयो।

## 'कम्मरु भाँचम्ला' सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), साउन २८ गते। नेपाली मौलिक तिज संस्कृति, माइतीप्रतिको चेलीबेटीको आत्मीयता र श्रीमान्श्रीमतीबिचको सम्बन्ध समेटिएको तिज गीत 'कम्मरु भाँचम्ला' सार्वजनिक भएको छ।

गीतमा मोतिराज खनाल, वैकुण्ठ महत र गायिका रेखा पोखरेलको स्वर रहेको छ। गीतको शब्द गायक खनाल र किरण पन्थीले लेख्नुभएको हो।

गीतको भिडियोमा भुवन के. पोखरेल, जुना कार्की, भगवान् भण्डारी र रेणुका बरालको अभिनय तथा नृत्य रहेको छ । शिवाजी क्षेत्रीको निर्देशन रहेको गीत गायक खनालको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो।

# धानबाली जोगाउने विश्वासमा 'हार्या गुरै'

**सन्तोष दहित**
*दाङ, साउन २८ गते*

धानबालीमा रोगव्याध नलागोस्, अन्नबाली सप्रियोस् र उत्पादन बढोस् भन्ने कामनासहित दाङका थारू समुदायमा गाउँ गाउँमा 'हार्या गुरै' पूजा गर्न थालिएको छ । खेतीपाती अर्थात् धान रोपाइँको काम सकेपछि थारू समुदायमा यो पूजा गर्ने परम्परा रहिआएको हो।

धान रोपाइँ सकेपछि गरिने 'हार्या गुरै' पूजा थारू समुदायको पुरानो कृषि संस्कृतिसँग जोडिएको छ । अन्नबालीमा रोगव्याध नलाग्ने र उत्पादन बढ्ने विश्वासमा गाउँले भुह्यारथानमा भेला भएर सामूहिक पूजापाठ गर्छन्। घोराही उपमहानगरपालिका-१०, जलौरा गाउँका महटाँवा एवं महटाँवा बरघर दाङका अध्यक्ष चन्द्रप्रसाद चौधरीका अनुसार हार्या गुरै पूजा गरेपछि खेतबारीमा लगाएको अन्नबालीमा रोगव्याध नलाग्ने र उत्पादन राम्रो हुने जनविश्वास छ। "यो हाम्रो परम्परागत पूजा हो, हरेक वर्ष धान रोपाइँ (खेतीपाती) सकेपछि पूजा गर्ने चलन छ," उहाँले भन्नुभयो । गाउँको भुह्यारथानमा गरढुर्या अर्थात् घरमुली भेला भएर महटाँवाको सहभागितामा गुर्वाबाट पूजापाठ गरिन्छ। परम्परा अनुसार सुँगुर तथा चल्लाको बलि दिने, माछा, रक्सी र जल चढाउने गरिन्छ। गुर्वाले परम्परागत विधि अनुसार पूजापाठ गर्ने प्रचलन रहेको चौधरीले बताउनुभयो।

दिउँसो भुह्यारथानमा पूजापाठ गरेपछि साँझपख महटाँवाको घरआँगनमा गरढुर्याहरू मादलसहित भेला हुन्छन्। आँगनमा आगो बालेर गुर्वाले परम्परागत विधि अनुसार पूजा गर्ने गर्छन् भने गरढुर्याले मादल बजाउँदै 'भ्वाङ भ्वाङ कि,



तस्बिर : सन्तोष दहित

**'हार्या गुरै'मा महटाँवाको घरमा गरढुर्‍याहरू मादल बजाउँदै र गुर्वा सुस्वाँदै ।**

भ्वाङ भ्वाङ भ्वाङ्गिन' मादलको ताल बजाउने चलन रहेको चौधरीले बताउनुभयो । "फुला लुहार्दासम्म अर्थात् गुर्वाले भुह्यारथानमा जल र रक्सी नचढाउँदासम्म गाउँको सिमानाभित्र खेतबारी खनजोत र दाउरापात तथा घाँसपात गर्न मिल्दैन भन्ने पुरानो चलन हो," चौधरीले भन्नुभयो।

पूजापाठ सम्पन्न भएपछि गाउँमा मादल बजाउन, नाचगान गर्न र सांस्कृतिक गतिविधि सञ्चालन गर्न खुला हुने उहाँले बताउनुभयो। खेतीपातीको काम सकेपछि गरिने यस पूजाले धार्मिक आस्थासँगै गाउँको सामूहिकता र सामाजिक एकतालाई समेत जोड्ने गरेको छ। आधुनिक कृषि प्रणाली र जीवनशैलीमा आएको परिवर्तनसँगै खेतीपातीसँग जोडिएका कतिपय पुराना परम्परा हराउँदै गए पनि अन्नबालीको सुरक्षा र उत्पादन वृद्धिको कामनासहित गरिने 'हार्या गुरै' थारू समुदायको मौलिक कृषि संस्कृतिका रूपमा अझै कायम छ।

# छ पत्रकारलाई फोनिज अवार्ड



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) ले छ जना पत्रकारलाई फोनिज अवार्ड प्रदान गरेको छ। फोनिजको २७ औँ स्थापना दिवस तथा तेस्रो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन-२०८३ मा उहाँहरूलाई सो सम्मान प्रदान गरिएको हो। राष्ट्रिय पत्रकारिता सम्मान-२०८३ बाट वरिष्ठ पत्रकारद्वय डण्ड गुरुङ (सिन्धुली) र विमला तुम्बे (तेह्रथुम) लाई प्रदान गरिएको छ। त्यसै गरी फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार तीर्थमान बल (काभ्रे), सरिता श्रेष्ठ (धादिङ) र अविनाश चौधरी (कैलाली) पुरस्कृत हुनुभयो।

फोनिज राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मान नेपाल भाषाको साप्ताहिक पत्रिका लहनालाई प्रदान गरिएको छ । सम्मानपत्र पत्रिकाका सम्पादक सुरेन्द्रभक्त श्रेष्ठलाई हस्तान्तरण गरिएको छ । उहाँहरूलाई काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले नगदसहित सम्मानपत्रले सम्मानित गर्नुभयो। सम्मानको राशि जनही २५ हजार रुपियाँ रहेको छ । फोनिजद्वारा आयोजित तेस्रो अन्तर ष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन-२०२६ अन्तर्गत फोनिजका अध्यक्ष लक्की चौधरीको सभापतित्वमा सो अवार्ड कार्यक्रमको आयोजना भएको हो।

# परम्परागत जात्रा सुरु

**तानसेन समाचारदाता**
*तानसेन, साउन २८ गते*

चोक चोकमा नर्कटको तीनखुट्टे लिङ्गाकृति (गठाँमो) ठड्याइएर गठेमङ्गल पर्व मनाएसँगै परम्परागत जात्रा देखाउने क्रम सुरु भएको छ। जात्राको सहरका रूपमा परिचित तानसेनमा एक महिनासम्म विभिन्न जात्रा देखाउने गरिन्छ।

बसपार्क, नारायणस्थान, शीतलपाटी, टक्सारटोललगायतका स्थानमा घण्टाकर्णको लिङ्गाकृति नर्कट राखेर पर्व मनाइएको छ। स्थानीय बासिन्दाको सक्रियतामा नर्कट बनाएर चौबाटोमा राखेर गठेमङ्गल पर्व मनाइएको तानसेन-४, बसपार्कका स्थानीय बासिन्दा किरण चित्रकारले बताउनुभयो । धान रोपेर सकिएपछि घरभित्रका दूषित कीटाणु, उपियाँ, उडुस भगाउन धूप बालेर धुवाँको उन्मूलन गर्ने परम्परा अनुसार पर्व मनाइएको चित्रकारले बताउनुभयो।

घण्टाकर्णको लिङ्गाकृति चौबाटामा राखेपछि तानसेनमा जात्रा देखाउन खुला हुने संस्कृतिविद् निर्मल श्रेष्ठले बताउनुभयो । किसानले खेतबारीको काम सकेपछि नेवार समुदायले पहिलो चाडका रूपमा घण्टाकर्णलाई मनाउने प्रचलन रहेको उहाँले बताउनुभयो। गठेमङ्गलका दिन दुष्ट आत्मा, भूतप्रेत पन्छाउन घर सफासुग्घर गरेर राक्षसी स्वरूपको घण्टाकर्ण दहन गर्ने प्रचलन छ । चुइकी, गठेमङ्गल (घण्टाकर्ण), गाईजात्रा, रोपाइँजात्रा, गणेशजात्रा, अमरनारायणजात्रा, श्रीनगरजात्रा, बाघजात्रा, टक्सार गणेश र भगवतीजात्रा निकाल्ने प्रचलन रहिआएको छ।

## आजको राशिफल



डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** — सिर्जनात्मक कार्यमा रुचि रहने छ । आर्थिक लाभका साथै अध्ययनमा सफलता मिल्ने छ।

**वृष** — शत्रुपक्ष सबल रहने छन् । मित्र हानिका साथै स्वास्थ्य पनि प्रतिकूल रहन सक्ने छ।

**मिथुन** — द्रव्य लाभ हुने छ । अध्ययनमा रुचिका साथै जलीय वस्तुबाट लाभ रहने छ।

**कर्कट** — पारिवारिक सुख मिल्ने छ । कान्ति वृद्धिका साथै यात्राका योग देखिन्छन्।

**सिंह** — प्रिय लाभ हुने छ । खेल क्षेत्रमा रुचिका साथै प्रेममा पारख बढ्ने छ ।

**कन्या** — आर्थिक पक्ष कमजोर रहने छ। मित्र भयका साथै कार्यप्रभावकारितामा कमी रहन सक्ने छ।

**तुला** — रचनात्मक कार्यमा प्रवृत्ति बढ्ने छ। प्रिय लाभका साथै अध्ययनमा सफलता मिल्ने छ।

**वृश्चिक** — वैदेशिक क्षेत्रबाट लाभ रहने छ । पारिवारिक सुखका साथै कृषिक्षेत्र रुचिकर रहने छ।

**धनु** — सामाजिक कार्यमा रुचि बढ्ने छ । मित्र लाभका साथै प्रतिष्ठा अभिवृद्धिका योग देखिन्छन्।

**मकर** — खर्चका क्षेत्र बढ्ने छन्। शत्रुपक्ष सक्रिय रहने भएकाले कार्यक्षेत्रमा सजग रहनुहोला।

**कुम्भ** — साङ्गीतिक क्षेत्र सुखद रहने छ। भौतिक लाभका साथै आर्थिक उन्नतिका योग देखिन्छन्।

**मीन** — नयाँ कार्य लाभ हुने छ । प्रिय सुखका साथै व्यवसायमा पनि वृद्धि हुने देखिन्छ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल साउन २९ गते (अगस्त १४, २०२६) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।४१ | १५३।०१ |
| युरो | १ को रु. | १७५।८० | १७६।५० |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०५।६५ | २०६।४६ |
| स्विस फ्रैङ्क | १ को रु. | १८७।६२ | १८८।३५ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०७।५६ | १०७।९८ |
| क्यानेडियन डलर | १ को रु. | १०९।३३ | १०९।७६ |
| सिङ्गापुर डलर | १ को रु. | ११९।०६ | ११९।५३ |
| जापानी येन | १० को रु. | ९।५६ | ९।६० |
| चिनियाँ युआन | १ को रु. | २२।६० | २२।६९ |
| साउदी अरब रियाल | १ को रु. | ४०।५९ | ४०।७५ |
| कतारी रियाल | १ को रु. | ४१।८० | ४१।९७ |
| थाई भाट | १ को रु. | ४।६० | ४।६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।५० | ४१।६६ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।२९ | ३७।४४ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।७२ | १०।७६ |
| स्विडिस क्रोनर | १ को रु. | १५।९५ | १६।०१ |
| डेनिस क्रोनर | १ को रु. | २३।५२ | २३।६१ |
| हङकङ डलर | १ को रु. | १९।४२ | १९।५० |
| कुवेती दिनार | १ को रु. | ४९६।०५ | ४९८।०० |
| बहराइन दिनार | १ को रु. | ४०४।२४ | ४०५।८४ |
| ओमानी रियाल | १ को रु. | ३९५।८५ | ३९७।४१ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**गोरखापत्र संस्थान**का लागि महाप्रबन्धक **हिक्मतबहादुर रावल**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com










वर्ष १२६ | अङ्क १०० | २०८३ साल साउन २९ गते शुक्रबार | श्रावण शुक्ल द्वितीया | नेपाल संवत् ११४६ गुँलाथ्व २ | 2026 August 14 Friday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# सञ्चार क्षेत्रमा रूपान्तरणकारी वर्ष

- मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयकको तयारी ।
- सञ्चार र दूरसञ्चारलाई परिणाममुखी बनाउन नीतिगत सुधार गर्ने ।
- फाइभजी सेवा विस्तार गर्ने तयारी ।
- दूरसञ्चार प्राधिकरणलाई बलियो र नियमनकारी भूमिकामा प्रभावकारी बनाउने ।
- चलचित्र विधेयक संसद्मा दर्ता गराई समितिमा छलफलमा ।
- हुलाक सेवा अन्तर्गत सरकारी कुरियर सेवा प्रभावकारी र आधुनिक ।
- वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न नियमन ।
- सूचना प्रविधि, साइबर सुरक्षा र एआईसम्बन्धी विधेयकका मसौदा तयार ।




**अशोक अधिकारी**
*काठमाडौँ, साउन २८ गते*

सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार र दूरसञ्चारका सन्दर्भमा चालु आर्थिक वर्ष २०८३/८४ लाई 'रूपान्तरणकारी वर्ष' का रूपमा अगाडि बढाउने मार्गचित्रलाई कार्यान्वयनको दिशा प्रदान गरिरहेको छ । मन्त्रालयले नागरिकको जीवनसँग जोडिएका मुद्दा सम्बोधन गर्नकै लागि शासकीय सुधारका १०० मार्गचित्रको जगमा शासकीय सुधार, संस्थागत सुधार, सार्वजनिक सेवा प्रवाह सुधार, प्रशासनिक सरलीकरण, डिजिटल रूपान्तरणको नवीन अध्याय आरम्भ गरेको हो ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाका अनुसार यस वर्षलाई सफल, सबल, सन्तुलन, जनमुखी, नागरिकप्रति उत्तरदायी र जवाफदेही सेवा प्रवाहको उद्देश्य कार्यान्वयन अगाडि बढाउने गृहकार्य भइरहेको छ । उहाँले आमसञ्चार र दूरसञ्चार क्षेत्रलाई सोही दिशामा अगाडि बढाउने, राष्ट्रिय स्वार्थ र जनस्वार्थबाट निर्देशित हुनका लागि सम्पूर्ण सुधारका कार्य अघि बढाइने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेसम्म भएका प्रारम्भिक कार्यको समीक्षा गर्दै नीति, ऐन, कानुनलाई समयसापेक्ष परिवर्तनका पक्षमा अघि बढाइने छ । समग्रमा सञ्चार र दूरसञ्चारको क्षेत्रका लागि यो वर्षलाई ट्रान्सफर्मेसनल इयर (रूपान्तरणकारी वर्ष) बनाउने गरी कार्यसम्पादन अगाडि बढाइएको छ ।"

### सय दिनका सुधार कार्य

सूचना तथा सञ्चार मन्त्रालयले नीति, कानुन, कार्यविधि, मापदण्ड, निर्देशिका तथा आर्थिक, सामाजिक, पूर्वाधार, लगानी, रोजगारी सिर्जना, नवप्रवर्तन तथा विकास व्यवस्थापनका क्षेत्रमा सुधारका काम अगाडि बढाएको छ । सरकारले १०० दिनका लागि निर्धारण गरेको शासकीय सुधारका १०० बुँदे मार्गचित्रका आधारमा सूचना तथा सञ्चार मन्त्रालयले सम्बन्धित कार्यको कार्यान्वयनमा उत्साहजनक प्रगति हासिल गरेको छ । मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी रवीन्द्रप्रसाद पौड्यालका अनुसार नागरिक सेवा प्रवाहलाई सरल, छिटो र प्रविधिमैत्री बनाउन महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन् । उहाँले हुलाक सेवामा सुधार गरी घरदैलोमै सेवा दिने, डिजिटल सुशासन र कानुनी सुधार गर्ने, स्मार्ट लाइसेन्सको छपाइमा तीव्रता, नेपाल टेलिकमको सेवा र प्रविधि विस्तार तथा प्रशासनिक सुधार र पारदर्शी बनाउने कार्य अगाडि बढेको बताउनुभयो ।

### हुलाक सेवामा सुधार

मन्त्रालयको सुधार कार्ययोजना अनुसार हुलाक सेवा विभागले सञ्चालन गरिरहेको सरकारी कुरियर सेवालाई प्रभावकारी र आधुनिक बनाइएको छ । विभागले साउन २५ गतेसम्म देशभरका विभिन्न जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४४ हजार ६१९ थान राहदानी ढुवानी गरेको छ; जसमा आठ हजार ४५३ थान हुलाकमार्फत घर घरमै पुऱ्याइएको छ ।

जिल्लास्थित यातायात कार्यालयमा १० लाख ३८ हजार ८०८ थान सवारीचालक अनुमतिपत्र ढुवानी गरिएकामध्ये एक हजार ९७ थान हुलाकमार्फत घर घरमा पुऱ्याइएको छ । शैक्षिक प्रमाणपत्र २६४, सम्झौता भएका १७ अस्पतालमा एक हजार ४७७ स्वास्थ्य प्रयोगशालाको नमुना ढुवानी, १३० बोरा स्वास्थ्य बिमा बोर्डको सामग्री ढुवानी र ४४ हजार १८४ थान राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका सामग्री ढुवानी गरिएको छ । मन्त्री डा. तिमिल्सिनाले आधुनिक कुरियर र ढुवानी सेवामा हुलाकको प्रवेशले नागरिकलाई सरकारी सेवा प्राप्त गर्न सहज हुने बताउनुभयो ।

### विधेयक तर्जुमा र सहज सेवा प्रवाह

सूचना तथा सञ्चार मन्त्रालयले सूचना प्रविधि, साइबर सुरक्षा र आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बुद्धिमत्ता) सम्बन्धी विधेयकका मसौदा तयार गरी अगाडि बढाएको छ । सेवा प्रवाहमा समयको बचत, प्रसारण इजाजत र चलचित्र जाँचपास जस्ता तीनदेखि सात दिन लाग्ने सेवालाई पुनर्संरचना गरी हाल एकदेखि तीन दिनभित्रै उपलब्ध गराउन थालिएको छ ।


» बाँकी पृष्ठ २ मा


## 'यसै वर्ष फाइभजी सेवा'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सञ्चार र दूरसञ्चारको क्षेत्रमा नीतिगत सुधार एवं प्रविधिको व्यापक विकास गरी नागरिकले प्रत्यक्ष अनुभूत गर्ने गरी काम अगाडि बढाइएको बताउनुभएको छ । गोरखापत्रसँगको विशेष संवादमा उहाँले प्रमाणमा आधारित र वैज्ञानिक हस्तक्षेपमार्फत मन्त्रालय अन्तर्गतका सञ्चार र दूरसञ्चार क्षेत्रका नवीनतम रूपान्तरणको उद्घोष गर्नुभएको हो ।

उहाँले एक वर्षभित्रै सञ्चार र दूरसञ्चारका क्षेत्रमा परिणाममुखी काम हुने बताउँदै नीतिगत अड्चन हटाएर र सरोकारवालासँगको व्यापक विमर्शका आधारमा योजनाबद्ध रूपमा काम अगाडि बढाइने बताउनुभयो । उहाँले मन्त्रालयले राष्ट्रिय स्वार्थ र जनहितलाई केन्द्रमा राखेर काम गर्ने सङ्कल्प गर्नुभयो । उहाँका अनुसार प्रविधिको विस्तार, कानुनी सुधार र सार्वजनिक सेवाको सरलीकरणको लक्ष्य निर्धारण गरिएको छ । उहाँले दूरसञ्चार क्षेत्रमा आमूल परिवर्तन र 'फाइभजी' को तयारीमा सरकार रहेको बताउनुभयो ।


» बाँकी पृष्ठ २ मा




**डा. विक्रम तिमिल्सिना**
सूचना तथा सञ्चारमन्त्री

> नेपाल टेलिकमको क्षमता अभिवृद्धि गर्ने र फोरजी सेवामा देखिएका समस्या समाधान गर्दै नेपालमा पहिलो पटक फाइभजी सेवाको औपचारिक सुरुवात गर्ने तयारी भइरहेको छ ।

## थवाङमा पहिरो
# दस जनाको मृत्यु




*तस्बिर : जिल्ला प्रहरी कार्यालय, रोल्पा*

**पहिरो प्रभावित क्षेत्रमा उद्धार गर्दै सुरक्षाकर्मी र स्थानीयवासी ।**

**लक्ष्मण पौडेल/सलिम मियाँ**
*भैरहवा, साउन २८ गते*

अविरल वर्षासँगै रोल्पाको थवाङ गाउँपालिका–५, कोटलबारामा गएको पहिरोमा परी १० जनाको मृत्यु, तीन जना बेपत्ता र दुई जना घाइते भएका छन् ।

बुधबार साँझ लेदोसहितको पहिरो खसेर घर तथा गोठ पुरिँदा ठुलो मानवीय क्षति भएको हो । पहिरोमा परी स्थानीय १८ वर्षीय शान्ति पुनमगर, ६० वर्षीय कमलबहादुर पुनमगर, ८५ वर्षीय हस्तकला रोका मगर, ८० वर्षीय मनखना पुनमगर र ७५ वर्षीय दलबहादुर पुनमगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ ।

पहिरोमा परी बेपत्ता भएका पाँच जनाको शव भने प्युठानस्थित माडी र लुङ्ग्री खोलाको किनारमा फेला परेको छ । जिल्ला प्रहरी कार्यालय प्युठानका प्रमुख तथा प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीका अनुसार फेला परेका शव सनाखत हुनेमा रोल्पाको थबाङ गाउँपालिका–५ कोटलबारा निवासी सात वर्षीय अशोक पुनमगर, ३४ वर्षीय महेन्द्र घर्ती, ६६ वर्षीया मनि पुनमगर, ३४ वर्षीय विष्णु पुन भन्ने जुनकुमारी मगर र ८० वर्षीय बलबहादुर पुनमगर रहेका छन् । प्रहरीका अनुसार अशोक पुनमगरको सनाखत उहाँका काका कृष्ण पुनमगरले, महेन्द्र घर्तीमगरको सनाखत भान्जा कृष्ण पुनमगरले, मनी पुनमगरको सनाखत छोरा गोबबहादुर पुन मगर, विष्णु पुनको सनाखत मामा गोबबहादुर पुनमगर र बलबहादुर पुनमगरको सनाखत भतिज गोबबहादुर पुनमगरले गर्नुभएको हो ।

बिहीबार बिहान स्वर्गद्वारी नगरपालिका–९, जुडापाटा, स्वर्गद्वारी–३, किमिचौर र स्वर्गद्वारी–४, गोठीबाङस्थित माडी खोलाको किनारमा तीन जनाको शव फेला परेका थिए । त्यसै गरी स्वर्गद्वारी–५, सरोजास्थित लुङ्ग्री खोलाको किनार र माण्डवी गाउँपालिका–५, अर्दुसस्थित माडी खोलाको किनारमा थप एक एक जनाको शव फेला परेको थियो । शव फेला परेपछि इलाका प्रहरी कार्यालय भिङ्ग्री, प्रहरी चौकी लामाचौर, इलाका प्रहरी कार्यालय बिजुवार तथा चकचकेबाट प्रहरी टोली घटनास्थलमा परिचालन गरिएको थियो ।


» बाँकी पृष्ठ २ मा


### रास्वपाद्वारा दुःख व्यक्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रोल्पाको थवाङ गाउँपालिका–५, कोतलाबाङमा पहिरोमा परी १० जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गर्दै विपत्को समयमा नागरिकको अभिभावक बन्न सरकारलाई आग्रह गरेको छ । रास्वपाका महामन्त्री विपिन आचार्यले बिहीबार जारी गर्नुभएको विज्ञप्तिमा मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । बेपत्ताको खोजी कार्यलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षणसमेत गराइएको छ ।

उद्धारमा खटिएका सुरक्षाकर्मी र स्थानीय नागरिकको प्रयासको प्रशंसा गर्दै रास्वपाले विपत् आएपछि मात्र राज्य संयन्त्र सक्रिय हुने पुरानो कार्यशैली अन्त्य गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ । रास्वपाले विपत् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन, जोखिमयुक्त बस्ती पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत र निःशुल्क उपचारको व्यवस्था मिलाउन सङ्घ, प्रदेश र स्थानीय सरकारलाई आग्रह गरेको छ ।

## पूर्वप्रम देउवा स्वदेश फिर्ता



**शेरबहादुर देउवा**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा स्वदेश फर्किनुभएको छ । उहाँ साढे पाँच महिनाभन्दा लामो हङकङ र सिङ्गापुर बसाइपछि बिहीबार स्वदेश फर्किनुभएको हो ।

नेता देउवा २०८२ फागुनमा स्वास्थ्योपचारका लागि सिङ्गापुर जानुभएको थियो । त्यसपछि उहाँले हङकङ गएर थप उपचार गराउनुभयो । २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा नेता देउवा र उहाँकी पत्नी एवं पूर्वमन्त्री डा. आरजु राणा देउवा घाइते हुनुभएको थियो ।

काठमाडौँ फर्किएपछि अपिल जारी गर्दै उहाँले आफू सत्ता प्राप्तिका लागि नभई राष्ट्रिय एकतालाई सुदृढ गर्न र परिवर्तनलाई सही व्यवस्थापन गर्न सक्रिय रहने बताउनुभएको छ । उहाँले आफू पूर्ण स्वस्थ भएर फर्केको जानकारी दिनुभएको छ । उहाँले पार्टीभित्र मनोबल बढाउन, मेलमिलाप र एकताका पक्षमा उभिने बताउनुभएको छ ।


» बाँकी पृष्ठ २ मा


# सुरुमा नौलो, बानी परेपछि सहज




> आन्तरिक परीक्षाको सट्टा विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने गरी वैकल्पिक मूल्याङ्कन प्रणालीको विकास गरिएको छ ।

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, साउन २८ गते*

सरकारले कक्षा पाँचसम्म अध्ययनरत विद्यार्थीलाई आन्तरिक परीक्षा लिन बन्द गरेपछि मूल्याङ्कनका लागि विद्यालयहरूले वैकल्पिक विधि अनुसरण गर्न थालेका छन् ।

सुरुमा वैकल्पिक विधिबाट विद्यार्थीको मूल्याङ्कन गर्न असहज महसुस भए पनि अहिले भने बानी परेको यसमा संलग्न शिक्षकहरूले प्रतिक्रिया दिएका छन् तर एकै कक्षामा धेरै विद्यार्थी भएको विद्यालयमा भने झन्झटिलो भएको अनुभव पनि शिक्षकहरूको रहेको छ ।

गत चैत १३ गते बसेको मन्त्रीपरिषद्को बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीले कक्षा पाँचसम्म आन्तरिक परीक्षा लिने कार्य पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको थियो । आन्तरिक परीक्षाको सट्टा विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने गरी वैकल्पिक मूल्याङ्कन प्रणालीको विकास गर्ने उक्त कार्यसूचीको बुँदा नम्बर ८९ मा उल्लेख छ ।

सोही अनुसार विद्यार्थीको मूल्याङ्कन सुरु गरिएको विद्यालयहरूको भनाइ छ । झौँछेस्थित बालसेवा माध्यमिक विद्यालयका प्रधानाध्यापक मञ्जु पाठकले विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्न अप्ठ्यारो नभएको तर शिक्षकहरूलाई कार्यबोझ भने बढेको बताउनुभयो । हरेक विद्यार्थीको छुट्टै अभिलेख व्यवस्थापन गर्नुपर्ने भएका कारण यसमा संलग्न शिक्षकलाई बोझ बढेको उहाँको भनाइ छ । तर यसअघि पनि कक्षा १ देखि ३ सम्म निरन्तर मूल्याङ्कन प्रणाली (क्यास) मार्फत विद्यार्थीको मूल्याङ्कन गरिरहेको हुनाले नौलो काम नभएको पाठकले बताउनुभयो । सरकारले शासकीय सुधारसम्बन्धी कार्यसूची सार्वजनिक गरेपछि विद्यार्थीको मूल्याङ्कनलाई सहज बनाउन शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले विकास गरेको कक्षा ४ र ५ का विद्यार्थी मूल्याङ्कनसम्बन्धी मार्गदर्शन, २०८३ जारी गरेको थियो ।

मार्गदर्शनमा विद्यार्थी मूल्याङ्कनका लागि कक्षा सहभागिता, लिखित तथा मौखिक कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यवहार अवलोकन, विद्यार्थी कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, स्व र सहपाठी मूल्याङ्कन तथा अभिभावकको प्रतिक्रियालगायत उपाय सुझाइएको छ ।

त्रिपुरेश्वरस्थित विश्वनिकेतन माध्यमिक विद्यालयका प्रधानाध्यापक हेरम्बराज कडेलले सोही मार्गदर्शन अनुसार शिक्षकलाई तालिम दिएर विद्यार्थीको मूल्याङ्कन गरिएको बताउनुभयो । आन्तरिक मूल्याङ्कन प्रणाली अवलम्बन गरिए पनि हरेक विद्यार्थीको त्रैमासिक रूपमा परीक्षाको नतिजा जसरी नै 'रिपोर्ट कार्ड' बनाएर अभिभावकलाई दिन लागिएको उहाँले बताउनुभयो ।

परीक्षाको जस्तो रिपोर्ट कार्ड नबनाउँदा विद्यार्थीले नपत्याउने र उनीहरूको सिकाइ स्तरमै असर पर्ने हो कि भन्ने चिन्ता बढेको कडेलको भनाइ छ । यसअघिको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा १ देखि ३ सम्म एक प्रकारको र कक्षा ४ र ५ मा एक प्रकारको मूल्याङ्कनको प्रारूप तयार पारेको थियो । कक्षा १ देखि ३ सम्म शतप्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीलाई नै मानिएको थियो भने कक्षा ४ र ५ मा आन्तरिक र बाह्य मूल्याङ्कन ५०/५० प्रतिशतलाई मानिएको थियो । कक्षा ५ सम्मै शतप्रतिशत आन्तरिक मूल्याङ्कन गर्नु परेपछि हरेक विद्यार्थीको छुट्टै अभिलेख फाइल तयार गर्नुपर्ने हुन्छ । थोरै विद्यार्थी भएका कक्षामा यो कार्य सजिलो भए पनि धेरै विद्यार्थी भएको कक्षामा भने कठिन हुने गरेको बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णु घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो जस्तो ठुलो विद्यालयमा एकै कक्षामा ५० जनासम्म विद्यार्थी छन् ।


» बाँकी पृष्ठ २ मा


» अन्तर्राष्ट्रिय

## मृत्युदण्ड रोक्न इरानलाई बत्तिस देशको चेतावनी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

इरानमा प्रदर्शनकारीलाई मृत्युदण्ड दिने क्रम बढेको छ । फ्रान्स, बेलायत र क्यानडासहित ३२ देशले त्यसको कडा निन्दा गर्दै तेहरानलाई मृत्युदण्डको प्रयोग तत्काल रोक्न र कानुनी आधारबिना हिरासतमा राखिएका सबैलाई रिहा गर्न चेतावनी दिएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ ।

युरोपेली सङ्घ (इयु) का विदेश नीति प्रमुख काजा कालाससहित ती देशले बजारी गरेको संयुक्त वक्तव्यमा इरान सरकारले मृत्युदण्डलाई असहमति दबाउने, समुदायमा भय सिर्जना गर्ने तथा मानव अधिकार प्रयोग गर्ने व्यक्तिलाई सजाय दिने माध्यम बनाएको आरोप लगाइएको छ ।


» बाँकी पृष्ठ २ मा


### अग्रलेख

**उदाउँदो लगानी गन्तव्य**



नेपालमा रहेको पर्याप्त सम्भावनालाई उत्पादनशील लगानी, रोजगारी र आर्थिक समृद्धिमा कसरी रूपान्तरण गर्ने भन्ने हो । अर्थशास्त्रीय दृष्टिले लगानी कुनै पनि अर्थतन्त्रको उत्पादन क्षमता विस्तार गर्ने प्रमुख माध्यम हो ।

• डा. शोभाकर पराजुली


» विचार पृष्ठ ४

राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




कोहलपुर संस्करण

विवेचना — बैङ्किङ क्षेत्रका नयाँ आयाम | 'आफ्नै आम्दानीबाट देश बनाउने बजेट' १४

वर्ष १२६ | अङ्क १०० | २०८३ साल साउन २९ गते शुक्रबार | श्रावण शुक्ल द्वितीया | नेपाल संवत् ११४६ गुँलाथ्व २ | 2026 August 14 Friday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# सञ्चार क्षेत्रमा रूपान्तरणकारी वर्ष

- मिडिया काउन्सिल विधेयक र आमसञ्चार विधेयकको तयारी ।
- सञ्चार र दूरसञ्चारलाई परिणाममुखी बनाउन नीतिगत सुधार गर्ने ।
- फाइभजी सेवा विस्तार गर्ने तयारी ।
- दूरसञ्चार प्राधिकरणलाई बलियो र नियमनकारी भूमिकामा प्रभावकारी बनाउने ।
- चलचित्र विधेयक संसद्मा दर्ता गराई समितिमा छलफलमा ।
- हुलाक सेवा अन्तर्गत सरकारी कुरियर सेवा प्रभावकारी र आधुनिक ।
- वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न नियमन ।
- सूचना प्रविधि, साइबर सुरक्षा र एआईसम्बन्धी विधेयकका मसौदा तयार ।




**अशोक अधिकारी**
*काठमाडौँ, साउन २८ गते*

सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार र दूरसञ्चारका सन्दर्भमा चालु आर्थिक वर्ष २०८३/८४ लाई 'रूपान्तरणकारी वर्ष' का रूपमा अगाडि बढाउने मार्गचित्रलाई कार्यान्वयनको दिशा प्रदान गरिरहेको छ । मन्त्रालयले नागरिकको जीवनसँग जोडिएका मुद्दा सम्बोधन गर्नकै लागि शासकीय सुधारका १०० मार्गचित्रको जगमा शासकीय सुधार, संस्थागत सुधार, सार्वजनिक सेवा प्रवाह सुधार, प्रशासनिक सरलीकरण, डिजिटल रूपान्तरणको नवीन अध्याय आरम्भ गरेको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाका अनुसार यस वर्षलाई सफल, सबल, सन्तुलन, जनमुखी, नागरिकप्रति उत्तरदायी र जवाफदेही सेवा प्रवाहको उद्देश्य कार्यान्वयन अगाडि बढाउने गृहकार्य भइरहेको छ। उहाँले आमसञ्चार र दूरसञ्चार क्षेत्रलाई सोही दिशामा अगाडि बढाउने, राष्ट्रिय स्वार्थ र जनस्वार्थबाट निर्देशित हुनका लागि सम्पूर्ण सुधारका कार्य अघि बढाइने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेसम्म भएका प्रारम्भिक कार्यको समीक्षा गर्दै नीति, ऐन, कानुनलाई समयसापेक्ष परिवर्तनका पक्षमा अघि बढाइने छ। समग्रमा सञ्चार र दूरसञ्चारको क्षेत्रका लागि यो वर्षलाई ट्रान्सफर्मेसनल इयर (रूपान्तरणकारी वर्ष) बनाउने गरी कार्यसम्पादन अगाडि बढाइएको छ।"

## सय दिनका सुधार कार्य

सूचना तथा सञ्चार मन्त्रालयले नीति, कानुन, कार्यविधि, मापदण्ड, निर्देशिका तथा आर्थिक, सामाजिक, पूर्वाधार, लगानी, रोजगारी सिर्जना, नवप्रवर्तन तथा विकास व्यवस्थापनका क्षेत्रमा सुधारका काम अगाडि बढाएको छ । सरकारले १०० दिनका लागि निर्धारण गरेको शासकीय सुधारका १०० बुँदे मार्गचित्रका आधारमा सूचना तथा सञ्चार मन्त्रालयले सम्बन्धित कार्यको कार्यान्वयनमा उत्साहजनक प्रगति हासिल गरेको छ। मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी रवीन्द्रप्रसाद पौड्यालका अनुसार नागरिक सेवा प्रवाहलाई सरल, छिटो र प्रविधिमैत्री बनाउन महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्। उहाँले हुलाक सेवामा सुधार गरी घरदैलोमै सेवा दिने, डिजिटल सुशासन र कानुनी सुधार गर्ने, स्मार्ट लाइसेन्सको छपाइमा तीव्रता, नेपाल टेलिकमको सेवा र प्रविधि विस्तार तथा प्रशासनिक सुधार र पारदर्शी बनाउने कार्य अगाडि बढेको बताउनुभयो।

## हुलाक सेवामा सुधार

मन्त्रालयको सुधार कार्ययोजना अनुसार हुलाक सेवा विभागले सञ्चालन गरिरहेको सरकारी कुरियर सेवालाई प्रभावकारी र आधुनिक बनाइएको छ । विभागले साउन २५ गतेसम्म देशभरका विभिन्न जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४४ हजार ६१९ थान राहदानी ढुवानी गरेको छ; जसमा आठ हजार ४५३ थान हुलाकमार्फत घर घरमै पुऱ्याइएको छ।

जिल्लास्थित यातायात कार्यालयमा १० लाख ३८ हजार ८०८ थान सवारीचालक अनुमतिपत्र ढुवानी गरिएकामध्ये एक हजार ९७ थान हुलाकमार्फत घर घरमा पुऱ्याइएको छ। शैक्षिक प्रमाणपत्र २६४, सम्झौता भएका १७ अस्पतालमा एक हजार ४७७ स्वास्थ्य प्रयोगशालाको नमुना ढुवानी, १३० बोरा स्वास्थ्य बिमा बोर्डको सामग्री ढुवानी र ४४ हजार १८४ थान राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका सामग्री ढुवानी गरिएको छ। मन्त्री डा. तिमिल्सिनाले आधुनिक कुरियर र ढुवानी सेवामा हुलाकको प्रवेशले नागरिकलाई सरकारी सेवा प्राप्त गर्न सहज हुने बताउनुभयो।

## विधेयक तर्जुमा र सहज सेवा प्रवाह

सूचना तथा सञ्चार मन्त्रालयले सूचना प्रविधि, साइबर सुरक्षा र आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बुद्धिमता) सम्बन्धी विधेयकका मसौदा तयार गरी अगाडि बढाएको छ । सेवा प्रवाहमा समयको बचत, प्रसारण इजाजत र चलचित्र जाँचपास जस्ता तीनदेखि सात दिन लाग्ने सेवालाई पुनर्संरचना गरी हाल एकदेखि तीन दिनभित्रै उपलब्ध गराउन थालिएको छ।

» बाँकी पृष्ठ २ मा

## 'यसै वर्ष फाइभजी सेवा'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सञ्चार र दूरसञ्चारको क्षेत्रमा नीतिगत सुधार एवं प्रविधिको व्यापक विकास गरी नागरिकले प्रत्यक्ष अनुभूत गर्ने गरी काम अगाडि बढाइएको बताउनुभएको छ । गोरखापत्रसँगको विशेष संवादमा उहाँले प्रमाणमा आधारित र वैज्ञानिक हस्तक्षेपमार्फत मन्त्रालय अन्तर्गतका सञ्चार र दूरसञ्चार क्षेत्रका नवीनतम रूपान्तरणको उद्घोष गर्नुभएको हो।

उहाँले एक वर्षभित्रै सञ्चार र दूरसञ्चारका क्षेत्रमा परिणाममुखी काम हुने बताउँदै नीतिगत अड्चन हटाएर र सरोकारवालासँगको व्यापक विमर्शका आधारमा योजनाबद्ध रूपमा काम अगाडि बढाइने बताउनुभयो । उहाँले मन्त्रालयले राष्ट्रिय स्वार्थ र जनहितलाई केन्द्रमा राखेर काम गर्ने सङ्कल्प गर्नुभयो। उहाँका अनुसार प्रविधिको विस्तार, कानुनी सुधार र सार्वजनिक सेवाको सरलीकरणको लक्ष्य निर्धारण गरिएको छ। उहाँले दूरसञ्चार क्षेत्रमा आमूल परिवर्तन र 'फाइभजी' को तयारीमा सरकार रहेको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा



**डा. विक्रम तिमिल्सिना**
सूचना तथा सञ्चारमन्त्री

> नेपाल टेलिकमको क्षमता अभिवृद्धि गर्ने र फोरजी सेवामा देखिएका समस्या समाधान गर्दै नेपालमा पहिलो पटक फाइभजी सेवाको औपचारिक सुरुवात गर्ने तयारी भइरहेको छ ।

थवाङमा पहिरो
# दस जनाको मृत्यु




*तस्बिर : जिल्ला प्रहरी कार्यालय, रोल्पा*
**पहिरो प्रभावित क्षेत्रमा उद्धार गर्दै सुरक्षाकर्मी र स्थानीयवासी ।**

**लक्ष्मण पौडेल/सलिम मियाँ**
*भैरहवा, साउन २८ गते*

अविरल वर्षासँगै रोल्पाको थवाङ गाउँपालिका–५, कोटलबारामा गएको पहिरोमा परी १० जनाको मृत्यु, तीन जना बेपत्ता र दुई जना घाइते भएका छन्।

बुधबार साँझ लेदोसहितको पहिरो खसेर घर तथा गोठ पुरिँदा ठुलो मानवीय क्षति भएको हो । पहिरोमा परी स्थानीय १८ वर्षीय शान्ति पुनमगर, ६० वर्षीय कमलबहादुर पुनमगर, ८५ वर्षीय हस्तकला रोका मगर, ८० वर्षीय मनखना पुनमगर र ७५ वर्षीय दलबहादुर पुनमगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ।

पहिरोमा परी बेपत्ता भएका पाँच जनाको शव भने प्युठानस्थित माडी र लुङ्ग्री खोलाको किनारमा फेला परेको छ। जिल्ला प्रहरी कार्यालय प्युठानका प्रमुख तथा प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीका अनुसार फेला परेका शव सनाखत हुनेमा रोल्पाको थबाङ गाउँपालिका–५ कोटलबारा निवासी सात वर्षीय अशोक पुनमगर, ३४ वर्षीय महेन्द्र घर्ती, ६६ वर्षीया मनि पुनमगर, ३४ वर्षीय विष्णु पुन भन्ने जुनकुमारी मगर र ८० वर्षीय बलबहादुर पुनमगर रहेका छन् । प्रहरीका अनुसार अशोक पुनमगरको सनाखत उहाँका काका कृष्ण पुनमगरले, महेन्द्र घर्तीमगरको सनाखत भान्जा कृष्ण पुनमगरले, मनी पुनमगरको सनाखत छोरा गोबबहादुर पुन मगर, विष्णु पुनको सनाखत मामा गोबबहादुर पुनमगर र बलबहादुर पुनमगरको सनाखत भतिज गोबबहादुर पुनमगरले गर्नुभएको हो।

बिहीबार बिहान स्वर्गद्वारी नगरपालिका–९, जुडापाटा, स्वर्गद्वारी–३, किमिचौर र स्वर्गद्वारी–४, गोठीबाङस्थित माडी खोलाको किनारमा तीन जनाको शव फेला परेका थिए । त्यसै गरी स्वर्गद्वारी–५, सरोजास्थित लुङ्ग्री खोलाको किनार र माण्डवी गाउँपालिका–५, अर्दुसस्थित माडी खोलाको किनारमा थप एक एक जनाको शव फेला परेको थियो। शव फेला परेपछि इलाका प्रहरी कार्यालय भिङ्ग्री, प्रहरी चौकी लामाचौर, इलाका प्रहरी कार्यालय बिजुवार तथा चकचकेबाट प्रहरी टोली घटनास्थलमा परिचालन गरिएको थियो।

» बाँकी पृष्ठ २ मा

## रास्वपाद्वारा दुःख व्यक्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रोल्पाको थवाङ गाउँपालिका–५, कोतलाबाङमा पहिरोमा परी १० जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गर्दै विपत्को समयमा नागरिकको अभिभावक बन्न सरकारलाई आग्रह गरेको छ । रास्वपाका महामन्त्री विपिन आचार्यले बिहीबार जारी गर्नुभएको विज्ञप्तिमा मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । बेपत्ताको खोजी कार्यलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षणसमेत गराइएको छ।

उद्धारमा खटिएका सुरक्षाकर्मी र स्थानीय नागरिकको प्रयासको प्रशंसा गर्दै रास्वपाले विपत् आएपछि मात्र राज्य संयन्त्र सक्रिय हुने पुरानो कार्यशैली अन्त्य गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ। रास्वपाले विपत् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन, जोखिमयुक्त बस्ती पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न तथा प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत र निःशुल्क उपचारको व्यवस्था मिलाउन सङ्घ, प्रदेश र स्थानीय सरकारलाई आग्रह गरेको छ।

## पूर्वप्रम देउवा स्वदेश फिर्ता



**शेरबहादुर देउवा**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा स्वदेश फर्किनुभएको छ। उहाँ साढे पाँच महिनाभन्दा लामो हङकङ र सिङ्गापुर बसाइपछि बिहीबार स्वदेश फर्किनुभएको हो।

नेता देउवा २०८२ फागुनमा स्वास्थ्योपचारका लागि सिङ्गापुर जानुभएको थियो। त्यसपछि उहाँले हङकङ गएर थप उपचार गराउनुभयो। २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा नेता देउवा र उहाँकी पत्नी एवं पूर्वमन्त्री डा. आरजु राणा देउवा घाइते हुनुभएको थियो।

काठमाडौँ फर्किएपछि अपिल जारी गर्दै उहाँले आफू सत्ता प्राप्तिका लागि नभई राष्ट्रिय एकतालाई सुदृढ गर्न र परिवर्तनलाई सही व्यवस्थापन गर्न सक्रिय रहने बताउनुभएको छ । उहाँले आफू पूर्ण स्वस्थ भएर फर्केको जानकारी दिनुभएको छ। उहाँले पार्टीभित्र मनोबल बढाउन, मेलमिलाप र एकताका पक्षमा उभिने बताउनुभएको छ।

» बाँकी पृष्ठ २ मा

# सुरुमा नौलो, बानी परेपछि सहज




> आन्तरिक परीक्षाको सट्टा विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने गरी वैकल्पिक मूल्याङ्कन प्रणालीको विकास गरिएको छ ।

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, साउन २८ गते*

सरकारले कक्षा पाँचसम्म अध्ययनरत विद्यार्थीलाई आन्तरिक परीक्षा लिन बन्द गरेपछि मूल्याङ्कनका लागि विद्यालयहरूले वैकल्पिक विधि अनुसरण गर्न थालेका छन्।

सुरुमा वैकल्पिक विधिबाट विद्यार्थीको मूल्याङ्कन गर्न असहज महसुस भए पनि अहिले भने बानी परेको यसमा संलग्न शिक्षकहरूले प्रतिक्रिया दिएका छन् तर एकै कक्षामा धेरै विद्यार्थी भएको विद्यालयमा भने झन्झटिलो भएको अनुभव पनि शिक्षकहरूको रहेको छ।

गत चैत १३ गते बसेको मन्त्रीपरिषद्को बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीले कक्षा पाँचसम्म आन्तरिक परीक्षा लिने कार्य पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको थियो । आन्तरिक परीक्षाको सट्टा विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने गरी वैकल्पिक मूल्याङ्कन प्रणालीको विकास गर्ने उक्त कार्यसूचीको बुँदा नम्बर ८९ मा उल्लेख छ।

सोही अनुसार विद्यार्थीको मूल्याङ्कन सुरु गरिएको विद्यालयहरूको भनाइ छ । झौँछेस्थित बालसेवा माध्यमिक विद्यालयका प्रधानाध्यापक मञ्जु पाठकले विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्न अप्ठ्यारो नभएको तर शिक्षकहरूलाई कार्यबोझ भने बढेको बताउनुभयो। हरेक विद्यार्थीको छुट्टै अभिलेख व्यवस्थापन गर्नुपर्ने भएका कारण यसमा संलग्न शिक्षकलाई बोझ बढेको उहाँको भनाइ छ। तर यसअघि पनि कक्षा १ देखि ३ सम्म निरन्तर मूल्याङ्कन प्रणाली (क्यास) मार्फत विद्यार्थीको मूल्याङ्कन गरिरहेको हुनाले नौलो काम नभएको पाठकले बताउनुभयो । सरकारले शासकीय सुधारसम्बन्धी कार्यसूची सार्वजनिक गरेपछि विद्यार्थीको मूल्याङ्कनलाई सहज बनाउन शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले विकास गरेको कक्षा ४ र ५ का विद्यार्थी मूल्याङ्कनसम्बन्धी मार्गदर्शन, २०८३ जारी गरेको थियो।

मार्गदर्शनमा विद्यार्थी मूल्याङ्कनका लागि कक्षा सहभागिता, लिखित तथा मौखिक कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यवहार अवलोकन, विद्यार्थी कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, स्व र सहपाठी मूल्याङ्कन तथा अभिभावकको प्रतिक्रियालगायत उपाय सुझाइएको छ।

त्रिपुरेश्वरस्थित विश्वनिकेतन माध्यमिक विद्यालयका प्रधानाध्यापक हेरम्बराज कडेलले सोही मार्गदर्शन अनुसार शिक्षकलाई तालिम दिएर विद्यार्थीको मूल्याङ्कन गरिएको बताउनुभयो । आन्तरिक मूल्याङ्कन प्रणाली अवलम्बन गरिए पनि हरेक विद्यार्थीको त्रैमासिक रूपमा परीक्षाको नतिजा जसरी नै 'रिपोर्ट कार्ड' बनाएर अभिभावकलाई दिन लागिएको उहाँले बताउनुभयो।

परीक्षाको जस्तो रिपोर्ट कार्ड नबनाउँदा विद्यार्थीले नपत्याउने र उनीहरूको सिकाइ स्तरमै असर पर्ने हो कि भन्ने चिन्ता बढेको कडेलको भनाइ छ। यसअघिको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा १ देखि ३ सम्म एक प्रकारको र कक्षा ४ र ५ मा एक प्रकारको मूल्याङ्कनको प्रारूप तयार पारेको थियो । कक्षा १ देखि ३ सम्म शतप्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीलाई नै मानिएको थियो भने कक्षा ४ र ५ मा आन्तरिक र बाह्य मूल्याङ्कन ५०/५० प्रतिशतलाई मानिएको थियो । कक्षा ५ सम्मै शतप्रतिशत आन्तरिक मूल्याङ्कन गर्नु परेपछि हरेक विद्यार्थीको छुट्टै अभिलेख फाइल तयार गर्नुपर्ने हुन्छ। थोरै विद्यार्थी भएका कक्षामा यो कार्य सजिलो भए पनि धेरै विद्यार्थी भएको कक्षामा भने कठिन हुने गरेको बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णु घिमिरेले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो जस्तो ठुलो विद्यालयमा एकै कक्षामा ५० जनासम्म विद्यार्थी छन्।

» बाँकी पृष्ठ २ मा

अन्तर्राष्ट्रिय

## मृत्युदण्ड रोक्न इरानलाई बत्तिस देशको चेतावनी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २८ गते*

इरानमा प्रदर्शनकारीलाई मृत्युदण्ड दिने क्रम बढेको छ। फ्रान्स, बेलायत र क्यानडासहित ३२ देशले त्यसको कडा निन्दा गर्दै तेहरानलाई मृत्युदण्डको प्रयोग तत्काल रोक्न र कानुनी आधारबिना हिरासतमा राखिएका सबैलाई रिहा गर्न चेतावनी दिएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

युरोपेली सङ्घ (इयु) का विदेश नीति प्रमुख काजा कालाससहित ती देशले बजारी गरेको संयुक्त वक्तव्यमा इरान सरकारले मृत्युदण्डलाई असहमति दबाउने, समुदायमा भय सिर्जना गर्ने तथा मानव अधिकार प्रयोग गर्ने व्यक्तिलाई सजाय दिने माध्यम बनाएको आरोप लगाइएको छ।

» बाँकी पृष्ठ २ मा

अग्रलेख

## उदाउँदो लगानी गन्तव्य



नेपालमा रहेको पर्याप्त सम्भावनालाई उत्पादनशील लगानी, रोजगारी र आर्थिक समृद्धिमा कसरी रूपान्तरण गर्ने भन्ने हो । अर्थशास्त्रीय दृष्टिले लगानी कुनै पनि अर्थतन्त्रको उत्पादन क्षमता विस्तार गर्ने प्रमुख माध्यम हो।

● **डा. शोभाकर पराजुली**

» विचार पृष्ठ ४